नेपाल कम्युनिष्ट पार्टी (मसाल)को मुखपत्र

# मसाल

अंक-६९ / २०६७ आषाढ

प्रकाशक

**नेपाल कम्युनिष्ट पार्टी (मसाल)**

केन्द्रीय कार्यालय





● यसभित्र


१. सम्पादकीय : वर्तमान स्थितिमा पार्टीको दायित्व

२ तात्कालिक राजनीतिक प्रस्ताव ३-१०

३. जेष्ठ १४ गतेपछि देश कता जाँदैछ – मोहनविक्रम सिंह ११-१४

४ संगठनलाई बलियो बनाउनेबारे – बासुदेव १५-१६

५ निम्न पुँजीवादी चिन्तनद्वारा निर्मित समस्याहरु – उमेश १६-१७

६ तात्कालिक राजनीतिमा माओवादी विरुद्धको संघर्षको महत्व – सुबोध १८-१९

७ जनवादी केन्द्रियता बारे – परिवर्तन २०

८ पार्टी, मोर्चा तथा जनवर्गीय संगठनका गतिविधिहरु २१-२४

- ने.क.पा. (मसाल) को राष्ट्रिय भेला सम्पन्न / २१
- श्रमिक महिला दिवस / २१
- संघीयताका विरुद्ध राष्ट्रिय अधिवेशन सम्पन्न / २१
- युवक संघको पाँचौ राष्ट्रिय सम्मेलन / २२
- संघीयताविरुद्धको जनमार्च / २२
- समता समाजको राष्ट्रिय भेला / २४
- नेपाली भाषिमाथि आक्रमण / २४
- शालिक निर्माण समिति / २४

९ संघीयता विरुद्ध घोषणापत्र २५-२८

१०. नेपाल कम्युनिष्ट पार्टी (मसाल)का महामन्त्री का. मोहनविक्रम सिंहद्वारा जारी वक्तव्यहरु २९-३६

■ सम्पादकीय

# वर्तमान स्थितिमा पार्टीको दायित्व

अहिले देश गम्भीर प्रकारको संकटको मुखमा उभिएको छ। २०६२-६३ को आन्दोलनको सफलता, संविधानसभाको चुनाव र गणतन्त्रको स्थापनापछि पनि देशको भविष्य कस्तो हुने हो ? त्यसबारे गम्भीर आशंकाहरू छन्। त्यस सन्दर्भमा संविधानको निर्माण नै हुने हो वा होइन ? दुईवर्षको अवधिमा त संविधान बनेन। अब थपिएको एकवर्षमा पनि संविधान बन्ने हो वा होइन ? त्यसबारे पनि पुन: आशंका देखापर्न थालेका छन्। जेष्ठ १४ गतेको तीन बुँदे सहमतिको २ नं.को बुँदा तुरुन्त लागू गरियो र संविधानसभाको म्याद थपियो। तर बुँदा नं. १ र ३ बारे विवाद प्रारम्भ भएको छ। त्यो विवादका कारणले नै पुन: अर्को एक सालमा पनि संविधान नबन्ने कुरामा आशंका उत्पन्न भएको छ। त्यो अवस्थामा पुन: गत दुईवर्षको इतिहास दोहरिन नदिन संविधानसभा र गणतन्त्र पक्षधर शक्तिहरूले संविधानसभा भित्र र बाहिर पनि लगातार संघर्ष चलाई रहनुपर्दछ।

संघीयता आज देशको गम्भीर समस्या भएको छ। त्यससित जोडिएका जातीय राज्य, आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेश वा बहुराष्ट्रिय राज्यहरूका कारणले देशको जातीय र राष्ट्रिय एकतामा गम्भीर आँच पुग्ने राष्ट्रिय विखण्डन समेत हुने खतरा छ। त्यसको परिणाम स्वरूप अहिले संघीय व्यवस्था लागू हुनुभन्दा पहिले नै देशका विभिन्न भागहरूमा जातीय विग्रहको अवस्था देखापर्न थालेको छ। कतिपय क्षेत्रहरूले आफूलाई स्वतन्त्र घोषित गर्न पहल समेत गर्न थालेका छन्। अहिले नै त्यो अवस्था छ भने देशमा संघीयता लागू नै भयो भने त्यसले देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा कति गम्भीर आँच पुराउने छ ? त्यसको अनुमान पनि गर्न मुश्किल पर्दैन।

त्यसरी आज हाम्रा अगाडि मुख्यत: दुईवटा दायित्व देखापरेका छन् : प्रथम, संविधानको निर्माणमा जोड दिने। द्वितीय, संघीयताको विरोध गर्ने। हामीले एकै साथ उक्त दुवै दायित्व पूरा गर्न प्रयत्न गर्नुपर्ने आवश्यकता छ। यदि संविधान बन्दैन भने २०६२-६३ को आन्दोलनका उपलब्धिहरूको रक्षा वा गणतन्त्रलाई संस्थागत गर्ने कार्यमा समेत बाधा पुग्ने खतरा छ। देश संघीयतामा गयो भने त्यसबाट देशको राष्ट्रियतामा गम्भीर आँच पुग्ने खतरा छ। त्यो अवस्थामा संविधानको निर्माण तथा संघीयताका विरूद्धको संघर्षमा जोड दिनु कति धेरै आवश्यक छ ? प्रष्ट छ। तर उक्त दुवै कार्यहरू सरल छैनन्। माओवादीहरूको नेतृत्वमा सरकारको प्रश्नले संविधानको निर्माणको कार्यलाई अत्यन्त कठिन बनाइदिएको छ। उनीहरूले आफ्नो नेतृत्वमा सरकारको प्रश्नलाई केन्द्रमा राखेर आफ्ना सबै गतिविधिहरूलाई सञ्चालन गरिरहेका छन्। आफ्नो नेतृत्वमा सरकार नबन्दासम्म उनीहरू संविधानको निर्माण वा गणतन्त्रलाई संस्थागत गर्ने कार्यमा कुठाराघात गर्न समेत तत्पर देखिन्छन्। उनीहरूको त्यो नीति र कार्यप्रणाली माथि विचार गर्दा उनीहरूको नेतृत्वमा सरकार बन्यो भने देशमा कुन प्रकारको स्थिति कायम हुनेछ ? अनुमान गर्न मुस्किल पर्दैन। माओवादीहरूको नेतृत्वमा सरकारको निर्माणको प्रश्नले संविधानको निर्माणको कार्यमा पुराएको बाधालाई नहटाइकन संविधानको निर्माण सम्भव देखिन्न। तर त्यो बाधालाई हटाउनु पनि सजिलो छैन। त्यसरी माओवादीहरूको नीतिले संविधानको निर्माण तथा गणतन्त्रको भविष्यका अगाडि समेत गम्भीर खतराको अवस्था पैदा गरिदिएको छ।

माओवादीहरूको भूमिकाले संघीयताबाट सम्भावित खतरालाई पनि अत्यन्त गम्भीर बनाइदिएको छ। उनीहरूका संघीयताका साथ जातीय राज्य, आत्मनिर्णयको अधिकार, पृथक बन्ने अधिकार वा बहुराष्ट्रिय राज्यका अवधारणाहरूका साथै संघीयता बारे उनीहरूले अपनाएको सामाजिक फासिवादी प्रकारको नीतिका कारणले त्यसको (संघीयताको) परिणाम स्वरूप देशमा जातीय फासिवादी शासन कायम हुने गम्भीर खतरा देखापरेको छ।

त्यसरी माओवादीहरूका कारण दुईवटा गम्भीर खतराहरू देशका अगाडि देखापरेका छन् : प्रथम, संविधान नबन्ने र गणतन्त्रको उपलब्धि समाप्त हुने। द्वितीय, देशमा जातीय फासिवादी शासन कायम हुने। माओवादीहरूका त्यस प्रकारका गलत नीति र कार्यविधिबाट देशमा अत्यन्त गम्भीर दुष्परिणामहरू हुने सम्भावना छन्। जति-जति समय बित्दै जानेछ। उनीहरूका त्यस प्रकारका गलत नीतिहरूका दुष्परिणामहरू देश र जनताका अगाडि आउँदै जानेछन्। उनीहरूका नीतिहरूबाट सम्भावित त्यस प्रकारका खतराहरू, खास गरेर संविधानको निर्माणमा बाधा पुग्ने तथा जातीय फासिवादी शासन कायम हुने खतराहरूबारे हाम्रो गम्भीर ध्यान जानुपर्ने आवश्यकता छ।

देशका अन्य राजनीतिक शक्तिहरूसित पनि हाम्रा मतभेदहरू छन्। बेग्ला-बेग्लै प्रश्नहरूमा हाम्रा गम्भीर प्रकारका मतभेदहरू छन् र ती मध्ये कैयौं दीर्घकालीन प्रकृतिका छन्। तिनीहरूबारे लामो संघर्षको आवश्यकता पर्नेछ। तर जहाँसम्म संविधान निर्माण र संघीयताको प्रश्न छ, तिनीहरूबारे माओवादीका नीतिहरूका कारणले नै देशलाई सबैभन्दा बढी क्षति पुग्ने खतरा छ। त्यस सन्दर्भमा राजावादीहरूबाट सम्भावित प्रतिगमनको खतरा वा मधेशवादी दलहरूबाट सम्भावित देशको अखण्डतामा आँच पुग्ने खतराप्रति पनि ध्यान हटाउनु सही हुने छैन। तर वर्तमान राजनीतिक परिस्थितिमा संविधानसभाभित्र वा बाहिर माओवादीहरूको शक्ति माथि ध्यान दिंदा उनीहरू नै देशलाई सबैभन्दा बढी नोक्सान पुऱ्याउने अवस्थामा छन्। त्यसैले संविधानको निर्माणको कार्यमा उनीहरूबाट सम्भावित बाधा र उनीहरूका नीतिहरूका कारणले देशमा सम्भावित जातीय अधिनायकवादी शासनको खतराका सन्दर्भमा उनीहरूका विरूद्धको संघर्षले नै सबैभन्दा बढी महत्व राख्दछ।

# तात्कालिक राजनीतिक प्रस्ताव

(२०६७ बैशाखमा सम्पन्न नेपाल कम्युनिष्ट पार्टी (मसाल) को राष्ट्रिय भेलाद्वारा पारित)

१. यो तात्कालिक राजनीतिक प्रस्तावका सन्दर्भमा हामीले सर्वप्रथम एउटा कुरा स्पष्ट गर्न चाहन्छौं । । आज देशको राजनीतिक अवस्था अत्यन्त तरल छ । प्रत्येक दिन देशको राजनीतिले कुन दिशा र मोड लिने हो ? भन्न सकिन्न । देशको राजनीतिमा हुने नयाँ राजनीतिक परिवर्तन अनुसार यो भेलामा प्रस्तुत वा पारित राजनीतिक प्रस्ताव पुरानो बन्ने र देशको राजनीतिक परिस्थितिलाई पुन: नयाँ प्रकारले विश्लेषण गर्नुपर्ने र नीति निर्धारित गर्नुपर्ने आवश्यकतालाई अस्वीकार गर्न सकिन्न । खास गरेर २०६७ जेष्ठ १४ भित्र संविधानको निर्माण हुन सक्नेछ वा छैन ? माओवादीहरूको आफ्नो नेतृत्वमा सरकारको माग वा जेष्ठ १४ गतेसम्म संविधान नबनेमा कुन प्रकारको परिस्थिति उत्पन्न हुनेछ ? यी प्रश्नहरूले विद्यमान राजनीतिक परिस्थितिलाई अत्यन्त अनिश्चित र अन्यौलपूर्ण बनाएका छन् । तैपनि, हामीले अहिलेको राजनीतिक परिस्थिति र घटनाक्रमसित सम्बन्धित विभिन्न पक्षहरूलाई बढी भन्दा बढी ध्यानमा राखेर अहिलेको देशको राजनीतिक परिस्थितिको मूल्याङ्कन गर्न र आगामी नीति तथा कार्यदिशा निश्चित गर्ने प्रयत्न गर्नुपर्दछ ।

-क-

२. आज देश अत्यन्त गम्भीर प्रकारको स्थितिमा उभिएको छ । देशका अगाडि जुन राष्ट्रिय समस्याहरू छन्, तिनीहरूलाई सही प्रकारले समाधान नगरिएमा, एकातिर, देशमा कायम भएको गणतन्त्र समाप्त हुने, एक वा अर्को प्रकारको निरङ्कुश वा तानाशाही व्यवस्था कायम हुने र, अर्कातिर, देशको राष्ट्रियता, सार्वभौमिकता, अखण्डतामा आँच पुग्ने, राष्ट्रिय विखण्डनको अवस्थाको सिर्जना हुने र देशको अस्तित्व समेत समाप्त हुने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न । त्यस प्रकारको स्थिति उत्पन्न हुन नदिन आज सबै गणतन्त्र पक्षधर र देशभक्त नेपालीको कर्त्तव्य हुन गएको छ ।

३. तोकिएको समयमा संविधान बन्छ वा बन्दैन ? तोकिएको समयमा संविधान नबनेमा देशमा कुन प्रकारको राजनीतिक स्थितिको सृजना हुनेछ ? यी आजका सर्वाधिक महत्वपूर्ण प्रश्नहरू भएका छन् । हामीले लगातार तोकिएको समयभित्र संविधानको निर्माणमा जोड दिंदै आएका छौं । तर अब तोकिएको अवधि भित्र संविधानको निर्माण हुने कुरामा गम्भीर प्रकारको आशंका उत्पन्न भएको छ । यदि तोकिएको समयमा संविधानको निर्माण हुन सक्दैन भने त्यो सम्बन्धित राजनीतिक शक्तिहरूको गलत नीति र कार्य प्रणालीको कारणले त्यस्तो हुन गएको छ वा हुन जानेछ । तर त्यसका लागि अमूर्त रूपले सबै राजनीतिक शक्तिहरूलाई समान रूपले दोषि नठहराएर मुख्य रूपमा कुन पक्ष कति जिम्मेवार छ ? त्यसबारे पनि स्पष्ट धारणा अगाडि ल्याउनुपर्ने आवश्यकता छ । अहिले संविधानको निर्माणका लागि अवधि बढाउने कुरा पनि उठिरहेको छ । तर त्यो समस्याको सही समाधान होइन । अहिले जुन प्रकारको स्थितिका कारणले संविधानको निर्माण हुन सकिरहेको छैन वा अनिश्चयताको स्थिति उत्पन्न भएको छ, त्यो समस्या कायम रहँदासम्म संविधानको निर्माणको अवधि बढाएर पनि त्यो अवधिमा संविधानको निर्माणबारे अन्यौल र अनिश्चियताको स्थितिको पुनरावृत्तिको सम्भावना रहने छ । अहिलेको स्थिति कायम रहेमा जतिपल्ट अवधि बढाउँदै गएपनि संविधानको निर्माणको ग्यारेन्टी हुनेछैन ।

४. अहिले, एकातिर, संविधानको निर्माणका लागि अवधि बढाउने कुरा उठिरहेको छ भने, अर्कातिर, त्यसरी अवधि बढाउने प्रश्नमा पनि कैयौं जटिलताहरू देखापरेका छन् । माओवादीहरूले, एकातिर, संविधानको निर्माणका लागि अवधि बढाउने कुरा अगाडि ल्याएका छन् भने, अर्कातिर, त्यसका लागि वर्तमान सरकारको विघटन र आफ्नो नेतृत्वमा सरकारको निर्माणलाई शर्तका रूपमा प्रस्तुत गरेका छन् । त्यसरी उनीहरूले, एकातिर, आफ्नो नेतृत्वमा सरकार नबनेसम्म संविधान बन्न नदिने, अर्कातिर, आफ्नो नेतृत्वमा सरकार नबन्दासम्म संविधान बनाउने अवधि पनि थप्न नदिने - उनीहरूको त्यस प्रकारको नीतिले देशमा गत्यावरोध, मुठभेड वा गम्भीर प्रकारको संवैधानिक संकटको अवस्थालाई पैदा गर्नेछ । त्यस प्रकारको स्थितिको राजनीतिक स्वरूप कस्तो हुनेछ ? त्यसका परिणामहरू के हुनेछन् ? अहिले नै भविष्यवाणी गर्नु सम्भव छैन । तर जुन प्रकारको स्थिति उत्पन्न भएपनि अगाडि आएको स्थितिको मूल्याङ्कन गरेर आवश्यक नीति निर्धारण गर्दै जानु पर्नेछ ।

५. संविधानको निर्माणको सन्दर्भमा देखापरेका बाधा र समस्याहरूबारे पनि गम्भीरतापूर्वक विचार गर्नुपर्ने आवश्यकता छ । त्यस सन्दर्भमा विशेष रूपले माओवादी, मधेशवादी र राजावादी शक्तिहरूका नीति र भूमिका बारे विशेष रूपले विचार गर्नुपर्ने आवश्यकता छ । त्यस सन्दर्भमा संविधानको निर्माण तथा उनीहरूले पुऱ्याउन सक्ने बाधा र समयमा संविधान नबन्दा पैदा हुने परिस्थितिलाई उनीहरूले गलत प्रकारले उपयोग गर्ने सम्भावनातिर विचार गर्नुपर्ने आवश्यकता छ । त्यस सन्दर्भमा जातिवादी सङ्गठनहरूका गतिविधिहरूबाट सम्भावित नकारात्मक परिणामहरूप्रति पनि हाम्रो ध्यान जानुपर्दछ ।

६. अहिले माओवादी सरकारमा नभएपनि संविधानसभा भित्र र बाहिर पनि उनीहरूको स्थिति र उनीहरूसित भएको सैन्यशक्ति समेत माथि विचार गर्दा त्यो ( माओवादी) संविधानको निर्माणको कार्यलाई सबैभन्दा बढी प्रभावित गर्न सक्ने अवस्थामा छ । त्यसैले संविधान निर्माणको सन्दर्भमा माओवादीहरूको भूमिका, मुख्यत: त्यो कार्यमा एक वा अर्को प्रकारले उनीहरूले बाधा पुराउने क्षमताबारे गम्भीरतापूर्वक विचार गर्नुपर्ने आवश्यकता छ । माओवादीहरूले उनीहरूको नेतृत्वमा सरकार नबनेसम्म संविधानको निर्माण हुन नदिने घोषणा गरेका छन् । उनीहरूको

अहिलेसम्मको इतिहास, कार्यपद्धति तथा उनीहरूले बाहिर ल्याएका अभिव्यक्तिहरूमाथि विचार गर्दा उनीहरूले यो योजना अन्तर्गत काम गरिरहेको देखिन्छ : प्रथम, जेष्ठ १४ गतेभन्दा पहिले आफ्नो नेतृत्वमा सरकार बन्न सकेमा संविधानसभाद्वारा संविधान निर्माण गर्न म्याद थप्ने र त्यसपछि अनिश्चित समयसम्म आफ्नो शासनको अवधि लम्बाउने प्रयत्न गर्ने । द्वितीय, देशमा अधिनायकवादी प्रकारको शासन कायम गर्ने प्रयत्न गर्ने । साररूपमा के भन्न सकिन्छ भने उनीहरूले अहिले जुन प्रकारको कार्यपद्धति अपनाएका छन्, त्यसमा सुधार नभएमा उनीहरूको नेतृत्वमा सरकार बनेमा त्यसले अधिनायकवादी स्वरूप लिने नै बढी सम्भावना छ । त्यस प्रकारका नीति वा कारवाहीहरू देश, जनता वा गणतन्त्रको पक्षमा नहुने कुरा स्पष्ट छ ।

७. माओवादीहरूले अत्यन्त खतरनाक रणनीतिक योजना अन्तर्गत काम गरिरहेका छन् र उनीहरूको योजना सफल भएमा त्यसका कैयौं गम्भीर दुष्परिणामहरू हुनेछन् । उनीहरूको त्यो योजना पूरा गर्न नै संविधानसभाद्वारा संविधान बनाउने म्याद थप्ने कार्य पनि आफ्नै नेतृत्वमा हुनुपर्ने कुरामा जोड दिइरहेका छन् । त्यसको अर्थ यो निस्कन्छ : उनीहरूको जोडबल पुगेसम्म उनीहरूको नेतृत्वमा सरकार नबनेमा संविधानको निर्माण वा त्यसका लागि अवधि बढाउने - उनीहरूले दुवैतिर ढोका थुनेर बस्नेछन् । त्यसरी उनीहरूले संविधानको निर्माण, गणतन्त्र र देशको भविष्यलाई पनि यो कुराको अधिन राखेको देखिन्छ : उनीहरूको नेतृत्वमा सरकार बन्दछ वा बन्दैन ? त्यस प्रकारको गलत नीति वा त्यसबाट सम्भावित दुष्परिणामहरू हुन नदिन सर्वप्रथम उनीहरूका त्यस प्रकारका गलत नीतिमा सुधार गर्न उनीहरू माथि दवाव दिनुपर्दछ, अन्यथा त्यस प्रकारका गलत नीतिहरूको दृढतापूर्वक विरोध गर्नुपर्दछ ।

८. अन्य कुनै राजनीतिक शक्तिलाई झैं माओवादीलाई पनि आफ्नो नेतृत्वमा सरकारको निर्माणको माग गर्ने संवैधानिक अधिकार छ । तर त्यसका लागि पनि संवैधानिक तरिका अपनाइनु पर्दछ । अहिले देशमा कायम भएको राजनीतिक व्यवस्था वा अन्तरिम संविधान माओवादीहरू समेतको सहमतिमा बनेका हुन् । संविधानमा गरिएको व्यवस्था अनुसार पारस्पारिक सहमति वा बहुमतिय प्रणालीका आधारमा नै कुनै राजनीतिक दलको नेतृत्वमा सरकारको निर्माण हुन सक्दछ । त्यसरी बहुमतका आधामा उनीहरूले पहिले आफ्नो सरकारको गठन गरेका थिए । तर अहिले उनीहरूले त्यसरी सरकार बनाउने सम्भावना नरहेपछि सडकबाट वा आन्दोलनको बलमा जोरजर्वजस्तीपूर्वक आफ्नो नेतृत्वमा सरकारको गठनको माग गरिरहेका छन् । यस सन्दर्भमा उनीहरूले बहुमतीय प्रणाली गलत भएको र सहमतीय प्रणाली अपनाउनुपर्ने कुरामा जोड दिन थालेका छन् । उनीहरूले बहुमतीय प्रणालीलाई गलत मानेको भए बहुमतद्वारा प्रधानमन्त्री निर्वाचित हुँदा प्रचण्डले प्रधानमन्त्री स्वीकार गर्न हुँदैनथ्यो । अहिले बहुमत प्राप्त नहुँने देखर नै उनीहरूले सहमतिको कुरा गर्न थालेका छन् । उनीहरूका लागि सहमतिको पनि एउटै अर्थ हुन्छ : उनीहरूको नेतृत्वमा सरकार । अन्य कुनै रूप वा अर्थमा उनीहरू सहमतिको नीतिलाई स्वीकार गर्न तयार छैनन् । त्यसरी अहिले उनीहरूले सहमतिको नीतिमा जुन जोड दिइरहेका छन्, त्यसमा इमान्दारिता देखिन्न र त्यसका मूलमा आफ्नो नेतृत्वमा सरकार बाहेक अन्य कुनै कुरालाई मञ्जुर नगर्ने सामाजिक फासिवादी प्रकारको दृष्टिकोले काम गरेको कुरा प्रष्ट छ । त्यसरी उनीहरू आफ्नो नेतृत्वमा सरकारको गठन गर्न सफल हुने छन् वा छैनन् ? त्यो भविष्यमा थाहाहुने कुरा हो । तर त्यसरी उनीहरू सरकारमा जान सफल हुन्छन् भने त्यो वास्तवमा संविधानसभा वा व्यवस्थापिका संसदको अधिकार र कार्यक्षेत्रको पनि अतिक्रमण हुनेछ ।

९. माओवादीहरूले तोकिएको समय भित्र संविधान नबनेमा सडकबाट संविधान बनाउने वा 'जनविद्रोह'द्वारा सत्ता कब्जा गर्ने तथा स्थानीय स्तरमा पनि समानान्तर सत्ता कायम गर्ने कुरा गर्दैछन् । दश वर्षको कथित जनयुद्धद्वारा उनीहरू आफ्नो सरकारको स्थापना गर्न सफल भएका थिएनन् । अहिले पुन: 'जनविद्रोह'द्वारा सत्ता कब्जा गर्ने उनीहरूको अभिव्यक्तिका पछाडि उनीहरूको अराजकतावादी वा उग्र"वामपन्थी" चिन्तनलाई नै बताउँछ । उनीहरूसित बन्दुक भएकाले त्यसका आधारमा सत्ता कब्जा गर्ने परिकल्पना गरेर पनि संविधानको निर्माणमा बाधा पुऱ्याउने काम गरिरहेका त छैनन् ? उनीहरूका अभिव्यक्तिहरूबाट त्यो कुराको पनि आभाष मिल्दछ । तर उनीहरूले त्यसरी सोचेको भएपनि त्यो अपरिपक्व र अदूरदर्शितापूर्ण सोचाई हो । देशमा त्यसरी सत्ता कब्जा गर्ने परिस्थिति विद्यमान भएको भए उनीहरू बहुदलीय व्यवस्था वा शान्तिपूर्ण आन्दोलनका पक्षमा आउने थिएनन् वा आउनुपर्ने आवश्यकता थिएन । उनीहरूका त्यस प्रकारका अराजकतावादी वा अदूरदर्शितापूर्ण नीतिबाट संविधानको निर्माण र गणतन्त्रमा नै सर्वप्रथम र सबैभन्दा बढी घातक प्रभाव पर्ने सम्भावना हुनेछ र त्यसबाट प्रतिगमनलाई नै मद्दत पुग्नेछ ।

१०. मधेशवादी दलहरूले आत्मनिर्णयको अधिकार सहित एक मधेश-एक प्रदेशमा मात्र जोड दिइरहेका छैनन्, त्यसका साथै उनीहरूले आफ्नो माग अनुसार संविधान नबने संविधानसभाको नै बहिष्कार गर्ने र एक नेपाल पनि रहन नदिने घोषणा गरेका छन् । उनीहरूको त्यस प्रकारको नीति वा भूमिकाका कारणले देशमा संविधानको निर्माणमा वा देशको अखण्डतामा नै गम्भीर खतरा पुग्ने छ । त्यसरी एक मधेश-एक प्रदेश बनेपछि आत्मनिर्णयको अधिकारको प्रयोग गर्दै उनीहरूले देशलाई विखण्डनको अवस्थामा पुऱ्याउने तथा नबनेपनि एक नेपाल रहन नदिने - दुवै प्रकारको खतरा हाम्रा अगाडि छन् । त्यो खतरालाई हल्का रूपमा लिनु गम्भीर गल्ति हुनेछ । त्यसकारण मधेशवादी दलहरूद्वारा उपस्थित त्यस प्रकारको खतराको सामना गर्न सबै देशभक्त शक्तिहरू र आम जनताका बीचमा पनि ऐक्यवद्धताको आवश्यकता छ र त्यस प्रकारको ऐक्यवद्धताद्वारा नै उनीहरूबाट प्रस्तुत खतराबाट देशको अखण्डताको रक्षा गर्नु सम्भव हुनेछ । तर देशका प्रमुख राजनीतिक शक्तिहरूले आफ्नो राजनीतिक अपरिपक्वता, अदूरदर्शिता वा सम्झौतापरस्त नीति वा देश र जनताका

हितहरूभन्दा आफ्ना संकीर्ण स्वार्थहरू माथि बढी ध्यान दिने प्रवृत्तिहरूका कारणले मधेशवादी दलहरूका तर्फबाट सम्भावित खतराको गम्भीरतालाई ठीकसित बुझ्न सकिरहेका छैनन् । मधेशवादी दलहरूबाट सम्भावित खतरालाई ठीकसित बुझ्न वा सामना गर्न नसके त्यसबाट देशलाई गम्भीर क्षति पुग्ने छ ।

११. मधेशवादी दलहरूका तर्फबाट सम्भावित खतराको चर्चा गर्ने बेलामा त्यससित सम्बन्धित अन्य दुईवटा पक्षहरूप्रति पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ : प्रथम, मधेशका जनता र मधेशवादी दलहरूका बीचको अन्तरलाई ठीकसित बुझ्नुपर्दछ । थारू वा अन्य कैयौं जनसमूदायहरू मध्ये मधेशी पनि तराईको एउटा महत्वपूर्ण जनसमुदाय हो । उनीहरू शताब्दियौं देखि सामन्ती शोषण, उत्पीडन वा भेदभावको शिकार हुँदै आएका छन् । त्यसकारण उनीहरू माथि भइरहेका त्यस प्रकारका शोषण, उत्पीडन वा भेदभावका विरूद्धको उनीहरूको सङ्घर्ष न्यायपूर्ण हो र त्यसलाई दृढतापूर्वक समर्थन गर्नुपर्दछ । त्यसको विपरीत, जुन राजनीतिक सङ्गठन, समूह वा गुटहरूले मधेशका नाममा देशमा क्षेत्रीय द्वेष फैलाउने, तराईमा वसोवास गर्ने जनताका बीचमा वैमनस्यता पैदा गर्ने, आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेशको नारा दिएर पृथकतावादी सोचाईहरू अगाडि ल्याएर देशको अखण्डतामा आँच पुराउन खोज्दैछन्, उनीहरूलाई नै हामीले मधेशवादी दलहरू बताएका छौं । हाम्रो नीति मधेशी जनतासित दृढ ऐक्यवद्धता कायम गर्ने र उनीहरूको न्यायपूर्ण आन्दोलनको समर्थन गर्ने, तर मधेशवादी दलहरूका विरूद्ध सम्झौताहीन सङ्घर्ष गर्ने हुनेछ । तराई वा मधेशमा ठूलो सङ्ख्यामा शोषित, उत्पीडित जनता बस्दछन् । सबै प्रकारका सामन्ती शोषण, उत्पीडन वा भेदभावहरूका विरूद्ध उनीहरूको वर्गसङ्घर्षलाई अगाडि बढाएर वा वर्गीय आधारमा व्यापक एकता कायम गरेर पनि हामीले मधेशवादी दलहरूबाट सम्भावित खतराबाट देशको राष्ट्रियताको रक्षा गर्ने प्रयत्न गर्नुपर्दछ ।

१२. राजावादीहरूले राजतन्त्रको पुनर्स्थापनाका लागि प्रयत्न गरिरहेका छन् । उनीहरूले यो योजना अन्तर्गत काम गरिरहेका छन् कि तोकिएको समयमा संविधान नबनेमा राजतन्त्रको पुनर्स्थापनाका लागि परिस्थितिको सिर्जना हुनेछ । त्यसका लागि उनीहरूले ०४७ सालको संविधानलाई ब्यूताउने पनि कुरा गर्न थालेका छन् । अहिले गणतन्त्रका पक्षमा भएका कतिपय राजनीतिक शक्तिहरू मुख्यत: ने.का., एमाले. वा माओवादीका पहिलेका राजावादी वा राजापरस्त प्रवृत्तिहरू, ती सङ्गठनहरूभित्र अहिले पनि छद्‌म वा प्रकट रूपमा काम गरिरहेका राजावादी तत्वहरू, उनीहरूले अपनाइरहेका गलत नीति र कार्यहरूले गर्दा जनतामा गणतन्त्रप्रति नै देखापर्ने असन्तोष आदिबाट राजावादीहरूलाई मद्दत पुग्ने सम्भावनालाई अस्वीकार गर्न सकिन्न । त्यो अवस्थामा, एकातिर, राजतन्त्रको पुनर्स्थापनाका लागि गरिने प्रयत्नको दृढतापूर्वक र सम्झौताहीन प्रकारले विरोध गर्दै जाने र, अर्कातिर, विभिन्न राजनीतिक शक्तिहरूका राजावादीहरूलाई मद्दत पुऱ्याउने प्रकारका नीति र गतिविधिहरूको पनि भण्डाफोर गर्दै जाने हाम्रो नीति हुनुपर्दछ ।

१३. जातिवादी सङ्गठनहरूको गतिविधि पनि आज देशका लागि गम्भीर समस्या बनेको छ र त्यसबाट देशको राष्ट्रियता, अखण्डता वा जातीय र राष्ट्रिय एकतामा गम्भीर आँच पुग्ने सम्भावना छ । उनीहरूका गतिविधिले साम्प्रदायिक र पृथकतावादी रूप पनि लिंदै गइरहेको छ । उनीहरूले आत्मनिर्णयको अधिकार सहित जातीय राज्यमा जोड दिइरहेका छन् । साम्राज्यवादी शक्तिहरूका स्वार्थहरू पूरा गर्ने काम गर्ने एन.जी.ओ., आई.एन.जी.ओ आदिले पनि देशमा जातीय वा साम्प्रदायिक विग्रहको स्थिति पैदा गर्न ठूलो धनराशी खर्च गरिरहेका छन् । त्यसरी उनीहरूले संसारका कैयौं देशहरूमा जातीय विग्रह वा राष्ट्रिय विखण्डनको स्थिति उत्पन्न गर्दै आएका छन् र त्यही नीति नेपालमा पनि अपनाइरहेका छन् । साम्राज्यवादीहरूको त्यस प्रकारको नीतिलाई नेपालका राजनीतिक शक्तिहरू मध्ये माओवादीहरूले सबैभन्दा बढी बल पुऱ्याइरहेका छन् । अब उनीहरूले (माओवादीहरूले) नेपाल बहुराष्ट्रिय राज्य हो भन्ने कुरामा पनि जोड दिन थालेका छन् । संविधानसभाका कतिपय विषयगत समितिद्वारा तयार पारिएको प्रतिवेदनमा पनि त्यो मान्यतालाई स्वीकार गरिएको छ । स्पष्ट छ कि त्यस प्रकारको अवधारणा मुख्य रूपले माओवादीले ल्याएको भएपनि अन्य कतिपय पक्षहरूलाई पनि त्यो अवधारणाका पक्षमा ल्याउन उनीहरू सफल भएका छन् र त्यसले गर्दाखेरी नै संविधानसभाको विषयगत समितिमा त्यो प्रस्तावलाई बुहमत प्राप्त भएको थियो । त्यो स्पष्ट रूपले एउटा राष्ट्रका रूपमा नेपाललाई विघटनको अवस्थामा पुऱ्याउने रणनीति हो । पहिले नेपाल बहुराष्ट्रिय देश भएको मान्यतालाई स्थापित गर्ने, त्यसपछि आत्मनिर्णयको अधिकारको सिद्धान्तका आधारमा बेग्लाबेग्लै राष्ट्रहरूलाई स्वतन्त्र बन्नका लागि आधार तयार पार्ने र अन्तमा नेपालको अस्तित्वलाई नै समाप्त गर्ने - माओवादीहरूको त्यस प्रकारको अभिप्राय नभएपनि उनीहरूले अपनाइरहेका नीतिहरूको परिणाम त्यही हुनेछ । माओवादीहरूको त्यो नीतिबाट जातिवादी सङ्गठनहरूलाई धेरै नै बल पुगिरहेको छ ।

१४. यहाँ यो उल्लेखनीय छ कि जातिवादी राजनीति वा जातीय राज्यबाट स्वयं विभिन्न जनजातिहरूलाई पनि मद्दत पुग्ने छैन । नेपाल विभिन्न जात, जाति वा जनजातिहरूको मिश्रित वसोवास भएको देश हो । त्यो अवस्थामा कुनै प्रदेशमा कुनै जाति विशेषको राज्य कायम भएपनि त्यो जातिका मानिसहरू देशभरी फैलिएका हुन्छन् र जातीय अग्राधिकारका कारणले उनीहरू अन्य राज्यहरूमा राजनीतिक अधिकारबाट बञ्चित हुनेछन् । अहिले केही जाति वा जनजातिहरूका राज्यहरू बनेपनि त्यसभन्दा कैयौं गुणा बढी जाति, जनजाति पुन: अन्य जातिहरूका राज्यहरू मातहतमा बस्नु पर्नेछ र अग्राधिकारका कारणले उनीहरू कैयौं राजनीतिक अधिकारबाट बञ्चित हुनुपर्नेछ । त्यसरी जातीय सङ्घीयता अन्तत: देशका विभिन्न भागहरूमा फैलिएका अधिकतर जात/जाति/जनजाति वा बहुसंख्यक शोषित, उत्पीडित जनताका हितका विरूद्ध नै हुनेछ । जातीय राज्य वा अग्राधिकारका कारणले देशमा जातीय तानाशाही,

अल्पसङ्ख्यकको बहुसङ्ख्यक जनतामाथिको तानाशाही वा व्यापक रूपले जातीय तनाव र असहज स्थिति उत्पन्न हुने सम्भावना छ । त्यसकारण देश, जनता वा स्वयं जनजातिहरूका हितमा पनि जातिवादी राजनीति वा जातीय राज्यहरूको विरोध आवश्यक छ ।

-**ख**-

१५. हाम्रो यो स्पष्ट मत रहेको छ कि अहिलेको शान्ति प्रक्रिया र संविधानको निर्माण समेतका समस्याहरूको समाधानका लागि सामान्यत: संविधानसभा र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरू, मुख्यत: माओवादी, एमाले र ने.का.का बीचमा सहमति र सहकार्य अनिवार्य छ । तर माओवादीहरूले त्यस प्रकारको सहमतिका लागि उनीहरूको नेतृत्वको सरकारलाई अनिवार्य शर्तका रूपमा प्रस्तुत गरेका छन् । उनीहरूको त्यस प्रकारको शर्त सहमतिका लागि मुख्य बाधक बनेको छ । कसको नेतृत्वमा सरकार बन्नु पर्दछ ? त्यो सम्बन्धित पक्षहरूका बीचको सहमति वा सहमति बन्न नसकेमा संविधानसभा वा व्यवस्थापिका संसदको बहुमतद्वारा टुङ्गिने विषय हो । संविधानले पनि त्यही प्रकारको व्यवस्था गरेको छ । त्यो संवैधानिक व्यवस्थाको उपेक्षा गरेर आफ्नै नेतृत्वमा नै सरकार बन्नु पर्दछ र त्यस प्रकारको सरकार नबन्दासम्म संविधान बन्न नदिने माओवादीहरूको दावीलाई सही भन्न सकिन्न ।

१६. संविधान भित्र वा बाहिरको माओवादीहरूको राजनीतिक स्थितिमाथि विचारगर्दा उनीहरूको सहयोग बिना संविधानको निर्माण सम्भव छैन । त्यही कुरालाई आधार बनाएर उनीहरूले उनीहरूको नेतृत्वको सरकार नबनेसम्म संविधानको निर्माण हुन नदिने भनिरहेका छन् र अन्य कतिपय पक्षहरूले पनि उनीहरूको दवाव, जोरजर्वजस्तीको नीतिप्रति सम्झौतापरस्त नीति अपनाएर उनीहरूको नेतृत्वमा राष्ट्रिय सरकारको निर्माणमा जोड दिन थालेका छन् । प्रथम, संविधानसभामा उनीहरूको बहुमत नभएको अवस्थामा खालि उनीहरू संविधानसभाको सबैभन्दा ठूलो समूह भएको आधारमा मात्र सरकारको नेतृत्वको दावी गर्नु अप्रजातान्त्रिक, असंवैधानिक र सामाजिक फासिवादी प्रकारको पनि सोचाई हो । द्वितीय, उनीहरूको नेतृत्वमा सरकार नबनेका कारणले संविधानको निर्माणमा बाधा हाल्ने सोचाई देश र जनताप्रतिको अत्यन्त गैर-जिम्मेवार दृष्टिकोण हो । कुन दलको नेतृत्वमा सरकार बन्ने त्यो अन्तत: संविधानसभा वा व्यवस्थापिका संसदद्वारा निर्णय गर्ने कुरा हो । त्यो कुराको उपेक्षा गरेर सदनभन्दा बाहिर जोरजवर्जस्तीपूर्वक वा आन्दोलनको दवाव दिएर कुनै सरकारको निर्माणमा जोड दिनु वास्तवमा संविधानलाई अवमूल्यन गर्नु नै हो । एकपल्ट त्यस प्रकारको प्रक्रिया अपनाइयो भने त्यसबाट देश तानाशाही शासनको दिशामा जाने खतरा हुनेछ । माओवादीहरूले सरकारको गठन गर्न अपनाइरहेको तरिका न रोकिएमा त्यसको परिणाम त्यही नै हुने खतरा हुनेछ । एउटा जिम्मेवार राजनीतिक दलले सरकारमा आफ्नो नेतृत्व भएमा, अन्य दलको नेतृत्व भएमा वा सरकारभन्दा बाहिर प्रतिपक्ष भएको अवस्थामा पनि संविधानको निर्माणमा सहयोग गर्ने नीति अपनाउनु पर्दछ । त्यसको विपरीत माओवादीहरूले अपनाएको नीतिका कारणले खालि संविधानको निर्माणमा बाधा पुग्ने मात्र होइन, २०६२-६३ को जनआन्दोलनका उपलब्धिहरू र गणतन्त्रको सुदृढीकरणमा बाधा पुग्ने र देशको सम्पूर्ण भविष्यमा नै नकारात्मक असर पर्ने सम्भावना रहने छ । उनीहरूको नीयत जेजस्तो भएपनि उनीहरूको त्यस प्रकारको कार्यप्रणालीले प्रतिगमन वा देशमा राजतन्त्रको पुनर्स्थापनाका लागि भइरहेका प्रयत्नहरूलाई नै बल पुऱ्याउने छ । त्यो अवस्थामा यो शङ्का गर्ने पनि ठाउँ छ : कहीं उनीहरूले गतकालमा झै राजावादीहरूसित छद्म कार्यगत एकता वा गठबन्धन गरेर योजनावद्ध प्रकारले संविधानको निर्माणमा बाधा पुऱ्याइरहेका ता छैनन् ? उनीहरूले त्यसो नगरेका भएपनि उनीहरूको नीतिबाट संम्भावित परिणामबाट प्रतिगमनको नै सेवा हुनेछ ।

१७. एमाले, ने.का. आदिको भूमिकाले पनि देशको राजनीतिलाई सही दिशामा अगाडि बढाउन प्रसस्त बाधा पुऱ्याइरहेको छ । प्रथमता माओवादी, मधेशवादी, राजावादी, जातिवादी आदि सङ्गठनहरूका गलत नीतिहरूसित उनीहरूले प्रायश: अवसरवादी, ढुलमुल वा सम्झौतापरस्त नीति अपनाउने गरेका छन् । द्वितीय, स्वयं उनीहरूको चरित्र, विगतको राजनीतिक पृष्ठभूमी आदिका कारणले पनि उनीहरूले ०६२-६३ को आन्दोलन, गणतन्त्र, राष्ट्रियता, सङ्घीयता र नयाँ संविधानको निर्माणको प्रश्नहरूमा पनि सही र स्पष्ट नीति अपनाउन सकेका छैनन् । हामीले उनीहरूका त्यस प्रकारका गलत नीतिहरू बारे जनतालाई सचेत गराउँदै आवश्यकतानुसार उनीहरूको विरूद्ध पनि सङ्घर्षमा जोड दिनुपर्दछ ।

-**ग**-

१८. सङ्घीयता आज देशको प्रमुख राजनीतिक समस्या भएको छ । देशमा सङ्घीयता लागू गरियो भने त्यसका कैयौं गम्भीर दुष्परिणामहरू हुनेछन्, जसमध्ये जातीय र क्षेत्रीय द्वन्द्व, राष्ट्रिय विखण्डन वा राष्ट्रको अस्तित्व समाप्त हुने समेत सम्भावना हुनेछ । त्यो स्थितिबाट भारतीय विस्तारवादले फाइदा उठाउने छ र नेपाल भारतीय सङ्घको अङ्गमा बदलिने समेत सम्भावना रहनेछ । त्यसैले देश र जनताका व्यापक हितमा सङ्घीयता खारेज हुनुपर्ने आवश्यकता छ । नेपाली जनता शताब्दियौंदेखि सामन्ती र केन्द्रिकृत राज्य व्यवस्थाद्वारा उत्पीडित हुँदै आएका छन् र त्यसको अन्त हुनु आवश्यक छ । त्यसको विकल्प सङ्घीय व्यवस्था होइन, तर प्रजातान्त्रिक विकेन्द्रियता र स्थानीय स्वायत्त शासन माथि आधारित एकात्मक शासन प्रणाली हो । सङ्घीय व्यवस्थाले सामन्ती व्यवस्थालाई समाप्त गर्नेछैन । तर त्यसलाई कायम रहन बल पुराउने छ । त्यसकारण सङ्घीयता देश र जनताका व्यापक हितका विरूद्ध भएको कुरा प्रष्ट छ ।

१९. आज राष्ट्रिय जनमोर्चा बाहेक सबै दल वा सङ्गठनहरूले सङ्घीयतालाई समर्थन गरेकाले र संविधानसभाले समेत सङ्घीयताका पक्षमा निर्णय गरेकाले देशमा सङ्घीयता अवस्यम्भावी जस्तो देखिन्छ । तर यो कुरा उपरी र वाह्य रूपमा मात्र सत्य हो - पूर्ण रूपमा होइन । देशमा सङ्घीयताको विरूद्ध व्यापक जनमत छ र त्यो लगातार बढ्दै गइरहेको छ । सङ्घीयतालाई समर्थन गर्ने राजनीतिक

शक्तिहरूको नेतृत्वतहमा र आम कार्यकर्ताहरूबारे पनि त्यो प्रश्नमा विरोधको स्वरहरू उठिरहेका छन् । सङ्घीयतालाई समर्थन गर्ने राजनीतिक शक्ति, सङ्घ-संस्था वा व्यक्तिहरूका बीचमा सङ्घीयताबारे गम्भीर प्रकारका मतभेदहरू छन् । उनीहरूका बीचमा जातीय राज्य, आत्मनिर्णयको अधिकार, पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेश, बहुराष्ट्रिय राज्य आदि बारे गम्भीर प्रकारका अन्तरविरोधहरू छन् । प्रथमता ती मतभेदहरूका बीचमा सामन्जस्यता कायम गरेर सङ्घीय संविधान बनाउनु उनीहरूका लागि सजिलो छैन । त्यो कुरा जेभएपनि ती मतभेद वा अन्तरविरोधहरूलाई उपयोग गर्दै सङ्घीयताको विरूद्धको आन्दोलनलाई प्रभावशाली रूपमा अगाडि बढाउने वा उक्त प्रश्नहरूमा सहमति कायम हुनसक्ने पक्षहरूसित पारस्पारिक समझदारी वा सहमति कायम गरेर संविधानसभाद्वारा जातीय राज्य, आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेश, बहुराष्ट्रिय राज्य आदि अवधारणाहरूलाई खारेज गराउन सकिने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न । त्यसरी ती गलत अवधारणाहरूलाई पूरै वा आंशिक रूपमा संविधानसभाद्वारा खारेज गराउन सक्नु पनि सङ्घीयताका विरूद्धको आन्दोलनको महत्वपूर्ण सफलता हुनेछ । त्यो सफलताले सङ्घीयतालाई काफी हदसम्म कमजोर गराउन सकिने छ र त्यसले सङ्घीयतालाई सम्पूर्ण रूपले खारेज गराउन आन्दोलनलाई अगाडि बढाउन बल पुग्ने छ ।

२०. गत कालमा सङ्घीयका विरूद्ध चरणवद्ध र देशव्यापी रूपमा कैयौं आन्दोलनहरू चलेका छन्, जसमध्ये राष्ट्रिय जनमोर्चाद्वारा सञ्चालित प्रथम चरणको आन्दोलनको २०६५ सालको असौज १२ को नेपाल बन्द र दोस्रो चरणको आन्दोलनको २०६६ सालको बैशाखको काठमाडौं केन्द्रित आन्दोलन सहित भव्य रूपमा सम्पन्न भएका थिए । तेस्रो चरणको आन्दोलन गतसालका क्षेत्रीय स्तरका बन्दका कार्यक्रमहरू देशव्यापी रूपमा सफल भएका थिए । गत साल फागुन ५ गते देखि २० गतेसम्म जिल्ला र क्षेत्रस्तरबाट आयोजना गरिएका देशव्यापी जनमार्च कार्यक्रमहरू पनि भव्य रूपमा सम्पन्न भएका थिए । माओवादी सहित विभिन्न जातिवादी सङ्गठनहरूले सङ्घीयता विरोधी कार्यक्रमलाई असफल बनाउन विभिन्न स्थानहरूमा सांघातिक आक्रमण गरेपनि उक्त कार्यक्रमहरू शानदार रूपमा सम्पन्न भएका थिए ।

२१. सङ्घीयताका विरूद्धको आन्दोलनको क्रममा यो कुरा स्पष्ट भएको छ कि सङ्घीयताका विरूद्ध हाम्रो पार्टी वा वैधानिक मोर्चाभन्दा बाहिर पनि व्यापक जनमत तयार भएको छ । त्यसले यो बताएको छ कि अब सङ्घीयताका विरूद्धको जनमत पार्टी वा हाम्रो वैधानिक मोर्चाको सीमाभन्दा बाहिर व्यापक क्षेत्रमा अगाडि बढेको छ र हाम्रो पार्टीको सीमा बाहिर पनि सङ्घीयताका विरूद्ध व्यापक रूपले आन्दोलन सङ्गठीत गर्ने सम्भावनाहरू छन् । त्यो उद्देश्य पूरा गर्न सङ्घीयताका विरूद्ध मत राख्ने विभिन्न पक्षहरूका मानिसहरू समेत मिलेर सङ्घीयताका विरूद्ध राष्ट्रिय अभियानको गठन भएको छ । त्यो वास्तवमा सङ्घीयताका विरूद्धको खुकुलो प्रकारको मञ्च नै हो । २०६६ चैत्र ४ गते काठमाडौंमा भव्य रूपले सम्पन्न सङ्घीयताका विरूद्धको राष्ट्रिय अधिवेशनले त्यसको केन्द्रीय समितिको गठन गरेर त्यो मञ्चलाई औपचारिक रूप पनि प्रदान गरेको छ । हाम्रो पार्टीले त्यो मञ्च वा त्यसद्वारा सञ्चालित सङ्घीयताका विरूद्धको सङ्घर्षको कार्यक्रमसित ऐक्यवद्धता कायम गर्ने र समर्थन गर्ने नीति अपनाउने छ ।

२२. हाम्रो पार्टीका तर्फबाट सम्पूर्ण रूपले सङ्घीयतालाई खारेज गराउन लगातार, दृढतापूर्वक र सम्झौताहीन प्रकारले नै आन्दोलनलाई अगाडि बढाउन प्रयत्न हुँदै आएको छ र भविष्यमा पनि हाम्रो त्यो नीति कायम रहने छ । तर त्यसका साथै जसले सीमित रूपमा भएपनि जातीय राज्य, आत्मनिर्णयको अधिकार, पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेश, बहुराष्ट्रिय राज्य आदिको विरोध गर्दछन्, उनीहरूसित पनि मिलेर काम गर्ने हाम्रो नीति हुनेछ । हामीलाई विश्वास छ, त्यस प्रकारको नीतिले सङ्घीयताको विरूद्ध देशव्यापी र सशक्त जनमत र आन्दोलनको निर्माण गर्न महत्वपूर्ण योगदान दिनेछ ।

२३. अहिले सङ्घीयता पक्षधर राजनीतिक शक्तिहरूले सङ्घीयताको विरोध गर्नु गणतन्त्र र धर्मनिरपेक्षताको पनि विरोध हो, एकात्मक र केन्द्रिकृत शासन एउटै हो भनेर प्रचार गरिरहेका छन् । त्यो गलत प्रकारको प्रचार हो । हाम्रो पार्टीले गणतन्त्र र धर्मनिरपेक्षताका पक्षमा आफ्नो दृढ अडान कायम राख्दै सङ्घीयताको विरोध गर्दै आएको छ र हाम्रो त्यो नीति कायम रहने छ ।

-घ-

२४. देशको राजनीतिक विकासक्रम कुन रूपमा अगाडि बढ्ने छ ? त्यसबारे अन्तत: जनताको शक्ति र भूमिका नै निर्णयात्मक हुन्छ । तर त्यसमा तात्कालिक रूपमा राजनीतिक शक्तिहरूको भूमिकाको पनि प्रसस्त र कतिपय अवस्थामा निर्णयात्मक असर पर्दछ । त्यसकारण जुन राजनीतिक शक्तिहरूका गलत नीति र भूमिकाबाट देशमा जुन अनुपातमा नकारात्मक असर पर्दछ, त्यही अनुपातमा उनीहरूका विरूद्धको सङ्घर्ष वा भण्डाफोरमा जोड दिने नीति हुनुपर्दछ । त्यस सन्दर्भमा सर्वप्रथम माओवादीहरूको भूमिका बारे विचार गर्नुपर्ने आवश्यकता छ । अहिले त्यो समूह सरकारमा नभएपनि त्यसको राजनीतिक स्थिति र त्यसको सैन्य शक्ति समेत माथि ध्यान दिंदा त्यसप्रतिको नीति निश्चित गर्ने प्रश्नले सबैभन्दा बढी महत्व राख्दछ । उनीहरू प्रतिका नीति स्पष्ट गर्ने सन्दर्भमा हाम्रा अगाडि कैयौं नीतिगत र व्यवहारिक कठिनाईहरू छन् । प्रथम, त्यो हाम्रो मित्र शक्ति हो । द्वितीय, देशको तात्कालिक राजनीतिमा त्यसका नीतिहरू अत्यन्त घातक छन् । तृतीय, त्यसले हाम्रा विरूद्ध लगातार शत्रुतापूर्ण नीति अपनाउने गरेको छ । त्यो समूह कम्युनिष्ट, मार्क्सवादी-लेनिनवादी वा माओवादी सङ्गठन रहेको छैन । तैपनि त्यो एउटा निम्नपूँजीवादी चरित्र भएको देशभक्त, जनतान्त्रिक समूह हो र, त्यसकारण, हाम्रो मित्र शक्ति पनि हो । त्यसको राजनीतिक चरित्र र कार्यशैलीले सामाजिक फासिवादी रूप लिंदै गइरहेको छ । तर त्यो अझै सामाजिक फासिवादी

शक्ति बनिसकेको छैन । त्यसकारण त्यसलाई एउटा देशभक्त, जनतान्त्रिक शक्ति र मित्र शक्तिका रूपमा लिने हाम्रो नीति सही छ । तर त्यो हाम्रो मित्रशक्ति भएपनि राजनीतिक रूपले त्यसले जुन अनुपातमा गलत नीतिहरू अपनाएको छ, सामाजिक फासिवादी प्रकारका गतिविधिहरूको सञ्चालन गरिरहेको छ र हाम्रा विरूद्ध शत्रुतापूर्ण नीति अपनाउँदै आएको छ, त्यही अनुपातमा त्यसका विरूद्धको भण्डाफोर वा सङ्घर्षमा जोड दिनुपर्दछ ।

२५. सङ्घीयताको प्रश्नमा पनि माओवादीहरूले अन्य सबै राजनीतिक दलहरूलेभन्दा घातक नीति अपनाइरहेका छन्, जस्तै कि जातीय राज्य, आत्मनिर्णयको अधिकार, बहुराष्ट्रिय राज्य आदि सम्बन्धी त्यसका नीतिहरू । उक्त प्रश्नमा त्यसका नीतिहरू ने.का., एमाले वा रा.प्र.पा.काभन्दा बढी गलत र घातक छन् । सङ्घीयतालाई समर्थन गर्ने अन्य राजनीतिक दल वा सङ्गठनहरूले सङ्घीयता विरोधी पक्षहरूमाथि हिंसात्मक आक्रमण गर्ने नीति अपनाउने गरेका छैनन् । तर माओवादीहरूले देशका विभिन्न भागहरूमा स्वयं वा विभिन्न जातिवादी सङ्गठनहरूसित मिलेर सङ्घीयताको विरूद्धका कार्यक्रमहरूमा हिंसात्मक आक्रमण गर्ने गरेका छन् । उनीहरूले सङ्घीयता विरोधी शक्तिहरू माथि हिंसात्मक प्रतिकार गर्ने वा प्रतिबन्ध लगाउने समेत उनीहरूको नीति भएको पनि घोषणा गर्दै गएका छन् । त्यसरी सङ्घीयता पक्षधर अन्य पक्षहरूकोभन्दा बढी उनीहरूको सङ्घीयता वा जातीय सङ्घीयताको चरित्र बढी जातिवादी वा सामाजिक फासिवादी रूपमा देखापरेको छ। उनीहरूले हाम्रो पार्टी, वैधानिक मोर्चा वा जनवर्गीय सङ्गठनहरू माथि आक्रमणको नीति अपनाउने गरेका छन् । त्यसरी व्यवहारमा हाम्रो पार्टीप्रति उनीहरूले शत्रुतापूर्ण नीति अपनाउने गरेका छन् । त्यसरी संविधानको निर्माण, सङ्घीयता र हाम्रो पार्टीप्रतिको शत्रुतापूर्ण नीतिका कारणले देशमा माओवादीहरूका विरूद्धका भण्डाफोर र सङ्घर्षमा जोड दिनु तात्कालिक रूपमा एउटा प्रमुख राजनीतिक आवश्यकता भएको छ ।

२६. वर्तमान सरकारलाई समर्थन दिने बेलामा हाम्रो पार्टीले यो स्पष्ट गरेको थियो कि देशको एउटा खास राजनीतिक अवस्थामा त्यसलाई समर्थन दिएपनि त्यसका गलत नीतिहरूप्रतिको हाम्रो विरोध कायम रहने छ । वास्तवमा वर्तमान सरकारलाई हामीले दिएको समर्थन मुख्यत: त्यो बेला देशमा कायम भएको सरकारविहीनताको अवस्थालाई अनिश्चित समयसम्म रहन नदिन र मधेशवादी दलको नेतृत्वमा सरकार बन्दा देशको अखण्डतामा पुग्ने क्षतिलाई यथासम्भव रोक्न दिइएको समर्थन थियो । वर्तमान सरकारका अहिलेसम्मका सबै कार्यहरूको मूल्याङ्कन गर्दा शान्ति प्रक्रिया, संविधानको निर्माण, देशमा विद्यमान दण्डहीनता वा जनताका समस्याहरूको समाधान गर्ने दिशामा यो सरकार सफल नभएको कुरा प्रष्ट छ । त्यसको सम्पूर्ण राजनीतिक चरित्र र विगतको इतिहास माथि ध्यान दिंदा त्यसले त्यस प्रकारको सही र जनपक्षीय नीति अपनाउने छ भनेर हामीले आशा पनि गरेका थिएनौं र त्यो आशाले त्यसलाई आफ्नो समर्थन दिएका पनि थिएनौं । जनजीवनसित जोडिएका प्रश्नहरू बारे त्यसले अपनाएका नीतिहरू, अनियन्त्रित प्रकारले बढ्दै गएको महङ्गी, दलीय आधारमा राष्ट्रिय सम्पत्तिको दुरूपयोग वा त्यसका भ्रष्टाचारसम्बन्धी नीतिहरू आदि बारे वर्तमान सरकारले जनताका हितमा काम गर्न नसकेको कुरा प्रष्ट भएको छ । पञ्चेश्वरको राष्ट्रघाती परियोजनालाई लागू गर्ने नीति, बर्दियामा सेनाद्वारा निर्दोष महिला र बालिकाको हत्या, अछामको सुन्तलीधामी काण्ड तथा जनकपुर र पाल्पामा भएका जघन्य अपराध गर्ने अपराधिहरूलाई कारवाही नगर्ने नीतिलाई गम्भीर रूपले गलत बताउँदै हाम्रो पार्टीले तिनीहरूको तीव्र शब्दमा आलोचना गर्दै आएको छ ।

२७. वर्तमान सरकारका सन्दर्भमा मुख्य विचारणीय प्रश्नहरू शान्ति प्रक्रिया, संविधानको निर्माण र दण्डहीनताका विषयहरू उल्लेखनीय छन् । उक्त प्रश्नहरूमा सरकारको असफलताबारे विचार गर्ने सन्दर्भमा यो स्पष्ट हुनु आवश्यक छ : अहिलेको सरकारको असफलताका पछाडि स्वयं वर्तमान सरकारभन्दा माओवादीहरूका गतिविधिहरू बढी जिम्मेवार छन् । अहिले माओवादीहरू सरकारमा नभएपनि संविधानसभाभित्र वा देशको राजनीतिमा उनीहरूको जुन स्थिति छ, त्यसले गर्दा शान्ति प्रक्रिया वा संविधानको निर्माणको कार्यमा समेत बाधा पुराउने उनीहरूले प्रसस्त क्षमता राख्दछन् । संविधानको निर्माण वा दण्डहीनताको अन्तका लागि उनीहरूको सकारात्मक भूमिका आवश्यक छ र उनीहरूको त्यस प्रकारको सकारात्मक भूमिका बिना अहिले देशका अगाडि विद्यमान प्रमुख समस्याहरूको समाधान सम्भव छैन । तर उक्त प्रश्नहरूमा माओवादीहरूको भूमिका सकारात्मक होइन, नकारात्मक नै बढी हुने गरेको छ र त्यसले गर्दा शान्ति प्रक्रिया, संविधानको निर्माणको कार्यमा लगातार बाधा पुगिरहेको छ । देशमा विद्यमान दण्डहीनताको स्थितिका लागि पनि उनीहरू नै बढी जिम्मेवार छन् । वास्तवमा अहिलेको अवस्थामा देशमा जुनसुकै सरकार बनेपनि उनीहरूको (माओवादीहरूको) त्यस प्रकारको कार्यप्रणालीमा सुधार नहुँदासम्म शान्ति प्रक्रिया, संविधानको निर्माण वा दण्डहीनताको अवस्थाको अन्त सम्भव छैन । त्यसैले उक्त कार्यहरू पूरा गर्न माओवादीहरूले पैदा गरेको बाधा बारे नै मुख्य रूपले विचार गर्नुपर्दछ । त्यसैले वर्तमान सरकारका उक्त सबै कार्यहरू र माओवादीहरूको भूमिका समेतमाथि तुलनात्मक रूपले मूल्याङ्कन गरेर वर्तमान सरकारका गलत नीतिहरूको आलोचना गर्दै त्यो सरकारलाई दिएको समर्थन कायम राख्नुपर्दछ ।

२८. माओवादी, मधेशवादी र राजावादीहरूबाट पैदा भएका बाधा र समस्याहरू मध्ये तात्कालिक रूपमा माओवादीहरूले पैदा गरेको समस्या बढी गम्भीर प्रकृतिको छ । तर अन्तत: व्यवहारमा मधेशवादी र राजावादी तत्वहरूद्वारा प्रस्तुत खतरा बढी गम्भीर प्रकृतिका छन्। मधेशवादी दलहरूद्वारा देशको सार्वभौमिकता र अखण्डतामा नै गम्भीर आँच पुग्ने सम्भावना छ भने राजावादीहरूका तर्फबाट गणतन्त्रको ऐतिहासिक उपलब्धि समाप्त हुने खतरा छ । त्यसकारण मधेशवादी र राजावादी शक्तिहरूद्वारा पुग्ने खतरा तुलनात्मक रूपले

बढी गम्भीर प्रकृतिका छन् र त्यसका विरूद्ध माओवादी, एमाले र ने.का. समेत गणतन्त्र पक्षधर सबै राजनीतिक शक्तिहरूका बीचमा ऐक्यवद्धता आवश्यक छ। त्यसकारण तात्कालिक रूपमा माओवादीहरूद्वारा प्रस्तुत समस्या वा बाधाको सामना गर्ने कार्यमा जोड दिँदै मधेशवादी र राजावादीहरूद्वारा सम्भावित खतराको सामना गर्न उक्त प्रश्नमा समान दृष्टिकोण राख्ने पक्षहरूसित व्यापक एकता कायम गर्नुपर्ने आवश्यकता छ।

-ङ-

२९. मेशीनले पढ्ने पासपोर्ट (एम.आर.पी.) बारे एकातिर, भारतीय विस्तारवादको नाङ्गो प्रकारको हस्तक्षेपको नीति र, अर्कातिर, सरकारको कमजोर र दब्बू नीति खुल्ला रूपमा बाहिर आएको छ। भारतीय दवावमा सरकारले, प्रथम, आफै घोषित गरेको टेण्डरलाई खारेज गरेर तथा, द्वितीय, सार्वजनिक लेखा समितिको निर्देशनलाई समेत अवज्ञा गरेर एम.आर.पी. बारे भारतसित सम्झौता गऱ्यो। हाम्रो पार्टीले सरकारको त्यस प्रकारको नीतिको प्रारम्भमा नै विरोध गरेको थियो। सरकारको त्यस प्रकारको नीतिको चौतर्फी विरोध भयो। लेखासमितिले बारम्बार त्यस प्रकारको नीतिका विरूद्ध निर्देशन दियो। सर्वोच्च अदालतले त्यसबारे 'स्टे अडर' दियो। स्वयं एमालेको संसदीय दलले सरकारको त्यो निर्णयको विरोध गऱ्यो। माओवादीहरूले त्यसका विरूद्ध नेपाल बन्दको कार्यक्रमको घोषणा गऱ्यो। त्यस प्रकारको चौतर्फी दवावपछि भारतसित गरेको एम.आर.पी.सम्बन्धी सम्झौता रद्द गर्न बाध्य भयो। सरकारको त्यो निर्णयपछि भारतीय राजदूतले अगाडि ल्याएको असंतोषले भारतको नेपालप्रतिको हस्तक्षेपको नीतिलाई अरू नांगो रूपमा अगाडि ल्याइदिएको छ। भारतीय विस्तारवादको त्यस प्रकारको नीतिको पनि कडा शब्दमा विरोध गर्नुपर्दछ।

३०. देशमा लामो समयदेखि स्थानीय निकायहरू छैनन् र उनीहरूको चुनाव भएको छैन। खास गरेर माओवादीहरूले स्थानीय निकायहरूको चुनावमा सबैभन्दा बढी बाधा पुराइरहेका छन् र उनीहरूको विरोध नै स्थानीय निकायहरूको चुनावमा सबैभन्दा ठूलो अवरोध बनेको छ। उनीहरूले जनताद्वारा निर्वाचित स्थानीय निकायहरूको ठाउँमा जेष्ठ १४ गते संविधान नबनेमा आफ्नो स्थानीय सत्ता बनाएर काम गर्ने समेत अभिव्यक्तिहरू बाहिर ल्याइरहेका छन्। त्यसले देशलाई अरू अराजकताको अवस्थामा लैजाने छ। जेष्ठ १४ गते संविधान नबनेमा स्थानीय निकायहरूको आवश्यकता अरू बढेर जानेछ। त्यसैले हाम्रो पार्टीले स्थानीय निकायहरूको चुनाव छिटै सम्पन्न गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ।

३१. आज धर्म निरपेक्षताको विरोधमा र हिन्दू राज्यको पक्षमा गतिविधिहरू बढेर गएका छन्। धर्मनिरपेक्षता बारे हाम्रो पार्टीको यो स्पष्ट मत छ कि नेपालजस्तो बहुधार्मिक देशमा धर्म निरपेक्षताको ठाउँमा हिन्दू राज्य कायम गर्ने नीतिले देशको राष्ट्रिय एकतालाई कमजोर पार्ने छ। त्यो बाहेक हिन्दू राज्यको अवधारणा अहिले प्रतिगमन वा राजावादी शक्तिहरूका पुनरूत्थानवादी रणनीतिको एउटा हतियारका रूपमा अगाडि आइरहेको छ। त्यसैले राजतन्त्र र हिन्दू राज्य एक अर्काका पर्यायवाची कुराहरू बन्न गएका छन्। धर्मनिरपेक्षता अन्तर्गत अन्य सबै धर्मावलम्बीहरूलाई जस्तै हिन्दू धर्मावलम्बीहरूलाई पनि आफ्नो धर्मलाई मान्ने स्वतन्त्रता हुन्छ। तर अहिले हिन्दू राज्यको अवधारणालाई राजतन्त्रको पुनर्स्थापनाको हतियारको रूपमा प्रयोग गर्ने प्रतिगामी कार्य हो र त्यसको विरोध गर्नुपर्दछ। त्यसकारण गणतन्त्रको रक्षामा जोड दिनका लागि पनि हिन्दू राज्यको पुनर्स्थापनाका प्रयत्नहरूका विरूद्धको सङ्घर्षमा अरू गम्भीर रूपले जोड दिनुपर्ने आवश्यकता छ। धर्मनिरपेक्षताका सन्दर्भमा एउटा अर्को पक्षप्रति पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ। विदेशी इसाई मिशनरीको आडमा विभिन्न देशहरूको राष्ट्रियता, सार्वभौमिकता वा अखण्डताका विरूद्ध षडयन्त्र गर्ने साम्राज्यवादीहरूको विश्वव्यापी रणनीति रहँदै आएको छ। एकातिर, इसाई समुदायको धार्मिक स्वतन्त्रताका समर्थन गर्दै इसाई मिशनरीद्वारा देशमा बढ्ने साम्राज्यवादी गतिविधिका षडयन्त्रका विरूद्ध पनि उच्च प्रकारको सतर्कता र त्यस प्रकारको गतिविधिहरूलाई नियन्त्रण गर्नुपर्ने आवश्यक छ। ठूलो पैमानामा पैसा खर्च गरेर उनीहरूले आम जनतालाई इसाई धर्ममा सामेल गराएर आफ्नो साम्राज्यवादी स्वार्थ पूरा गर्ने, विभिन्न जात/जाति, सम्प्रदायहरूका बीचमा वैरभाव र विग्रह पैदा गरेर देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा आँच पुऱ्याउने जुन गतिविधिहरू अगाडि बढाइरहेका छन्, तिनीहरूका विरूद्ध उच्च प्रकारको सतर्कताको आवश्यकता छ।

३२. नेपालको सम्पूर्ण राजनीतिक स्थिति वा घटनाक्रमलाई आफ्नो विस्तारवादी स्वार्थहरूका पक्षमा उपयोग गर्न भारतीय विस्तारवादले योजनावद्ध प्रकारले षडयन्त्र गर्दै आएको छ। नेपालको स्थिति राजनीतिक दृष्टिले जति अस्थिर र तरल प्रकारको हुन्छ, त्यति नै भारतलाई आफ्ना विस्तारवादी उद्देश्यहरू पूरा गर्न मद्दत पुग्दछ। त्यसैले नेपालमा राजनीतिक अस्थिरताको स्थिति बढाउन भारतले लगातार प्रयत्न गरिरहेको हुन्छ। उनीहरूले सङ्घीयतालाई आफ्ना विस्तारवादी उद्देश्यहरू पूरा गर्न उपयोग गर्न योजनावद्ध प्रकारले प्रयत्न गरिरहेका छन्। नेपालका कैयौं प्रमुख राजनीतिक शक्तिहरूले आफ्ना सङ्कीर्ण स्वार्थहरू पूरा गर्नका लागि भारतीय विस्तारवादको त्यस प्रकारको षडयन्त्रकारी भूमिकामा मद्दत पुराउने गरेका हुन्छन्। त्यसकारण भारतीय विस्तारवादको त्यस प्रकारको भूमिकाप्रति उच्च प्रकारको सतर्कता अपनाउँदै विभिन्न राजनीतिक शक्तिहरूले अपनाउने भारतपरस्त नीतिको भण्डाफोर गरेर जनताको चेतना उठाउन पनि प्रयत्न गरिरहनु पर्दछ। अमेरिकी साम्राज्यवाद र यूरोपीयन यूनियनका देशहरूले नेपालको राजनीतिक स्थितिलाई आफ्ना साम्राज्यवादी स्वार्थहरूका पक्षमा उपयोग गर्न प्रयत्न गरिरहेका छन्। उनीहरूले नेपाललाई चीनविरोधी अड्डाका रूपमा परिणत गर्न विभिन्न प्रकारले षडयन्त्र गर्दैछन्। नेपालमा भइरहेका त्यस प्रकारका सबै साम्राज्यवादी र विस्तारवादी षडयन्त्रहरूको पनि विरोध गर्दै जानुपर्दछ।

३३. माओवादी लडाकूहरूको व्यवस्थापनको प्रश्न शान्ति प्रक्रिया र

संविधान निर्माणको कार्यमा गम्भीर विषय भएको छ । त्यस सन्दर्भमा हामीले दुईवटा कुरामा विशेष जोड दिन चाहन्छौं : प्रथम, अहिले सरकारले सीमित सङ्ख्यामा माओवादीहरूका लडाकूहरूलाई नेपाली सेनामा सामेल गर्ने कुरा गरिरहेको छ । हाम्रो पार्टीले समुहगत रूपमा उनीहरूलाई (माओवादी लडाकूहरूलाई) नेपाली सेनामा सामेल गर्ने कार्यको प्रारम्भ देखि नै विरोध गर्दै आएको छ र अहिले पनि हाम्रो त्यो अडान कायम छ । माओवादी लडाकूहरूलाई त्यसरी नेपाली सेनामा सामेल गरिएमा अन्य सशस्त्र गुटहरूका लडाकूहरूलाई पनि समूहगत रूपमा नेपाली सेनामा सामेल गर्दै जानुपर्ने वाध्यकारी परिस्थितिको सिर्जना हुनेछ र त्यसबाट नेपालको राष्ट्रियता र सार्वभौमिकतामा गम्भीर असर पर्नेछ । निश्चय नै, अन्य विभिन्न रूपमा उनीहरूको व्यवस्थापन वा पुनर्स्थापना गर्ने कार्यलाई हाम्रो पार्टीले समर्थन गर्दछ । द्वितीय, हाम्रो यो जोड रहँदै आएको छ कि संविधानको निर्माणभन्दा पहिले नै माओवादी लडाकूहरूको व्यवस्थापन गरिसक्नु पर्दछ । अन्यथा संविधानको निर्माणको कार्यमा वा संविधान बनेपछि पनि माओवादीहरूको भूमिकाले देशको राजनीतिमा थप जटिलता वा अस्थिरताको स्थिति पैदा गर्नेछ ।

३४. माओवादीहरूको आफ्नो नेतृत्वमा सरकार नबनेमा संविधान बन्न नदिने त्यसको नीति, त्यसरी संविधानको निर्माण र गणतन्त्रको सुदृढीकरणमा त्यसले पुराइरहेको बाधा, त्यसले योजनावद्ध प्रकारले देशमा संवैधानिक संकटको स्थिति पैदा गर्न गरिरहेको प्रयत्न, सङ्घीयता र त्यस अन्तर्गत जातीय राज्य, पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकार, बहुराष्ट्रिय राज्य आदिमा त्यसले दिइरहेको जोड, सङ्घीयताको विरोध गर्ने शक्तिहरू माथि हिंसात्मक आक्रमणको नीति, त्यसले अपनाइरहेका सामाजिक फासिवादी प्रकारको कार्य शैली, स्थानीय निकायहरूको चुनावको विरोध, राजावादीहरूसितको मेलमिलापको नीति, हाम्रो पार्टीका विरूद्धको त्यसको शत्रुतापूर्ण व्यवहार आदिका कारणले माओवादीका विरूद्धको भण्डाफोर र सङ्घर्षमा जोड दिनु आजको राजनीतिक आवश्यकता भएको छ । त्यो हाम्रो मित्रशक्ति भएपनि देशको राजनीतिमा त्यसले जुन प्रकारको घातक नीति अपनाएको छ र हाम्रो पार्टीमाथि शत्रुतापूर्ण व्यवहार गरिरहेको छ, त्यो अवस्थामा त्यसका विरूद्धको त्यस प्रकारको भण्डाफोर र सङ्घर्षमा जोड दिनुको, कम से कम, त्यसका त्यसप्रकारका नीति र व्यवहारमा सुधार नहुँदासम्म अन्य कुनै विकल्प छैन । हाम्रो पार्टीको पहिले देखि नै त्यसप्रति कार्यगत एकता गर्ने नीति अपनाउँदै आएको छ । तर त्यसले अपनाएका हाम्रो पार्टीप्रतिको शत्रुतापूर्ण नीतिका कारणले हाम्रै पार्टीले त्यसको त्यस प्रकारको व्यवहारमा सुधार नहुँदासम्म त्यससितको कार्यगत एकताको नीतिलाई स्थगित गरेको छ । तैपनि त्यसको त्यस प्रकारको नीतिमा सुधार भएमा हाम्रो पार्टीले त्योसित कार्यगत एकताको नीति अपनाउने छ ।

३५. नेपालमा अनमिनलाई ल्याउने प्रश्नमा हाम्रो पार्टीको प्रारम्भ देखि नै विरोध रहँदै आएको छ । त्यसले वास्तवमा नेपालको शान्ति प्रक्रिया र संविधानको निर्माणमा सहयोग पुराउनेभन्दा देशमा अशान्ति र अस्थिरता पैदा गर्ने काम नै बढी गरिहेको छ । अनमिन जुन देशमा पनि गएको छ, त्यहाँ त्यसको त्यही प्रकारको भूमिका रहेको छ र नेपालमा पनि त्यसको त्यही प्रकारको भूमिका रहेको छ । अनमिनको उद्देश्य अमेरिकी साम्राज्यवादको सेवा गर्ने नै हुन्छ र त्यही उद्देश्य अनुसार नै त्यसले नेपालमा पनि काम गरिरहेको छ । त्यसैले हाम्रो पार्टीले त्यसको म्याद थप्ने कुराको दृढतापूर्वक विरोध गर्दछ र छिटोभन्दा छिटो त्यसलाई देशबाट बाहिर पठाउनुपर्ने आवश्यकतामा जोड दिन्छ ।

३६. अहिले देशमा कुन प्रकारको राजनीतिक परिस्थिति तयार हुनेछ र देश कता जानेछ ? निश्चित रूपले भन्न सकिने अवस्था छैन । तैपनि देशमा पैदा हुने जुनसुकै परिस्थितिको सामना गर्दै अग्रगमनको दिशामा अगाडि बढ्ने हाम्रो नीति हुनुपर्दछ । नयाँ जनवादी क्रान्तिको पक्षमा परिस्थिति र आधार तयार पार्न प्रयत्न गर्दै तत्कालको अवस्थामा गणतन्त्रको सुदृढीकरण, राष्ट्रियताको रक्षा र सङ्घीयताको विरूद्धमा लगातार आफ्नो सङ्घर्ष अगाडि बढाउने हाम्रो नीति हुनुपर्दछ । देशमा हुने राजनीतिक परिवर्तन अनुसार हाम्रो नीति र कार्यशैलीमा परिवर्तन हुन सक्नेछ । तर अहिले हाम्रो मुख्य जोड मूल नीति गणतन्त्रको सुदृढीकरण, राष्ट्रियताको रक्षा र सङ्घीयताको विरोधमा नै हुनेछ वा हुनुपर्दछ ।

३७. नेपालको राजनीतिमा ने.क.पा. (मसाल)को सधैं सक्रिय र महत्वपूर्ण भूमिका रहँदै आएको छ । पार्टीको सङ्गठनात्मक संरचना भूमिगत भएपनि आफ्ना वैधानिक वा जनवर्गीय सङ्गठनहरूद्वारा पार्टीको भूमिकालाई लगातार अगाडि बढाउँदै आएको छ । अहिले पनि हाम्रो पार्टीले त्यही प्रकारको नीति अपनाइरहेको छ । देशको राजनीति वा आन्दोलनमा हाम्रै पार्टीको त्यस प्रकारको महत्वपूर्ण भूमिका भएपनि जनताका बीचमा त्यसको प्रचारात्मक पक्ष कम भएको छ । त्यो पक्षलाई बढाउन प्रयत्न गर्नुपर्ने आवश्यकता छ ।

३८. देशको इतिहासमा बारम्बार गत्यावरोध, सङ्कट वा प्रतिक्रान्तिका अवस्थाहरू पैदा हुने गरेका छन् । तर अन्तमा ती सबै बाधा र समस्याहरू माथि विजय प्राप्त गर्दै देश अग्रगमनको दिशामा नै अगाडि बढ्ने गरेको छ । यो विश्वव्यापी ऐतिहासिक नियम हो र त्यही नियम अनुसार नेपालको राजनीति र आन्दोलन पनि अन्तमा अग्रगमनको दिशामा नै अगाडि बढ्ने छ भन्ने कुरामा हामीलाई पूर्ण विश्वास छ । जनतामा अजय शक्ति हुन्छ र अन्तमा उनीहरूको नै विजय हुन्छ । अन्तमा जनताको विजय हुने कुरा सार्वभौम सत्य हो । तर त्यो कार्य स्वत:स्फूर्त रूपले हुन्न । त्यसका लागि लगातार जनआन्दोलन अगाडि बढाइरहनु पर्ने आवश्यकता छ र त्यसका लागि पार्टीले सङ्घर्षको ठोस कार्यक्रम बनाएर सचेत भूमिका खेल्नुपर्ने आवश्यकता छ । देशको राजनीतिमा हुने परिवर्तन र घटनाक्रममा हुने विकासक्रम अनुसार आन्दोलनको कार्यक्रम निश्चित गर्दै र आन्दोलन सञ्चालन गर्दै जाने हाम्रो पार्टीको नीति हुनेछ ।•

# जेष्ठ १४ गतेपछि देश कता जाँदैछ ?

- मोहनविक्रम सिंह

दुईवर्षको अवधिमा संविधान बनाउने काम हुन नसकेपछि जेष्ठ १४ गते संविधानसभाको म्याद एकवर्ष थप्ने निर्णय भयो । जेष्ठ १४ गतेसम्म संविधान नबनेपनि त्यो अवधि नबढाइएको भए संविधान नबनिकन त्यसको (संविधानको) विघटन हुन्थ्यो र त्यसका कैयौं दुष्परिणामहरू हुने कुरा निश्चित थियो । त्यस प्रकारको पृष्ठभूमिमा जेष्ठ १४ गते संविधानसभाको अवधि बढाउने निर्णय एउटा स्वागत योग्य कुरा थियो । रा.प्र.पा. र एकजना अन्य स्वतन्त्र सभासद् बाहेक अरू सबै सभासद्ले त्यो निर्णयको स्वागत गरेका छन् । तर प्रश्न यो छ : के त्यो थपिएको अवधिमा पनि संविधान बन्ने छ ? जेष्ठ १४ गते तीनबुँदे सहमति भएको थियो । त्यसपछि त्यसको कार्यान्वयन बारे तुरुन्त विवाद प्रारम्भ भएको छ । त्यो विवादका सन्दर्भमा अगाडि आएका तर्कहरू जे भएपनि त्यसको सारतत्व पूरानै छ । त्यसको सारतत्व यो हो : माओवादीहरूको नेतृत्वमा सरकार । सबै विवाद त्यही प्रश्नका वरिपरि घुमिरहेका छन् भनेमा अतियुक्त हुनेछैन । माओवादीहरूले माधव नेपालको नेतृत्वमा बनेको सरकारको राजिनामामा जोड दिइरहेका छन् र त्यो शर्त पूरा नहुँदासम्म शान्ति प्रक्रिया र संविधानको निर्माणसहित अन्य सबै प्रकारका सहमतिहरूलाई अस्वीकार गर्ने बताएका छन् । तर स्वयं माधव नेपालको प्रधानमन्त्रीपदबाट राजिनामाको माग उनीहरूको मुख्य माग होइन । त्यो माग उनीहरूको -माओवादीहरूको) नेतृत्वमा सरकारको निर्माणका लागि मार्ग प्रसस्त गर्नका लागि अगाडि सारिएको पूरक माग मात्र हो ।

माधव नेपालको नेतृत्वको सरकारलाई उनीहरूले प्रारम्भ देखि नै असंवैधानिक बताउँदै आएका छन् र त्यसको विघटनमा जोड दिंदै आएका छन् । बहुदलीय व्यवस्था अन्तर्गत बहुमतद्वारा चुनिएको सरकारलाई असंवैधानिक बताउनुका पछाडि कुनै संवैधानिक आधार छैन । जस्तो कि पहिले उल्लेख गरियो, उनीहरूको त्यस प्रकारको विरोधका पछाडिको उद्देश्य आफ्नो नेतृत्वमा सरकारको निर्माणका लागि मार्ग प्रसस्त गर्नु नै थियो । त्यो उद्देश्य पूरा गर्न उनीहरूले आफ्नो नेतृत्वमा सरकार नबनेसम्म संविधान निर्माण हुन नदिनेसम्म घोषणा गरे र त्यसका लागि उनीहरूले आन्दोलनका कैयौं कार्यक्रमहरूको सञ्चालन गरे, जसमध्ये सबैभन्दा पछिल्लो देशव्यापी रूपमा अनिश्चित आम हडताल थियो ।

सहमतिका लागि जतिसुकै वार्ता वा प्रयत्नहरू गरेपनि उनीहरूको मुख्य जोड यही कुरामा हुन्छ : उनीहरूको नेतृत्वमा नै सरकार बन्नु पर्दछ । त्यसमा जोड दिनका लागि कुनै प्रजातान्त्रिक वा संवैधानिक आधार छैन । स्वयं उनीहरूको समेत सहमतिमा बनेको संविधान अनुसार सहमतिका आधारमा र सहमति हुन नसकेमा बहुमतका आधारमा सरकारको गठन गर्ने व्यवस्था गरिएको छ ।

जनताको व्यापक विरोधपछि उनीहरू आम हडतालको कार्यक्रम फिर्ता लिन वाध्य भए । तर त्यस सन्दर्भमा यो प्रश्न नउठाइकन रहन सकिन्न : उनीहरूले आन्दोलनको त्यो कार्यक्रम फिर्ता लिनुका पछाडि जनताको विरोध मुख्य कारण थियो वा अमेरिकाको निर्देशन ? जनताले ता प्रारम्भ देखि नै त्यो आम हडतालको विरोध गर्दै आएका थिए । तर त्यसका बाबजुद उनीहरूले त्यो आन्दोलनलाई माधव नेपालको राजिनामा नआउँदासम्म वा आफ्नो नेतृत्वमा सरकार नबन्दासम्म लगातार चलाउने घोषणा गर्दै आएका थिए । तर अमेरिकी राजदूतले त्यो आम हडताल फिर्ता लिन अनुरोध गरेपछि अर्कादिन नै उनीहरूको आफ्नो आन्दोलनको कार्यक्रम फिर्ता लिएका थिए ।

जेष्ठ १४ गतेको सहमतिपछि पनि उनीहरूले सत्ता परिवर्तनको प्रश्नलाई नै आफ्नो प्रमुख नारा बनाएका छन् । वास्तवमा उनीहरूका लागि आफ्नो नेतृत्वमा सरकारका अगाडि शान्ति, गणतन्त्र वा संविधानको निर्माण आदि गौण महत्वका कुराहरू हुन् । त्यही नीति अन्तर्गत नै अहिले पनि उनीहरूले आफ्नो नेतृत्वमा सरकारलाई नै प्रमुखता दिएको कुरामा कुनै शंका रहन्न । उनीहरूको त्यही प्रकारको नीतिका सन्दर्भमा तीनबुँदे सहमतिको कार्यान्वयन सम्बन्धी विवादलाई पनि बुझ्नु पर्दछ ।

उनीहरूका अहिलेसम्मको नीति र राजनीतिक भूमिका माथि विचार गर्दा आफ्नो नेतृत्वमा सरकारको गठन बाहेक अन्य कुनै प्रकारको सहमतिका लागि उनीहरू तयार हुने देखिन्न । सहमतिका लागि जतिसुकै वार्ता वा प्रयत्नहरू गरेपनि उनीहरूको मुख्य जोड यही कुरामा हुन्छ : उनीहरूको नेतृत्वमा नै सरकार बन्नु पर्दछ । त्यसमा जोड दिनका लागि कुनै प्रजातान्त्रिक वा संवैधानिक आधार छैन । स्वयं उनीहरूको समेत सहमतिमा बनेको संविधान अनुसार सहमतिका आधारमा र सहमति हुन नसकेमा बहुमतका आधारमा सरकारको गठन गर्ने व्यवस्था गरिएको छ । तर उनीहरूले उनीहरूको संगठन सबैभन्दा ठूलो भएको वा जनताले उनीहरूलाई सबैभन्दा बढी भोट दिएको कारणले मात्र सरकारको नेतृत्व गर्ने उनीहरूलाई नै अधिकार हुनुपर्दछ भन्ने कुरामा जोड दिने मात्र होइन, जोरजबर्जस्ती पनि गर्ने गरेका छन् । तर बहुमत नभएपनि सबैभन्दा ठूलो संगठन भएका आधारमा मात्र सरकारको नेतृत्व गर्न पाउने व्यवस्था संसारको कुनै प्रजातान्त्रिक देशमा छैन र

स्वयं उनीहरू समेतले बनाएको संविधानले पनि त्यस प्रकारको व्यवस्था गरेको छैन । त्यो अवस्थामा उनीहरूले जोरजर्वस्ती गर्ने, दवाब दिने, पुन: सशस्त्र संघर्षको कुरा उठाएर जनतालाई आतंकित पार्ने, संविधान बन्न नदिने वा संविधानसभाको म्याद थप्न नदिने आदि कुराहरू गरेर पनि अन्य पक्षहरूलाई आफ्नो नेतृत्वमा सरकारको निर्माणका लागि बाध्य गर्ने प्रयत्नहरू गर्दछन् । अर्काशब्दमा, उनीहरूको आग्रह वा जोड यो कुरामा हुन्छ : अन्य सबै राजनीतिक पक्षहरूले बिना शर्त उनीहरूको त्यो दावीलाई स्वीकार गर्नुपर्दछ । त्यो बाहेक अन्य कुनै पनि प्रकारको विकल्प उनीहरूलाई स्वीकार छैन ।

प्रश्न यो छ र त्यो अत्यन्त गम्भीर प्रश्न हो : उनीहरूको त्यस प्रकारको नीतिले देशलाई कहाँ पुराउने छ ? शक्तिखोरको आफ्नो भाषणमा प्रचण्डले प्रष्टसित भनेका थिए : उनीहरूलाई फाइदा हुने नदेखेमा उनीहरूले संविधानसभाको चुनाव पनि हुन दिने छैनन् । प्रकारान्तरले त्यही नीतिलाई अहिले पनि अगाडि बढाइरहेका छन् : उनीहरूको नेतृत्वमा सरकार नबनेमा उनीहरूले शान्ति प्रक्रिया, गणतन्त्रलाई संस्थागत गर्ने कार्य वा संविधानको निर्माण पनि हुन दिने छैनन् । गत दुईवर्षको अवधिमा उनीहरूको आफ्नो नेतृत्वमा सरकार नबन्दासम्म संविधान बन्न नदिने नीतिका कारणले नै संविधानको निर्माणमा बाधा पुगेको थियो । त्यो अवधि पूरा भएपछि संविधानसभाको म्याद नथपेमा संविधानको निर्माण नगरिकन त्यसको ( संविधानसभाको) विघटन हुने स्थिति उत्पन्न भएको थियो । त्यो अवस्थामा त्यसको म्याद थप्नु ऐतिहासिक आवश्यकता भएको थियो । जब देश त्यस प्रकारको गम्भीर संकटको मुखमा उभिएको थियो, संविधानसभाको म्याद नथपेमा २०६२-६३ को आन्दोलनका उपलब्धिहरू वा गणतन्त्र समेत समाप्त हुने स्थिति देखापरेको थियो । माओवादीहरूलाई त्यसको चिन्ता थिएन । त्योबेला पनि उनीहरूलाई आफ्नो नेतृत्वको सरकारको मात्र चिन्ता थियो ।

संविधानसभाको म्याद थप्न संविधानमा संशोधन गर्नुपर्दथ्यो । त्यसका लागि संविधानसभाका दुईतिहाई बहुमतको समर्थन आवश्यक पर्दथ्यो । माओवादीहरूको समर्थन बिना त्यो बहुमत पुग्दैनथ्यो । त्यसरी उनीहरूको समर्थन बिना संविधानसभाको म्याद थप्न मिल्दैनथ्यो । त्यो अवस्थाबाट नाजायज फाइदा उठाउँदै उनीहरूले संविधानसभाको म्याद बढाउनका लागि वर्तमान सरकारको राजिनामालाई शर्तको रूपमा प्रस्तुत गरे । उनीहरूले अन्तसम्म यो अडान लिएका थिए : वर्तमान सरकारले राजिनामा दिने सहमति नभएसम्म उनीहरूले संविधानसभाको म्याद थप्नुलाई समर्थन दिने छैनन् । त्यसरी संविधानसभा, गणतन्त्रको भविष्यलाई समेत अचानो बनाएर आफ्नो नेतृत्वको सरकारमा जोड दिने उनीहरूको प्रयत्न अत्यन्त निकृष्ट प्रकारको राजनीतिक लाइन थियो । जेष्ठ १४ गतेको तीन बुँदे सहमतिपछि पनि उनीहरूको त्यस प्रकारको नीतिमा परिवर्तन भएको छैन । अहिले पनि उनीहरूको प्रधान माग त्यही छ : वर्तमान सरकारको राजिनामा, जसको अर्थ प्रकारान्तरले उनीहरूको नेतृत्वमा सरकार नै हुन्छ । उनीहरूले बाहिर ल्याएका अभिव्यक्तिहरूबाट यही आभाष मिल्दछ : उनीहरूको नेतृत्वमा सरकार नबनेमा उनीहरू शान्ति वा संविधानसभाको निर्माण समेतका कार्यहरू सम्पन्न गर्नका लागि तयार हुनेछैनन् । त्यसरी उनीहरूका लागि शान्ति र संविधानका प्रश्नहरूभन्दा आफ्नो नेतृत्वमा सरकारको प्रश्न प्रधान बन्न गएको छ ।

अहिले तीन बुँदे सहमतिका सन्दर्भमा उनीहरूले यो जोड दिइरहेका छन् : पहिले माधव नेपालको सरकारले राजिनामा दिनु पर्दछ । तर त्यो प्रधान पक्ष होइन । प्रधान पक्षहरू शान्ति प्रक्रिया र संविधानको निर्माणका कार्यहरू नै हुन् । तीनबुँदे सहमतिमा उक्त उद्देश्यहरू पूरा गर्नका लागि सहमतिको राष्ट्रिय सरकारको गठन गर्ने समझदारी पनि बनेको छ । यदि शान्ति, संविधान र राष्ट्रिय सरकार समेतका प्रश्नहरूमा सहमति नभइकन वर्तमान सरकारले राजिनामा दिन्छ भने त्यसबाट कैयौं व्यवहारिक समस्या, जटिलता वा गम्भीर प्रकारका विवादहरूको लामो श्रृंखला प्रारम्भ हुनेछ । तिनीहरूको समाधान गर्न नै लामो समय लाग्नेछ । त्यसरी संविधानसभाको अर्को एकवर्षको समयमा पनि संविधान बन्न मुश्किल पर्नेछ । सर्वप्रथम ता प्रारम्भमा नै त्यो प्रश्नमा विवाद प्रारम्भ हुनेछ : सहमतिको राष्ट्रिय सरकार कसको नेतृत्वमा गठन गर्ने ? सहमितको सरकार भनेपनि अहिलेसम्मको माओवादीहरूको कार्यविधि माथि विचार गर्दा आफ्नो नेतृत्वमा सरकार बाहेक उनीहरू अन्य कुनै विकल्पमा सहमत हुने सम्भावना कम देखिन्छ । यदि उनीहरूले आफ्नो नेतृत्वमा सरकारको लागि लगातार जोड दिन्छन् भने त्यो विवादको समाधान कसरी गर्ने ? त्यसको समाधानको एउटै संवैधानिक तरिका छ : सदनको बहुमतद्वारा निर्णय । तर सदनमा बहुमत प्राप्त गर्ने निश्चित नहुँदासम्म उनीहरू बहुमतद्वारा सरकार सम्बन्धी विवादलाई टुंगाउने कुरामा सहमत हुने सम्भावना कम देखिन्छ । उनीहरूको आफ्नो नेतृत्वमा सरकारको निर्णय नहुँदासम्म सहमति वा बहुमतद्वारा कुनै निर्णयमा नपुग्ने उनीहरूको अडान कायम रहँदासम्म अनिश्चित समयसम्म नै राष्ट्रिय सरकारको गठन हुन नसक्ने देखिन्छ । त्यस प्रकारको स्थिति उत्पन्न हुन नदिन सरकारको राजिनामाभन्दा पहिले राष्ट्रिय सरकारको गठन बारे सहमति वा त्यस्तो सहमति हुन नसकेमा सदनको बहुमतद्वारा टुंगाउने सहमति हुनुपर्दछ । अन्यथा वर्तमान सरकारको राजिनामाले खालि

**यदि शान्ति, संविधान र राष्ट्रिय सरकार समेतका प्रश्नहरूमा सहमति नभइकन वर्तमान सरकारले राजिनामा दिन्छ भने त्यसबाट कैयौं व्यवहारिक समस्या, जटिलता वा गम्भीर प्रकारका विवादहरूको लामो श्रृंखला प्रारम्भ हुनेछ । तिनीहरूको समाधान गर्न नै लामो समय लाग्नेछ । त्यसरी संविधानसभाको अर्को एकवर्षको समयमा पनि संविधान बन्न मुश्किल पर्नेछ ।**

थप अन्यौल र अनिश्चयताको स्थिति पैदा गर्नेछ । शान्ति प्रक्रिया र संविधानको निर्माणका प्रश्नहरूमा उठ्ने विवादले पनि संविधानको निर्माणमा बाधा पुराउन सक्दछ । त्यसैले सरकारले राजिनामा दिनुभन्दा पहिले उक्त प्रश्नहरूमा पनि सहमति भएमा नै राष्ट्रिय सरकारको गठन वा शान्ति प्रक्रिया र संविधान निर्माणका कार्यहरू सजिलैसित अगाडि बढ्न सक्नेछन् र एक वर्षको अवधिमा संविधानको निर्माण हुने आशा गर्न सकिने छ ।

यदि माओवादीहरू आफ्नो नेतृत्वमा सरकारलाई अन्य सबै कुराहरू, शान्ति प्रक्रिया, गणतन्त्र, संविधानको निर्माणका कार्यहरू, भन्दा माथि राख्ने नीतिमा कायम रहिरहे भने अर्को एक वर्षमा पनि संविधानको निर्माणको कार्य पूरा हुनेछैन । त्यो साँच्चिकै अत्यन्त गम्भीर प्रश्न हो : त्यसरी माओवादीहरूले देशलाई कता लैजादैछन् ? माओवादीहरूसित ठूलो संख्यामा लडाकू वा हतियारहरू छन् र संविधानसभाको पनि त्यो सबैभन्दा ठूलो संगठन हो । त्यसको त्यो शक्ति संविधानको निर्माण, गणतन्त्रको सुदृढीकरणमा समेत लागेमा त्यो धेरै खुसीको कुरा हुन्थ्यो । तर त्यो शक्तिलाई उनीहरूले गलत प्रकारले उपयोग गर्ने प्रयत्न गर्दछन् भने यी दुईवटा बाहेक अन्य कुनै विकल्प हुनेछैनन् : या ता उनीहरूको त्यस प्रकारका कारवाहीहरूका विरूद्ध दृढ र सम्झौताहीन संघर्षको नीति अपनाउनु पर्दछ वा उनीहरूको प्रभूत्वका अगाडि आत्मसमर्पण गर्नुपर्दछ ।

अहिले माओवादीहरूले आफ्नो नेतृत्वमा सरकारको प्रश्नमा मुख्य जोड दिइरहेका छन् र आफ्नो त्यो उद्देश्य पूरा गर्न सम्पूर्ण देश र जनताको भाग्यसित खेलवाड गर्दैछन् । तर प्रश्न यो हो : खालि आफ्नो पदलोलुपता वा महत्वाकांक्षा पूरा गर्न मात्र उनीहरूले त्यसो गर्दैछन् वा कुनै देशी र विदेशी शक्तिहरूको प्रत्यक्ष, अप्रत्यक्ष असर वा साँठगाँठका कारणले उनीहरूले त्यस प्रकारको नीति अपनाउँदैछन् ? त्यस सन्दर्भमा दुईवटा कुराहरू उल्लेखनीय छन् : प्रथम, पूर्व राजा वा राजावादीहरूसित उनीहरूको बारम्बार साँठगाँठको नीति रहँदै आएको थियो । २०६२-६३ को आन्दोलनको सन्दर्भमा उनीहरूले राजतन्त्रको अन्त र गणतन्त्रको स्थापनाका पक्षमा पनि महत्वपूर्ण भूमिका खेलेको कुरामाथि ध्यान दिंदा हामीले उनीहरूले राजापरस्त नीति अपनाएका छन् भन्नु सही हुनेछैन र हामीले पहिलेजस्तो उनीहरूको त्यसरी आलोचना गर्ने गरेका छैनौं । तर उनीहरूले संविधान निर्माणको कार्यमा एक वा अर्को प्रकारले बाधा पुराउने वा आफ्नो नेतृत्वमा सरकारको निर्माणका लागि अप्रजातान्त्रिक र असंवैधानिक तरिकाले जोड दिने जुन नीति अपनाइरहेका छन्, त्यसबाट यो प्रश्न नउठाइकन रहन सकिन्न : कहीं राजावादीहरूको प्रत्यक्ष वा अप्रत्यक्ष असरको कारणले उनीहरूले एक वा अर्को प्रकारले संविधानको निर्माणमा बाधा पुऱ्याइरहेका ता छैनन् ? उनीहरूको संगठनमा ठूलो संख्यामा राजावादीहरूको प्रवेश भएकाले तथा स्वयं प्रचण्डले राजाको नजिकका 'राष्ट्रवादीहरू'सित उनीहरूको मेलमिलापको नीति भएको घोषणा गरेकाले पनि त्यस प्रकारको प्रश्न उठाउनका लागि ठाउँ छ । यो कुरालाई पनि उपेक्षा गर्न सकिन्न कि देशमा राजावादीहरू व उनीहरूका नजिकका पत्रपत्रिकाहरूले देशका राजनीतिक शक्तिहरू मध्ये सबैभन्दा बढी माओवादीहरूलाई नै समर्थन गर्दछन् ।

यो पनि सायद संयोगको मात्र कुरा होइन कि, एकातिर, माओवादीहरूको केन्द्रीय कमिटिभित्र नेतृत्वको एउटा पक्षले संविधानसभाको म्याद थप्ने अडान लियो भने, अर्कोतिर, संविधानसभामा कट्टर राजावादी पक्षले म्याद थप्ने प्रस्तावका विरूद्ध मतदान दिए । यो कुरा प्रष्ट छ, संविधानको निर्माण भएन भने त्यसबाट सबैभन्दा बढी फाइदा प्रतिगमनलाई पुग्नेछ । उनीहरूले चाहन्छन्, संविधानको निर्माण नहोस् । किनभने संविधान बनेन भने गणतन्त्रलाई संस्थागत गर्ने काम हुन सक्नेछैन । त्यसैले संविधानसभाको म्याद थप्ने कुराको उनीहरूले खुला रूपले नै विरोध गरेका थिए । माओवादीभित्रको नेतृत्वको एउटा पक्षले संविधानसभाको म्याद थप्ने कुराको विरोध गरेको थियो । तर त्यो मतका विरूद्ध स्वयं त्यो समूह भित्र संविधानसभाको विघटनका विरूद्ध बलियो मत देखापरेकाले संविधानसभाको म्याद नथप्ने सोंचाई पराजित भएको थियो । नेपालको इतिहासको नै अत्यन्त गम्भीर घडीमा माओवादी समूहभित्रको जुन पक्षले आफ्नो समूहभित्र देखापरेका संविधानसभाका विरूद्धको षडयन्त्र असफल पार्न महत्वपूर्ण भूमिका खेल्यो, उनीहरू धन्यवादका पात्रछन् । तर पुन: यो प्रश्न उठ्दछ संविधानसभालाई बचाउनका लागि केन्द्रीय समितिमा उनीहरूले त्यस प्रकारको महत्वपूर्ण भूमिका खेलेको भएपनि अब संविधानको निर्माण र गणतन्त्रको सुदृढीकरणको कार्यलाई सफल पार्न त्यस प्रकारको भूमिका खेल्न सक्नेछन् वा छैनन् ? त्यस सन्दर्भमा यो प्रश्न पनि नउठाइकन रहन सकिन्न : जुन पक्षले माओवादीको केन्द्रीय समितिमा संविधानसभाको म्याद थप्ने कुराको विरोध गरेर संविधानसभालाई विघटन गर्ने, संविधान बन्न नदिने तथा गणतन्त्रलाई संस्थागत गर्ने कार्यलाई असफल पार्ने षडयन्त्र गरेका थिए, उनीहरूले पुन: नयाँ प्रकारले संविधानको निर्माणमा बाधा पुराउन चाल ता चल्दै छैनन् ? तीनबुँदे सहमतिको सन्दर्भमा शान्ति, संविधान तथा सहमतिको राष्ट्रिय सरकारमा सहमति कायम गर्ने कुरालाई गौण पारेर जसरी वर्तमान सरकारको राजिनामामा नै मुख्य जोड दिइरहेका छन्, त्यसमाथि विचार गर्दा त्यो प्रश्न उठाउनका लागि ठाउँ छ ।

यससित सम्बन्धित एउटा अर्को

> संविधानको निर्माणमा जोड दिने बेलामा संघीयतासित जोडिएका जातीय राज्य, आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेश वा बहुराष्ट्रिय राज्यका अवधारणाहरूका विरूद्ध संविधानसभा भित्र वा बाहिर हाम्रो लगातार संघर्ष चलिरहने छ र चलिरहनु पर्दछ ।

पक्षप्रति हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ । माओवादीहरूले जुन प्रकारको कार्यप्रणाली अपनाउँदै आएको छ, त्यो अवस्थामा सुधार नभइकन उनीहरूको नेतृत्वमा सरकारको निर्माण भयो भने देशमा अधिनायकवादी शासन कायम हुने खतरा छ । उनीहरूले अपनाउँदै आएको सामाजिक फासिवादी प्रकारको कार्यप्रणालीको कारण त्यस प्रकारको सम्भावनालाई अस्वीकार गर्न सकिन्न । उनीहरूले स्वयं आफूले प्रतिवद्धता प्रकट गरेका लोकतान्त्रिक मूल्य र मान्यताहरू वा स्वयं आफ्नो समेत सहमतिमा बनेको संविधानको पनि लगातार उल्लंघन वा अतिक्रमण गर्ने गरेका छन् । त्यसका साथै उनीहरूले देशव्यापी रूपमा सामाजिक फासिवादी प्रकारका गतिविधिहरू बढाउँदै गएका छन् । त्यस सिलसिलामा उनीहरूले थुप्रै मानिसहरूको अपहरण, हत्या, कुटपिट, सर्वस्वहरण, जोरजर्बजस्तीपूर्वक चन्दा असूली आदि जस्ता कार्यहरू गर्दै आएका छन् । उनीहरूको विरोध वा आलोचना गरेका आरोपमा सांघातिक प्रकारले कुटपिट गर्ने गरेका छन् । संघीयताको विरोध गरेको कारणले उनीहरूले कैयौं स्थानहरूमा हिंसात्मक आक्रमण गर्ने गरेका छन् । उनीहरूको त्यस प्रकारको हिंसात्मक आक्रमणबाट देशका विभिन्न भागहरूमा हाम्रा कैयौं समर्थकहरू वा हाम्रो वैधानिक मोर्चा, नजिकका जनवर्गीय संगठनहरूका कार्यकर्ताहरू पनि शिकार हुने गरेका छन् । उनीहरूको त्यो सम्पूर्ण कार्यप्रणाली माथि ध्यान दिएर नै हाम्रो पार्टीले उनीहरूको नेतृत्वमा सरकारको गठन भएमा त्यो अत्यन्त घातक हुने कुरा बताउँदै आएको छ ।

अहिले कतिपय पक्षहरूले यो प्रश्न उठाउने गरेका छन् : लामो सशस्त्र संघर्षपछि शान्तिपूर्ण आन्दोलनमा आएको र संविधानसभाको सबैभन्दा ठूलो संगठनलाई सबैतिरबाट निषेध गर्नु के सही हो ? त्यो सत्य हो, अहिले उनीहरू राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्री, सभामुख, संवैधानिक समितिको सभापति आदि प्रमुख पदहरूमा छैनन् । सभामुखको पद सर्वसम्मतिबाट नै टुंगिएको थियो । तर अन्य पदहरू बहुदलीय प्रतिस्पर्धाका आधारमा नै टुंगिएका थिए । राष्ट्रपति र उपराष्ट्रपतिका पदहरूमा उनीहरूमा उम्मेदवारहरू बहुमतद्वारा पराजित भएका थिए । प्रचण्डले प्रधानमन्त्री पदबाट राजिनामा दिएपछि आफ्नो उम्मेदवारलाई बहुमत प्राप्त हुने नदेखेपछि उनीहरूले प्रधानमन्त्रीको चुनावलाई बहिष्कार गरेपछि नै माधव नेपाल सर्वसम्मतिले प्रधानमन्त्री चुनिएका थिए । संवैधानिक समितिको चुनावमा उनीहरूको उम्मेदवार पराजित भएका थिए । त्यसरी अहिले कुनै पदमा उनीहरू छैनन् भने त्यो प्रजातान्त्रिक प्रक्रिया अन्तर्गत नै भएको हो । तैपनि वर्तमान सरकारमा सामेल हुनका लागि उनीहरूलाई बारम्बार अनुरोध गरिएको थियो । तर आफ्नो नेतृत्वमा सरकार नबन्दासम्म उनीहरूले सरकारमा सामेल हुन अस्वीकार गरेकाले नै उनीहरू वर्तमान सरकारमा छैनन् । त्यसरी वास्तवमा उनीहरूलाई अन्य राजनीतिक शक्तिले निषेध गर्न खोजेकाले वा उनीहरूका विरुद्ध षडयन्त्र गरेकाले होइन, प्रजातान्त्रिक प्रक्रिया अनुसार वा स्वयं उनीहरूले सरकारमा जान अस्वीकार गरेकाले नै उनीहरू एक्लिन पुगेका छन् । तर एउटा जिम्मेवार राजनीतिक दलले सत्ता वा प्रतिपक्षमा भएपनि देश र जनता प्रतिको आफ्नो उत्तरदायित्व पूरा गर्ने प्रयत्न गर्नुपर्दछ । सरकारमा नभएका कारणले वा आफ्नो नेतृत्वमा सरकार नभएका कारणले त्यस प्रकारको दायित्व पूरा गर्न अस्वीकार गर्नु चरम प्रकारको गैरजिम्मेवारपन हो ।

एउटा बारम्बार उठ्ने गरेको प्रश्न यो पनि हो : माओवादीहरूले पुन: सशस्त्र संघर्षको दिशामा जानका लागि वर्तमान राजनीतिक संरचना, संविधानसभा र गणतन्त्रलाई समेत असफल पार्ने उद्देश्य अन्तर्गत काम गरिरहेका ता छैनन् ? उनीहरूले पुन: सशस्त्र संघर्षको बाटोमा जाने नीति अन्तर्गत नै अहिलेका आफ्ना गतिविधिहरूलाई सञ्चालन गरिरहेका छन् वा त्यस प्रकारको कुरा गरेर अन्य पक्षहरूलाई तर्साएर सत्ता प्राप्त गर्न अहिलेका खेलहरू खेलिरहेका छन् ? त्यो भविष्यमा नै थाहा हुने कुरा हो । त्यो कुरा जे भएपनि यदि उनीहरूले पुन: साँच्चिनै सशस्त्र संघर्षमा जाने निर्णय गर्दछन् भने त्यो पहिलेको जस्तो नै उग्र"वामपन्थी" गल्ति हुनेछ । त्यसको सबैभन्दा पहिलो परिणाम यो हुनेछ : संविधानको निर्माण र गणतन्त्रलाई संस्थागत गर्ने काममा बाधा पुग्नेछ । त्यो अवस्थामा देशभित्र प्रतिगमन र विदेशी शक्तिहरूलाई पनि आफ्नो स्थिति मजबूत पार्न, प्रभाव बढाउन मद्दत पुग्नेछ । माओवादहिरूका अवस्तुवादी र अवसरवादी वा 'क्यारिरिष्ट' नीति वा गतिविधिहरूबाट देशलाई र स्वयं माओवादीहरूलाई पनि धेरै नोक्सान पुगिसकेको छ र भविष्यमा पनि त्यस्तो हुन नदिन माओवादीहरू वा सबै राजनीतिक शक्तिहरू तथा जनताले पनि ध्यान दिनुपर्ने आवश्यकता छ । त्यसरी नै हामीहरू आगामी एकवर्षमा पहिले दुईवर्षको अवधिमा सम्पन्न हुन नसकेको संविधानको निर्माणको कार्य सफल पार्न र गणतन्त्रलाई सुदृढ गर्न सफल हुनेछौं । निश्चय नै एउटा मार्क्सवादी-लेनिनवादी पार्टीको हैसियतले हामीहरू यसबारे पनि स्पष्ट छौं कि अहिले देशमा बन्ने संविधान वा गणतन्त्रलाई संस्थागत गर्ने कार्य अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक व्यवस्था अन्तर्गतकै कुराहरू हुन् र यो स्थितिमा आमूल परिवर्तन गरेर उच्च क्रान्तिकारी व्यवस्थाको निर्माणका लागि हामीले अझै लामो संघर्ष गर्नुपर्ने आवश्यकता छ । तैपनि वर्तमान ऐतिहासिक अवस्थामा संविधानको निर्माण र गणतन्त्रलाई संस्थागत गर्ने कार्यहरूले प्रगतिशील महत्व राख्दछन् र ती कार्यहरू सम्पन्न गरेर नै हामीहरू उच्च क्रान्तिकारी दिशामा अगाडि बढ्न सक्नेछौं ।

अन्तमा केही शब्द संघीयताका बारेमा । तत्काल संविधानको निर्माणको विषय देशको प्रमुख राजनीतिक प्रश्न भएको छ । त्यसमा जोड दिने बेलामा संघीयताबाट ध्यान हटाउनु गलत हुनेछ । संविधानको निर्माणमा जोड दिने बेलामा संघीयतासित जोडिएका जातीय राज्य, आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेश वा बहुराष्ट्रिय राज्यका अवधारणाहरूका विरुद्ध संविधानसभा भित्र वा बाहिर हाम्रो लगातार संघर्ष चलिरहने छ र चलिरहनु पर्दछ ।•

# संगठनलाई बलियो बनाउनेबारे

- वासुदेव -

विश्वमा भएका सबै भौतिक चिजहरू एउटा नियम र पद्धतिअनुसार चलिरहेका हुन्छन्। चीज वा वस्तुहरू चल्ने नियम तोडिदा वा उल्लंघन हुँदा त्यो वस्तुको अस्तित्व समाप्त हुन्छ। एउटा सामाजिक नियम अन्तर्गत बन्ने वा बनेको कम्युनिष्ट पार्टी एउटा संगठन हो। सबै प्रकारका अन्याय, अत्याचारका विरूद्ध उच्च र सभ्यप्रकारको समाज स्थापना गर्ने उद्देश्य बोकेको उच्च प्रकारको चेतनाले सुसज्जित मिलिटेण्ट र क्रान्तिकारी संगठन। यस प्रकारको संगठन परिचालन हुनको लागि पनि एउटा नियम छ र त्यो नियम हो - व्यक्ति संगठनको अधिनमा, तल्लो संगठन उपल्लो संगठनको अधिनमा सबै तल्ला संगठनहरू सबै उपल्लो संगठनको अधिनमा र केन्द्रीय समिति महाधिवेशन (रा.स.)को अधिनमा। यो संगठनात्मक नियम हो। कम्युनिष्ट पार्टीमा लागेका व्यक्तिहरू स्वतन्त्र र आफ्नो इच्छाअनुसार यो नियमलाई स्वीकार गरेर पार्टीमा लागेका हुन्छन्। यो नियमलाई नमान्ने कुनै व्यक्ति कम्युनिष्ट पार्टीमा सामेल हुन सक्दैन।

व्यक्ति संगठनको अधिनमा हुनु भनेको आफू संगठीत रहेको कमिटिको अधिनमा रहनु भनेको हो। संगठीत समितिको निर्णय पालन गर्नु भएको हो। अर्को अर्थमा आफू जुन समितिमा आवद्ध भएको छ उक्त समितिमा आफ्ना विचार निर्धक्कसाथ राख्न पाउने अधिकार पनि हो। सबै संगठीत व्यक्तिहरूले आफ्ना-आफ्ना विचार राखिसकेपछि त्यसमा सामेल संगठीत व्यक्तिहरूका जुन विचारले पार्टीलाई फाईदा पुग्छ भन्ने लाग्दछ त्यही विचारलाई निर्णय गर्ने गरिन्छ। त्यसरी विचारहरू राख्दा विभिन्न व्यक्तिहरूका विचारहरू अलग-अलग आउन सक्दछन्। अन्त्यमा बहुमतीय विचारलाई मान्यता दिने र त्यही विचार सबैको विचार हो भन्ने मानेर कार्यान्वयनमा जानुपर्दछ। आफ्नो विचार जेसुकै भएपनि बहुमतको विचारलाई मानेर कार्यान्वयनमा जानु नै व्यक्ति संगठनको अधिनमा हुनु हो।

तल्लो संगठन, उपल्लो संगठनको अधिनमा हुन्छ भन्नुको अर्थ पनि प्रत्येक तल देखि माथिसम्मका समितिहरूमा त्यही बहुमतीय नियमहरू लागू हुन्छन्। अर्कोतिर सबै तल्ला समितिहरूले सबै उपल्ला समितिहरूमा आफ्नो प्रतिनिधि पठाएर समितिहरू गठन हुने अथवा अधिवेशन वा सम्मेलनद्वारा नीति र नियमहरूको निर्णय हुने भएकोले सबै समितिहरूका सबै उपल्ला समितिहरू नेतृत्वदायी हुँदै संगठीत भएका हुन्छन्। त्यसकारण कम्युनिष्ट आन्दोलनमा आफ्ना विचारहरू अलग-अलग भएपनि त्यसलाई (कम्युनिष्ट आन्दोलनलाई) एक ढिक्का, बलियो र मिलिटेन्ट बनाउन यो नियमलाई मान्नु पर्दछ। कुनै आधारभूत नियमलाई परिवर्तन गर्न परेमा पुन: सम्मेलन वा अधिवेशनद्वारा बदल्नुपर्ने हुन्छ र कम्युनिष्ट पार्टीहरूले त्यही पद्धतिलाई अपनाउँछन्। अधिवेशनको निर्णयलाई कार्यान्वयनमा लैजान र परिवर्तित अवस्था अनुसार मूलनीतिको विरूद्ध नहुने गरेर कतिपय तात्कालिन विषयहरूलाई बदल्नु पर्ने आवश्यकता भएमा एउटा अधिवेशनपछि अर्को अधिवेशनसम्म काम गर्नको लागि केन्द्रीय समिति बनेको हुन्छ। त्यो समितिले मूल नीतिको अधिनमा रहि कार्य सञ्चालन गर्दछ। त्यसरी कार्यसंचालन गर्दा केन्द्रीय समितिले गरेका निर्णयहरू गलत भएमा आउने अधिवेशनसम्म तल्ला समितिहरूले वा व्यक्तिहरूले संगठीत वा व्यक्तिगत रूपले विरोध गर्ने र अधिवेशनमा त्यसलाई अस्वीकार गराउने अधिकार हुन्छ। त्यो अवस्थामा विभिन्न समयमा अल्पमतमा रहेका व्यक्तिहरूले पनि सम्बन्धित आफ्नो कमिटिमा तत्कालै देखि विरोध राख्ने र उपल्लो कमिटिमा वा केन्द्रीय समितिमा पठाउने जनवादी अधिकार नियमितरूपमा जारी राख्न पाइन्छ। अधिवेशनमा आफूले राखेका विचारहरूबारे छलफल र निर्णयार्थ प्रस्तुत गरी निर्णय गराउन पाइन्छ। त्यसभन्दा पहिला सम्बन्धित आफू रहेको कमिटीमा छलफलमा स्वतन्त्रता र कार्यमा एकता भै कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउनु पर्दछ।

हाम्रोजस्तो विविध प्रकारको समाजमा पार्टीमा सामेल हुने व्यक्तिहरू पनि विभिन्न विचार लिएर सामेल भएका हुन्छन्। ती सबै विचारहरूलाई नेतृत्व गरी लैजाने क्रममा व्यक्ति संगठनको अधिनमा र तल्लो संगठन उपल्लो संगठनको अधिनमा नरहने हो भने सबै संगठनहरू अराजक बन्दछन् र त्यसले वस्तुस्थितिलाई ठम्याउने र क्रान्तिको नेतृत्व गर्न सक्दैन। कम्युनिष्ट आन्दोलनलाई सही तरिकाले बुझ्ने र त्यसलाई अगाडि बढाउने क्रममा हाम्रो समाजका विचारका प्रतिविम्ब पनि पार्टी कमिटीमा देखापर्दछन्। कम्युनिष्ट पार्टीका सदस्यहरूले गलत प्रकारका प्रतिविम्बहरूलाई परास्त गर्दै कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउने पद्धति नै अपनाउनु पर्दछ।

पार्टीमा सामेल व्यक्तिहरूका सामाजिक सम्बन्धसंग रहेका विचारहरूको प्रतिविम्बको विषयमा अन्तर संघर्ष सञ्चालन गर्नुपर्ने हुन्छ र ती संघर्ष बारम्बार चलिरहन्छन्। संगठनमा बसेर आफ्नो भनाई स्वीकार भएन भने निष्क्रिय हुने, लुजटक गर्ने, गुटबन्दी गर्ने, मैले भनेको भएन भने यो गर्छु वा त्यो गर्छु भन्ने, आफ्नो जीत देखाउन विरोधी संगठनहरूमा वा पत्रपत्रिकामा संगठित र निर्णय भएका विचार होइन कि आफ्ना विचार लैजाने आदि गलत प्रवृत्तिहरू पनि कहिलेकांही देखिने गर्दछन्। त्यस्ता अभिव्यक्ति वा विचारहरू निम्नपुँजीवादी अधैर्यताका परिणामहरू हुन्। ती विचारहरूले आफू रहेको पार्टीलाई होइन विरोधीहरूलाई सहयोग पुऱ्याइरहेको हुन्छ। आफू रहेको कमिटी आफूले लामो समय संगै काम गरेका साथीलाईभन्दा अर्को संगठनलाई र त्यसमा काम गरेकाहरूलाई नजिक देख्ने र राम्रो मान्ने गर्दछन्। त्यस्ता व्यक्तिहरूले क्रान्तिकारी संगठनलाई बलियो बनाउनेभन्दा पनि कमजोर बनाउँदै लगेका हुन्छन्। त्यस्ता विचार वा प्रवृत्तिहरूका विरूद्ध संघर्ष गरेर मात्रै कम्युनिष्ट पार्टीलाई बलियो बनाउन सकिन्छ। अहिलेसम्मको कम्युनिष्ट आन्दोलनको इतिहासलाई हेर्दा बाहिरी

# निम्न पुँजीवादी चिन्तनद्वारा निर्मित समस्याहरू

– उमेश

नेपालको कम्युनिष्ट आन्दोलन यति बेला असाध्य संकटको बीचबाट गुज्रिरहेको छ। हुन त आज विश्वभरी नै कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा छ, त्यसको असर नेपालमा पनि पर्ने नै भयो। पहिलो र दोस्रो विश्व युद्धपछि निर्माण भएको विश्व समाजवादी क्याम्प विघटन भएको लामो समय भैसक्यो। विशेषत: सोभियत संघ र चीनको समाजवादले पल्टा खाएपछि पूर्वी यूरोपका कैयौं समाजवादी राज्यहरूले विघटनको दिशा समाते र आज संसारका कुनै पनि देशमा समाजवादी व्यवस्था छैन। तर संसारका उत्पीडित राष्ट्रहरूमा साम्राज्यवादी थिचोमिचोबाट मुक्तिका लागि विभिन्न खाले आन्दोलनहरू चालिरहेका छन्। ती आन्दोलनहरूको एउटा हिस्सा समाजवादी आन्दोलन हो विश्व पुँजीवाद र साम्राज्यवादबाट मुक्ति याउनका लागि उत्पीडित राष्ट्रका जनताले आ-आफ्नो ढंगबाट आन्दोलन चलाइरहेछन्।

आजको दुनियाँमा विश्वपुँजीवाद र साम्राज्यवादको एकछत्र शोषण कायम छ। तर हाम्रो देशमा विश्वपुँजीवाद, अमेरिकी साम्राज्यवाद, भारतीय विस्तारवादको शोषणको साथसाथै देशीय सामन्तवाद र सामन्ती अर्थव्यवस्था कारणले पनि त्यत्तिकै शोषण भएको छ। नेपालको कम्युनिष्ट आन्दोलनको निसाना सामन्तवादी अर्थ व्यवस्था भारतीय विस्तारवाद, अमेरिकी साम्राज्यवाद र अर्थ पुँजीवादी मुलुकहरूबाट हुने शोषणको विरूद्ध लक्षित हुनुपर्दछ। तर विडम्बना नेपालको कम्युनिस्ट आन्दोलनमा सबैप्रकारका शोषण उत्पीडितका विरूद्धको आन्दोलनमा नेपाल कम्युनिष्ट पार्टी (मसाल) यक्लै भएको छ। अन्य कथित कम्युनिष्ट पार्टीहरू विशेषत: एमाले र माओवादी सत्ताको आडमा यो वा त्यो रूपले सबै प्रतिक्रियावादी शक्ति केन्द्रहरूको सेवा गरिरहेका छन्।

नेपालको कम्युनिष्ट आन्दोलनमा नेकपा एमाले उग्र"वामपन्थी" गतिविधिबाट क्रमश: दक्षिणपन्थी दिशा समात्न पुग्यो भने नेकपा माओवादी उसको पछि-पछि उग्र"वामपन्थी" गतिविधिबाट क्रमश: दक्षिणपन्थी बाटो समात्दै गैरहेको छ। यी दुवै पार्टीहरू एमाले र माओवादीले कहिल्यै मार्क्सवादी लेनिनवाद र माओविचारधारालाई ठीकसँग पक्रन सकेनन्। उनीहरूले आफूलाई मार्क्सवाद-लेनिनवाद-माओ विचार धाराका अनुयायी त बनाए। तर नीति कार्यक्रम र व्यवहारमा सधै अवसरवादी दिशा समातिरहे। उनीहरूले प्रतिक्रियावादी राज्य व्यवस्थाभित्र सत्तामा जाने र सत्ताको आडमा सच्चा कम्युनिस्ट पार्टीलाई सकेसम्म भत्काउने, क्षत-विक्षत पार्ने अभियान नै शुरू गरे। २०४६ को जनआन्दोलनदेखि अहिलेसम्म यो अभियानलाई तीब्र पारिरहेका छन्। मार्क्सवाद-लेनिनवाद-माओ विचारधारालाई आफ्नो पथप्रदर्शक सिद्धान्त मान्ने सच्चा कम्युनिष्ट पार्टीका कार्यकर्ताहरूलाई पद, पैसा, प्रतिष्ठा बाँडेर पलायन गराउने अभियान नै चलाएका छन्।

जीवनका महत्वपूर्ण दिनहरूमा घर, परिवार, पेशा, जागिर र सबै व्यक्तिगत सुख सम्वृद्धिहरूलाई पार्टी र क्रान्तिको हितको अधिन राखेर देश र जनताको पक्षमा कुर्वानी गरेका ठूला-ठूला आन्दोलनहरूको नेतृत्व गरेका त्यागी नेता तथा कार्यकर्ताहरू पनि क्रमश: आन्दोलनबाट पलायन हुने यो वा त्यो बहाना बनाएर अवसरवादको बाटो समाप्ने प्रक्रिया पनि त्यत्तिकै चलिरहेको छ। यसको मुख्य कारण के हो ? आफूले जीवनभर अपनाएका सैद्धान्तिक राजनैतिक मूल्य मान्यताहरूलाई मान्छेले किन सजिलैसँग छाड्छ ? किन मान्छेले आफूले बनाएको पार्टी, कार्यकर्ता, जनआधारलाई शत्रुहरूका विरूद्ध संघर्ष गरेर मात्र होइन, पार्टी भित्रका गलत पद्धति, विचार र प्रवृत्तिहरूका विरूद्ध पनि दृढतापूर्वक संघर्ष गरेर नै कम्युनिष्ट पार्टी बलियो भएको भेटाइन्छ। गलत विचारका विरूद्ध कसरी संघर्ष गर्ने ? त्यो काम तल वा माथि कहाँबाट सुरू गर्ने ? आदि विषयहरूमाथि पनि हामीले ध्यान दिनुपर्दछ।

सर्वप्रथमत: असम्बन्धित व्यक्ति र संगठनसंग सम्पर्क नगर्ने, त्यस प्रकारको खोजी गर्ने व्यक्तिहरूलाई परिचय नगराउने र त्यस प्रकारको गलत पद्धतिको आलोचना गर्ने। आफूले पनि त्यस्ता काम नगर्ने र व्यक्तिगत लाभ प्रतिष्ठाको लागि प्रभावमा पार्न प्रयत्न गर्नेहरूलाई पहिचान गर्ने र उसले संगठनको लागि भनेको छ वा आफ्नो स्वार्थको लागि भन्ने बारे बुझ्ने, निर्णयलाई हेर्ने, निर्णय अनुसार काम भएको हो वा होइन छानविन गर्ने र रिपोर्ट गर्ने। आवश्यकीय सांगठनिक कार्य अनुसार व्यक्ति संगठन र नेतृत्व परिचय हुँदै जान्छ। कम्युनिष्ट आन्दोलनमा प्रायश: उपल्लो (केन्द्रीय) कमिटीका व्यक्तिहरूबाट अपनाउने गलत तरिका वा सांगठनिक अवहेलनाबाट कम्युनिष्ट आन्दोलनलाई बढी नोक्सान पुग्ने गरेको छ। त्यसकारण उपल्लो कमिटिबाट संगठनात्मक नियमलाई नमान्ने र तल गएर आफ्ना विचार प्रकट गर्दै आफ्नो प्रभावमा पार्ने प्रयत्नगर्ने व्यक्तिहरूलाई तल्ला कमिटीहरूले सतर्कतापूर्वक कमजोरीलाई औंलाई दिने र उपल्लो कमिटिमा रिपोर्ट पठाउने गर्नुपर्दछ। सबै संगठीत कमिटिको सक्रियता, सचेतता र तात्कालिन रिपोर्टले सम्बन्धित कमिटि वा व्यक्ति र उपल्लो कमिटिमा भएका कमी र कमजोरीहरूलाई सुधार्न धेरै मद्दत पुग्ने गरेको छ। संगठनात्मक नियमका कैयौं कुराहरू थाहा पाएर पनि त्यस विषयमा ध्यान नदिने, औपचारिक जानकारी नगराउने र आफू पनि त्यसैमा सामेल हुने गर्नाले संगठनलाई नोक्सान पुग्ने गर्दछ। व्यक्ति संगठनको अधिनमा बस्न छाडेको कुरा थाहा पाएर पनि वा क्षेत्रीयता, इलाकीय भावनाका साथै दूरदृष्टिद्वारा होइन कि क्षणिक सक्रियता, उत्तेजनाको पक्षबाट प्रभावित भएर औपचारिक कुरा वा रिपोर्ट नगर्ने, गर्न डराउने आदि कारणले पनि आन्दोलनलाई नोक्सान पुग्ने गर्दछ। त्यसकारण जहाँ जसबाट संगठनात्मक नियमको उल्लंघन हुन्छ तदारूकतासाथ नियन्त्रण गर्न अपनाईने सही पद्धतिले नै संगठनलाई बलियो र मिलिटेन्ट बनाउन सक्दछ।•

सजिलैसँग भत्काउने आँट गर्छ ? यसको कारण पत्ता लगाएर सही प्रकारले उपचार गर्नु जरूरी हुन्छ ।

यसको मुख्य कारण निम्नपुँजीवादी चिन्तन पद्धति नै हो । मान्छे कम्युनिष्ट पार्टीमा त लाग्छ तर आफू कम्युनिस्ट बन्न सकेको हुँदैन । मान्छे पार्टीमा लाग्छ सक्रिय हुन्छ, संघर्षहरूमा भाग लिन्छ । ठूला-ठूला आन्दोलनको नेतृत्व गर्छ, जनताको विश्वास जिन्दै जान्छ र समाजमा स्थापित हुन्छ । त्यसको साथ साथै घर बिग्रन्छ, ऋण लाग्दै जान्छ, बाबु आमा छोराछोरीले दु:ख पाउँछन् । श्रीमतीले आँसु झार्छिन । आफन्तहरूले अपमान गर्न थाल्छन् । अर्कोतिर संगी साथीहरू ठाँटबाँठ सँग बसेको, खाए लाएको, धनसम्पत्तिको रवाफ देखाएको देख्छ । क्रान्ति पार्टीमा हेलिंदै जाँदा आफू सिद्धिंदै गएको तर आफूले क्रान्ति गरेर ल्याउने भनेको व्यवस्था झन सुदुर भविष्यको विषय बन्दै गएको देख्छ । सत्तामा बसेका पार्टीहरू र उनका कार्यकर्ताको जीवनस्तर माथि उठेको उनीहरूको रवाफ, हालीमुहाली, चहलपहल देख्छ । जनताको ठूलो हिस्सा उनीहरूकै पछाडि लागेको देख्छ । आफूभन्दा पछाडि पार्टीमा लागेकाहरूको सान सौकात बढेको, तर आफू असाध्य दु:ख पाएर बाँचेको देख्छ । मान्छे निरास हुन्छ ।

यी सबै कुरा निम्नपुँजीवादी मनोदशाका उपजहरू हुन् । सबै काम कुरामा आफूलाई केन्द्र बनाएर हेर्ने, लाभ, हानीको हिसाब किताब गरेर मात्र चल्ने । आफ्नो केही पनि गुमाउन नचाहने, गुमेकोमा पश्चाताप गर्ने आफू नियम, अनुशासनमा बस्न नसक्ने अरूबाट त्याग र समर्पणको आशा गर्ने । कामको त तत्काल प्रतिफल खोज्ने, धैर्यताको कमी, महत्वकांक्षी पद प्रतिष्ठाको चिन्ता अरू अगाडि बढेकोमा डाहा गर्ने, आत्मप्रसंशा आदि सबै निम्नपुँजीवादी चिन्तन प्रणालीले उत्पन्न गर्ने डरलाग्दो रोग हुन् । यसले निष्ठापूर्वक निरन्तर रूपले देश र जनताको हितमा आफूलाई समर्पण गर्न बाधा पुऱ्याउँछ ।

हाम्रो आन्दोलनमा काम गरिरहँदा कार्यकर्ताको जीवनशैली एक ढंगबाट चलिरहेको हुन्छ । जब उसले पार्टी छाड्छ पलायन हुन्छ, अवसरवादीहरूको दुश्मन वर्गको चाकडी चाप्लुसी गर्छ, राजनीतिक वैचारिक रूपले पतन हुँदै जान्छ तव उसको व्यक्तिगत जीवनशैली हवात्तै माथि उठेको देखिन्छ । यो सुखभोगको राजनीतिबाट कार्यकर्ताको दृष्टिकोण माथि उठाउन सकिएन भने क्रान्तिकारी पार्टीमा कार्यकर्ता टिकिरहन मुस्किल पर्ने गर्छ ।

*हामीले पार्टीभित्र निम्न पूंजीवादी विचार र प्राकृतिका विरूद्ध निरन्तर संघर्ष गर्नुपर्दछ । हाम्रो समाज निम्नपूंजीवादी समाज हो । हाम्रो पार्टीमा आउने कार्यकर्ताहरू त्यही समाजले सिकाएका दृष्टिकोण बोकेर आएका हुन्छन् पार्टीमा प्रवेश गराइसकेपछि क्रमश: निम्न पूंजीवादी चिन्तनका विरूद्ध प्रशिक्षण गर्दै सिद्धान्त र व्यवहारको ज्ञानले दिक्षित गराएर नै यो समस्याबाट विजय प्राप्त गर्ने सकिन्छ ।*

अहिले पनि क्रान्तिविरोधी र अवसरवादीहरूबाट पार्टी र कार्यकर्तामाथि चौतर्फी हमला भइरहेको छ । पुँजीवादीहरूसँग धेरै नै प्रचार सामाग्रीहरू छन् । प्रकाशन र श्रव्यदृश्यका साधनहरू यथेष्ट मात्रामा छन् । त्यसबाट पनि धेरैलाई गलत प्रभाव परेको हुन्छ । हामीसँग सीमित प्रकाशनहरू हुन्छन् । त्यो पनि आमरूपमा वितरण हुन सक्दैन । वितरण भएपनि पढ्ने बानी एकदम कम हुँदै गएको छ । त्यसैले आफ्नो राजनीतिबारे फैलाइएको भ्रमलाई चिर्न कार्यकर्ताहरूलाई मुश्किल परिरहेको हुन्छ ।

हामीले पार्टीभित्र निम्न पुंजीवादी विचार र प्रवठृतिका विरूद्ध निरन्तर संघर्ष गर्नुपर्दछ । हाम्रो समाज निम्नपुँजीवादी समाज हो । हाम्रो पार्टीमा आउने कार्यकर्ताहरू त्यही समाजले सिकाएका दृष्टिकोण बोकेर आएका हुन्छन् पार्टीमा प्रवेश गराइसकेपछि क्रमश: निम्नपुँजीवादी चिन्तनका विरूद्ध प्रशिक्षण गर्दै सिद्धान्त र व्यवहारको ज्ञानले दीक्षित गराएर नै यो समस्याबाट विजय प्राप्त गर्ने सकिन्छ । कम्युनिष्ट आन्दोलनले ठीक दिशा समात्न नसक्नुका पछाडि चिन्तनमा देखिएको समस्या नै हो । यो हतपत्ति हल हुन सक्दैन । औद्योगिक विकास भैसकेका मुलुकमा पार्टी कार्यकर्ता मजदुर वर्गबाट आउँछन् । सामन्ती व्यवस्था भएका देशमा कार्यकर्ताको ठूलो हिस्सा निम्नपुँजीवादी नै हुन्छ । गलत दृष्टिकोणका विरूद्ध मैत्रीपूर्ण र निरन्तर संघर्षद्वारा नै हल गर्दै अगाडि जानुपर्दछ । सैद्धान्तिक राजनैतिकस्तर माथि उठाएर र कम्युनिष्ट विश्वदृष्टिकोणले शिक्षित-दीक्षित गरेर नै कम्युनिष्ट आन्दोलनबाट भैरहेको पलायनलाई रोक्न सकिन्छ ।•

**वक्तव्यको बाँकी.....**

आफ्नो संघर्षलाई लगातार अगाडि बढाइ रहने हाम्रो पार्टीको नीति हुनेछ ।

मेघालयमा ठूलो संख्यामा नेपालीहरूमाथि भएको लुटपिट, कुटपिट, हत्याका कारवाहीहरू तथा हजारौंको संख्यामा नेपालीहरू त्यहाँबाट विस्थापित भएको घटनालाई हाम्रो पार्टीले अत्यन्त गम्भीर रूपमा लिन्छ र त्यहाँका नेपालीहरूको हक, हित वा जनधनको सुरक्षाका लागि आवश्यक पहल गर्न नेपाल सरकार तथा दिल्लीस्थित नेपाली दुतावाससित पनि अनुरोध गर्दछ ।

माओवादीहरूले हाम्रो पार्टीका समर्थकहरू गुल्मीको विश्वखर्कमा नरबहादुर वि.क. र इश्वरी पौडेल लगायतलाई कुटपिट र पिस्तोल ताकेर हत्या गर्ने प्रयत्न तथा दाङ तुलसीपुरमा तीलक खड्काबाट पाँच लाखको चन्दा जबर्जस्ती माग गरेका कार्यहरूलाई हामीले तीब्र शब्दमा भ्रत्सना गर्दै त्यस प्रकारको कारवाही तुरून्त रोक्नका लागि चेतावनी दिन्छौं ।

विराटनगरमा एकजना भारतीय सीमा सुरक्षा बलको इन्सपेक्टरले एकजना निर्दोष नेपाली नागरिकको हत्या गरेको कारवाहीको हाम्रो पार्टीले तीब्र शब्दमा भर्त्सना गर्दछ र दोषि माथि कारवाही तथा मृतकको परिवार समेतका लागि आवश्यक पहल गर्न सरकारसित अनुरोध गर्दछ ।•

# तात्कालिन राजनीतिमा माओवादी विरूद्धको संघर्षको महत्व

- सुबोध

नेपालको तात्कालिन राजनीतिमा माओवादी विरूद्धको संघर्षले अत्यन्तै ठूलो महत्व राख्दछ । किनभने माओवादीहरूले अपनाएको नीति र कार्य प्रणालीले देशलाई खतरानाक दिशातर्फ लगिरहेको छ । उनीहरूका गलत नीतिहरूलाई सच्याउन र देशलाई गलत बाटोमा जान नदिन नै संघर्षको आवश्यकतामा जोड दिनु परेको हो ।

विगतमा हामीले सही तात्कालिक लाईन निर्धारण गर्न पार्टी भित्रका गलत प्रवृत्ति र सोचाईका विरूद्ध गरेको कडा संघर्ष र बाहिर आन्दोलनका दौरानमा विभिन्न पार्टीका गलत नीति र कार्यशैली जसले आन्दोलनको विकास र सफलतामा बाधा पुऱ्याउँछ त्यसका विरूद्ध सम्झौताहीन संघर्षको बाटो अपनाउँदै आएका छौं । धेरै टाढा हामी जानुपर्दैन २०४६ सालको जनआन्दोलनदेखि लिएर वर्तमान अवस्थामा आइपुग्दासम्म आन्दोलनलाई सही दिशा दिन हामीले गरेका संघर्षहरूवाट त्यो कुरा प्रष्ट हुनेछ । २०४६ सालको जनआन्दोलनलाई अगाडि बढाउन बाधा पुऱ्याउने र विकसीत जनआन्दोलनलाई बिचमा रोकेर सम्झौता गर्ने दुइवटै प्रवृतिका विरूद्ध कडा संघर्षको नीति अपनायौं । कांग्रेसले संञ्चालन गरेको आन्दोलनमा पार्टीलाई सामेल गराउनुहुन्न भन्ने पार्टीभित्र देखा परेको विचार र तात्कालीन मोटो मशाल अर्थात अहिलेको माओवादी पक्षवाट सुरूमा त्यो आन्दोलनका विरूद्ध अपनाएको गलत दृष्टिकोणका विरूद्ध संघर्ष गरेर नै जनआन्दोलनलाई विकसित गर्न सकेका हौं भने विकसीत जनआन्दोलनलाई बीचैमा तुहाउन खोज्ने कांग्रेस र बाममोर्चाका विरूद्ध संघर्ष गरेर नै आन्दोलनलाई अगाडि बढाउने प्रयास गरिएको थियो । यदि त्यस प्रकारका गलत दृष्टिकोणका विरूद्ध हामीले संघर्षमा जोड नदिएको भए अरू पक्षको त कुरै छोडौं स्वयं हाम्रो पार्टी समेत पञ्चायत विरोधी आन्दोलनको रमिते बन्न पुग्थ्यो । ठीक त्यसैप्रकारले १२ वर्षको सीमित प्रकारको बहुदलीय कालमा हामीले राजावादी खतराका विरूद्ध राजतन्त्र, राजतन्त्रका विरूद्ध सम्झौतापरस्त रवैया अपनाउने राजनीतिक दलहरू र ती दलहरू जसका नीति वा क्रियाकलापले राजतन्त्रका पुनस्थापनाकालागि आधार तयार पार्थ्यो ती सवैका विरूद्ध कडा संघर्ष गर्नु पऱ्यो । यी सवै संघर्षको उद्देश्य आन्दोलनमा भ्रम पर्न नदिनु थियो ।

कम्युनिष्टहरूका उच्च क्रान्तिकारी लक्ष्यहरू हुन्छन् । तर निरंकुश राजतन्त्र र फासिष्ट शासनका तुलनामा बुर्जुवा प्रजातन्त्रको पनि प्रगतिशील महत्व हुन्छ । त्यसैले उच्च क्रान्तिकारी उद्देश्यहरुको लागि आफ्नो आन्दोलन कायम राख्दै कुनै खास बेलामा बुर्जुवा शासन प्रणाली वा त्यसका पक्षमा चल्ने आन्दोलनलाई समर्थन गरेर अगाडि बढनु पर्ने हुन्छ । किनभने सामन्ती र निरंकुश राजतन्त्रको तुलनामा त्यस प्रकारका शासन प्रणलीको प्रगतिशील महत्व हुन्छ । माओवादीहरूमा भएको अराजकतावादी चिन्तन पद्धतिका कारण यो प्रगतिशिल महत्वलाई उनीहरूले बुझ्न सकिरहेका छैनन् । माओवादीभित्र बुर्जुवा व्यवस्थालाई हेर्ने सवालमा "वामपन्थी" संकीर्णतावादी दृष्टिकोण पाइन्छ । बुर्जुवा व्यवस्थाको महत्वलाई अस्वीकार गर्नु, संविधानसभाको म्याद कुनै हालतमा थप्नु हुँदैन, सडकवाट सत्ता कब्जा गर्न जनविद्रोह गर्ने, जनगणतन्त्र, जनसंविधान आदि माओवादीमा देखिएका सोचाईहरू, अराजकतावादी चिन्तन प्रणालीका परिणाम हुन । एकातर्फ माओवादीहरूले गणतन्त्रमाथि "वामपन्थी" संकीर्णतावादी कोणवाट प्रहार गरेर गणतन्त्रको सुदृढीकरणमा बाधा पुऱ्याई रहेका छन् भने अर्को तर्फ राष्ट्रिय सहमति वा बहुमत जुटाएर विधिसंम्मत तवरले सरकार बनाउने वा त्यसप्रकारको राष्ट्रिय सहमति वा बहुमत नजुटे प्रतिपक्षमा वसेर आफ्नो जिम्मेवारी पूरा गर्ने बुर्जुवा चरित्र पनि माओवादीमा पाईन्न । अल्पमतमा रहेको अवस्थामा समेत डर, त्रास, धम्की, आतंकको बलमा आफनो नेतृत्वमा सरकार बनाउन खोज्नु फासिवादी प्रकारको चरित्रको परिचायक हो । यी दुईवटै कोणवाट माओवादीले लगातार गणतन्त्रलाई संस्थागत गर्ने काममा अवरोध पैदा गर्दै आएका छन् ।

अहिले देशको राजनीतिको मूल कार्यनीतिक पक्ष भनेको गणतन्त्रलाई सुदृढ पार्नु हो । त्यसकालागि संविधानसभावाट दुई वर्ष भित्र संविधान निर्माण भईसक्नु पर्थ्यो तर मुख्यतया माओवादीका कारणनै उक्त मितिमा संविधान जारी हुन सकेन । प्रधानमन्त्रीले अविलम्व राजिनामा दिने प्रतिवद्धता आएपछि मात्र माओवादी सविधानसभाको म्याद एकबर्ष थप्ने कुरामा सहमत भएको छ । संविधान सभाको म्याद त थपिएको छ । तर थपिएको म्याद भित्र संविधान जारी हुन्छ वा हुँदैन त्यो कुरा माओवादीको व्यवहारमा भर पर्दछ । किनभने संविधान निर्माणका लागि कि त राष्ट्रिय सहमति चाहिन्छ कि त दुईतिहाई बहुमत चाहिन्छ । त्यसकालागि माओवादीको समर्थन आवश्यक पर्दछ । ने.का. वा एमालेले चाहेर पनि माओवादीको सहयोगविना वा माओवादीले चाहेर पनि एमाले र कांग्रेसको सहयोग र सहमतिविना संविधान थपिएको म्यादभित्र जारी गर्न सक्ने अवस्था विद्यमान छैन । त्यसकालागि हामीले लगातार माओवादी सहितको प्रमुख दलहरूबीचको एकता सहमति र सहकार्यमा जोड दिदै आएका छौं । तर जुनसुकै स्थितिमा बहुमत पुगेपनि वा वहुमत नपुगेपनि आफ्नै पार्टीको नेतृत्वमा सरकार बन्नुपर्ने । आफ्नो नेतृत्वमा सरकार नबने संविधान पनि बन्न नदिने माओवादी सोचाइले सहमति र सहकार्यमा बाधा पुगिरहेको छ ।

माओवादीहरूले लगातार गणतन्त्रका पक्षधर शक्तिहरूका विरूद्ध जोरजर्वजस्ती, कुटपीट र आक्रमणको नीति अपनाउँदै आएका छन् । माओवादीहरू शान्ति प्रकृयामा आइसकेपछि पनि अपहरण गर्ने, जवरजस्ती चन्दा असुल गर्ने, हत्या

गर्ने, बेपत्ता पार्ने, गणतन्त्रका पक्षधरहरूको शान्तीपूर्ण कार्यक्रमहरू बिथोल्ने तथा १२ बुँदे सहमति देखि ०६७ साल जेठ १४ गते भएका तीन बुँदे प्रतिबद्धतासम्म कुनै पनि प्रतिबद्धता सम्झौता र सम्झदारीलाई माओवादीले दृढताकासाथ लागु गर्ने कुरामा इमान्दारिता देखाएको छैन । माओवादीहरूले सहमतिको आधार आफना अवाञ्छीत सर्तलाइ अन्यपक्षमाथि थोपर्नुलाई बनाउँदै आएको छ । आफ्ना सर्तहरूलाइ अन्यपार्टीले स्वीकार गरे त्यसलाइ सहमति मान्ने अरूले अस्वीकार गरे त्यसलाइ सहमति नमान्ने फासिवादी प्रकारको सोचाइले पनि समस्या पैदा गरेको छ । जसको परिणाम माओवादीप्रति विश्वासको धेरै ठूलो समस्या पैदा भएको छ । गणतन्त्रवादी शक्तिहरूका बीच बढदो अविश्वास सत्ताकालागि छिनाझपटी, काटमार र षडयन्त्र अर्कोतर्फ माओवादीहरूले राजावादी र प्रतिगामी शक्तिहरूप्रति मैत्रीपूर्ण नीति अपनाएर राष्ट्रवादीको संज्ञा दिदै पार्टीभित्र निर्वाध प्रवेश गराउने कार्यले जनतामा अहिलेको अवस्थाप्रति वितृष्णा र निराशा बढ्दो छ । जनतामा देखिने वितृष्णा र निराशाले प्रतिगाामी शक्तिहरूको मनोवल बृद्धि गराइरहेको छ र गणतन्त्रलाई सुदृढ गर्ने काम बाधा पुगिरहेको छ ।

ठूलो सङ्ख्यामा माओवादीभित्र प्रवेश गरेका राजावादीहरूको उक्साहटमा लागेर होस वा वस्तुस्थितिलाइ ठीक ढङ्गसित बुझ्न नसक्ने उनीहरूमा भएको अराजकतावादी दृष्टिकोणका परिणाम होस, सत्ता कब्जाकालागि उनीहरूले कुनै अवाञ्छीत कारवाहीलाई अगाडि बढाउन सक्ने सम्भावनालाइ अस्वीकार गर्न सकिन्न । बैशाख १९ देखि माओवादीद्वारा आह्वान गरिएको आमहडताल तयारीको सिलसिलामा ठूलो संख्यामा राजधानीमा विष्फोटक पदार्थ र हतियार जम्मा गर्नु क्यान्टोनमेन्टमा भएका लडाकु र अर्धसैन्य संगठन वाई.सि.एल. लाई (YCL) व्यापकरूपमा परिचालन गर्नुले त्यो कुराको पुष्टि गर्दछ । त्यो स्थितिबाट प्रतिगामी शक्तिहरुले फाइदा उठाउनुको साथै उनीहरूको कारवाहीलाइ ढाल वनाएर विदेशीहरूले हस्तक्षेप गर्ने र प्राप्त उपलब्धिहरू गुम्ने सम्भावना रहने छ । माओवादी सत्ता कव्जा गर्ने सवालमा सफल भइहालेछ भने पनि उसले स्थापना गर्ने व्यवस्था कुनै जनवादी वा वुर्जुवा लोकतन्त्रको सिद्धान्तमाथि आधारित नभएर नवअधिनायकवादी व्यवस्था हुनेछ । माओवादीहरूको नीति र क्रियाकलापले यो देशको राजनीतिलाइ अन्यौल र अनिश्चितताको भूमरीमा लगिरहेको छ । त्यस दिशातर्फ जान नदिन माओवादीका गलत नीतिका विरूद्ध संघर्षको आवश्यकता छ ।

माओवादीले जातीय आधारमा संघीयताको निर्माणमा जोड दिएका छन् । एउटा कम्युनिष्ट पार्टीले जहिले पनि वर्ग संघर्षमाथि जोड दिन्छ भने साम्राज्यवादी शक्तिहरूले वर्गीय संघर्ष र वामपन्थी आन्दोलनलाई निस्तेज पार्न जातीय आन्दोलनलाई अगाडि बढाउने गरेका छन । जुन देशहरूमा जातीय आन्दोलन अगाडि बढेका छन्, त्यहाँको वर्ग संघर्ष र वामपन्थी आन्दोलन ध्वस्त भएको पाइन्छ । प्रतिकृयावादी शक्तिहरू काँग्रेस, सद्भावना तथा मधेशवादी दल समेतले जातीय नारा दिएका छैनन् । तर बिडम्वना आफूलाई क्रान्तिकारी कम्युनिष्ट भन्ने माओवादी साम्राज्यवादी र प्रतिगामिहरूको बाटोमा अगाडि बढेको छ ।

माओवादीले जातीय संघीयताको विरोध गर्ने शक्तिहरूमाथि भौतिक आक्रमण गर्ने नीति लिएको छ । हाम्रो वैधानिक मोर्चा र जनवर्गीय संगठनका नेता तथा कार्यकर्तामाथि विभिन्न ठाउँमा आक्रमण गर्दै आएका छन । यदि देश जातीय संघीयतामा गएमा जाति-जाति बीच वैमन्यस्ता र काटाकाट स्थिति आउने छ, जस्को परिणाम राष्ट्रियता कमजोर भएर देश टुक्रिनेछ । हाम्रो पार्टी संघीयताका विरूद्धको संघर्षमा छ । संघीयताका अन्य मोडेलभन्दा जातीय र क्षेत्रीय संघीयता बढी खतरनाक छ ।

सरकारमा जाने आफ्नो महत्वकांक्षा पूरा गर्न माओवादीहरू कहिले लण्डन त कहिल्यै सिंगापुर भारतीय प्रतिनिधी र गुप्तचर अधिकारीहरूलाई भेट्न दौडधुप गरिरहेको कुरा कसैवाट लुकेको छैन । सरकारमा जान भारतीय विस्तारवादसंग जुनसुकैप्रकारका सम्झौता गर्न सक्ने सम्भावनामाथि ध्यान दिदा समेत राष्ट्रियताको रक्षाका लागि माओवादीका राष्ट्रियहित विपरीतको नितीका विरूद्धको संघर्ष आवश्यक छ । दलका नेताहरू र शासकहरूको सत्तालोलुप प्रवृतिको कारण देशको राष्ट्रियता गुमेको इतिहास पाइन्छ । धेरै टाढा जानु पर्दैन सिक्किम त्यसको ज्वलन्त उदाहरण हो । गणतन्त्रको सुदृढीकरण, संघीयताको विरोध र राष्ट्रियताको रक्षाकालागि माओवादीका गलत नीति विरूद्धको संघर्षमा उसलाई मित्र शक्तिको रूपमा विश्लेषण गरेकै कारण हामीले त्यसको गलत नीति र कार्यहरुसित सम्झौतापरस्त नीति अपनाउन सक्दैनौ । यदि हामीले माओवादीले लिएका गलत नीतिप्रति ढुलमुल, समन्यववादी वा सम्झौता परस्त रूख अपनायौं भने त्यस्को सबैभन्दा बढी फाइदा राजा, राजावादीहरू र भारतीय विस्तारवादलाई नै पुग्ने छ ।

माओवादी विरूद्धको संघर्ष कैयौ कारणले शिथिल हुने गरेको छ । माओवादी विरूद्ध संघर्ष गरेमा उनीहरू झन् आक्रोशित भएर शान्ति प्रक्रिया खलबलिन्छ भन्ने भयग्रस्त मानसिकता, माओवादी प्रतिका दब्बुपना, विभिन्न पार्टी भित्र भएका अन्तरविरोधहरूमा खेलेर उनीहरूलाई विभाजित गरी एउटा खेमालाई आफ्नो पार्टी नितिको पक्षमा उपयोग गर्ने दाउपेचमा उसले पाएको तात्कालिन सफलता, देश जनता र लोकतन्त्रका लागि अन्य दलहरूले माओवादीको सहमति प्राप्त गर्न उनीहरूको मागको अगाडि आत्मसमर्पण गर्नु पर्ने अहिलेको राजनीतिक शक्ति सन्तुलनले जन्माएको वाध्यता हो । उदाहरणकालागि संविधानसभा जोगाउन माओवादीहरूका अगाडि गर्नु परेको आत्मसमर्पण । यी र यस्ता अनेकौं कारणले काम गरेको छ । जसले गर्दा नेपालको राजनीतिमा माओवादी भिटो पावर भएको शक्ति झै बन्नपुगेको छ ।

मित्र शक्तिको रूपमा विश्लेषण गरेकै कारण तात्कालिन राजनीतिमा उसले लिएको खतरनाक नीतिप्रति सम्झौतापरास्त नीति अपनाउन सक्दैनौं । माओवादीका उक्त नीतिहरूका विरूद्ध कडा र सम्झौताहीन संघर्ष नगरिकन गणतन्त्रको सुदृढीकरण, संघीयताको विरोध र राष्ट्रियताको रक्षा गर्न सकिने छैन । २०६२-२०६३ को जनआन्दोलनको उपलब्धि खतम हुनेछ । झण्डै ६० बर्ष देखि संविधानसभाका लागि जनताले गरेको बलिदानखेर जानेछ । गणतन्त्र समाप्त हुने र देशको राष्ट्रियतामा आँच पुग्ने सम्भावना रहनेछ ।•

# जनवादी केन्द्रियता बारे

-परिवर्तन

पार्टी, संगठनलाई व्यवस्थित र अनुशासित ढंगबाट परिचालन गर्न वा क्रान्तिकारी बनाउनको लागि संगठनात्मक पद्धतिलाई लागु गर्नु पर्दछ । लेनिनले पार्टीमा संगठनात्मक पद्धतिको विकाशमा जोड दिए । लेनिनवादी संगठनात्मक पद्धति अन्तर्रगत जनवादी केन्द्रियता एउटा महत्वपूर्ण पक्ष हो । एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीभित्र जनवादी केन्द्रियताको सिद्धान्त अनिवार्य हुन्छ । कम्युनिष्ट पार्टी सर्वहारावर्गको पार्टी हो । सर्वहारा वर्गको पार्टी भित्र जनवाद र केन्द्रियता दुबै समान हुन्छ ।

१. जनवाद के हो ? पार्टीमा व्यक्ति स्वतन्त्र हुन्छ । आफ्नो मनमा लागेका कुराहरू आंफु सम्वन्धित कमिटि वा आफु भन्दा उच्च कमिटिमा राख्न पाउने अधिकार हुन्छ । त्यतिमात्र हैन मत दिने, मत लिने अधिकार हुन्छ सम्वन्धीत कमिटिमा भिन्न मत प्रकट गर्ने अधिकार पनि हुन्छ त्यो नै जनवाद हो ।

२. केन्द्रियता के हो ? पार्टीको नीति तथा निर्देशन पालना गर्नु, भिन्न मत हुँदाहुदै पार्टीले निश्चित गरेका कार्यक्रमहरूलाई बिनाहिचकिचाहट लागु गर्नु केन्द्रियता हो । केन्द्रियता भनेको उच्च प्रकारको अनुशासन हो ।

३.जनवाद र केन्द्रियता एक सिक्काको दुई पाटा हुन । पार्टी भित्र व्यक्तिको बिचार स्वतन्त्र हुन्छ तर जतिबेलासम्म छलफल र बहस चल्छ, त्यो बहस तार्किक निष्कर्षमा नपुग्दासम्म व्यक्तिको बिचार स्वतन्त्र हुन्छ । निष्कर्ष निस्के पछि व्यक्तिको बिचार पार्टीको बिचार बन्दछ । तर कुनै व्यक्तिलाई पार्टीको बिचार मन नपर्न सक्तछ वा चित्त नबुझ्न सक्तछ । चित्त नबुझे सम्बन्धित कमिटिमा आफ्नो भिन्न मत सुरक्षित राख्न सकिन्छ वा माइन्युट बुकमा लेख्न सकिन्छ । तर बहुमतले गरेको निर्णयलाई तदारूकताका साथ व्यवहारमा लागु गर्नु पर्दछ । पार्टीका निर्णय चित्त बुझेन भनी काम गर्न छोड्न, पार्टीको बिरूद्धमा बोल्न वा गुटबन्दी जस्ता कृयाकलाप देखियो भने त्यसलाई अराजकता मानिन्छ । अन्तत पार्टीबाट कारवाहीको स्थिति सृजना हुन्छ ।

त्यसैगरी व्यक्ति तथा संगठनको स्थिति, आवश्यकता र व्यक्तिको क्षमताको मुल्यांङ्कन नगरी कुनै पनि विषयमा भिटो प्रयोग गर्ने, होचुवा प्रकारको निर्णय गर्ने, वस्तु स्थितिको मुल्यांङ्कन नगरी निर्णय गर्ने वा केन्द्रियतालाद्ने प्रवृत्ति तानाशाही हुन्छ । उपल्लो कमिटिले तल्लो कमिटिलाई वा व्यक्तिलाई अंशमा हैन समग्रतालई बुझेर नीति निर्देशन गर्नु पर्दछ । कतै बढी जनवाद भयो भने अराजकता हुन्छ, कतै बढी केन्द्रीयता भयो भने तानाशाही हुन्छ । त्यसैले पार्टीमा जनवाद र केन्द्रीयतालाई Check and balance (चेक एण्ड ब्यालेन्स) गरेर लैजानु पर्दछ ।

४. जनवादी केन्द्रियतासंग जोडीएका निम्न पक्षहरू माथी ध्यान दिनु पर्छ ।

(क) व्यक्ति संगठनको अधिनस्त हुनुपर्दछ । (ख) तल्लो कमिटि उपल्लोको अधिनस्त हुनुपर्दछ । (ग) सबै समिति केन्द्रिय समितिको अधिनस्त हुनुपर्दछ । (घ) केन्द्रीय समिति महाधिवेसनको अधिनस्त हुनुपर्दछ । (ङ) अल्पमत बहुमतको अधिनस्त हुनुपर्दछ ।

५. जसरी पार्टीमा जनवादी केन्द्रियताको महत्व हुन्छ त्यसैगरी

(i) आत्मआलोचना-आलोचना (ii) अनुशासन तथा गोपनीयता र (iii) अन्तर संघर्षको पनि त्यत्तिकै महत्व हुन्छ ।

(i) **आत्मआलोचना र आलोचना**: पार्टीमा कामगर्ने शिलसिलामा जान वा अन्जानमा हुने राजनैतिक, साँस्कृतिक सैद्धान्तीक तथा व्यवहारीक कमजोरीहरूलाई स्वयंले स्वीकार गर्नु आत्मआलोचना भनिन्छ । त्यसैगरी एक व्यक्तिबाट भएका कमीकमजोरी वा गल्तीलाई अर्को व्यक्तिले सम्वन्धित ठाउँमा औंल्याउने, टिकाटिप्पणी गर्ने पद्धतिलाई आलोचना भनिन्छ ।

आलोचनाका प्रकृतिहरू छुट्टा छुट्टै हुन्छन ।

(क) राजनैतिक (ख) सैद्धान्तीक (ग) व्यवहारीक र (घ) साँस्कृतिक आलोचना

-आलोचना गर्दा व्यक्तिको स्तर अनुशार गर्नु पर्दछ ।

-आलोचना ठोस, तथ्य र सारमा हुनुपर्दछ ।

-प्रतिआलोचना गर्नुहुदैन ।

-आलोचना पूर्वाग्रहरहीत हुनुपर्दछ ।

(ii) **अनुशासन तथा गोपनीयता**: पार्टीमा अनुशासन र गोपनीयताको पनि त्यत्तिकै महत्व हुन्छ, अनुशासन भनेको पार्टीको नीति, निर्देशनलाई विनासर्त मान्नु वा लागु गर्नु हो । पार्टीको कार्यक्रम जनतामा पुऱ्याउनु, जनतालाई संगठित गर्नु, जनताको समस्यालाई साथ दिनु, जनतालाई माया गर्नु वा राम्रो व्यवहार गर्नु हो । पार्टीको नीति विपरित जानेलाई तुरून्तै रोक्नु, असल संस्कार, आचरणको विकास गर्नु नै अनुशासन हो ।

त्यसैगरी पार्टी गोपनियताको झन ठूलो महत्व हुन्छ । पार्टीमा कैयौं निर्णय हुन्छन । ती निर्णयहरूलाई कहाँ सम्म र कति बाहिर लैजाने भन्ने हुन्छ । पार्टी भित्र कैयौं मतभेदहरू हुन्छन । छलफल बहस हुन्छ । टीकाटीप्पर्णी हुन्छ ती मत भेदहरूलाई पार्टीको निर्णय विना खुला रूपमा बाहिर लैजान पाईदैन ।

(iii) **अन्तरविरोध बारे**: पार्टी भित्र कैयौं प्रकारका मतभेदहरू हुन्छन । राजनैतिक, सैद्धान्तीक र व्यवहारीक मतभेद । ती मतभेदलाई अन्तर संघर्ष पनि भनिन्छ ।

अन्तरसंघर्षलाई सहिढंगले परिचालन गर्ने भन्ने बारे विशेष ध्यान पुऱ्याउन जरूरी हुन्छ । गलत चिजसँग सम्झौता गरियो भने त्यसबाट पार्टी, संगठनलाई फाईदा हैन झनै ठूलो क्षति पुग्ने सम्भावना हुन्छ । त्यसैले गलत चिजका विरूद्ध हमेशा संघर्ष नै गर्नुपर्छ । सम्झौता गर्ने हैन । पार्टीभित्र चलखेल गर्ने वा हाम्रै दिमागमा निरन्तर चलखेल गर्ने अवसरवादसँग सम्झौताहीन संघर्ष गर्नु नै अन्तर संघर्षको मर्म हो । अन्तसंघर्षको उद्देश्य पार्टीका अवस्थामा सुधार गर्नु नै हुन्छ र हुनुपर्दछ ।

एक जीवन्त पार्टीमा अन्तर विरोध हुन्छ र हुनु पर्दछ । छलफल र बहसमा भिन्न बिचार आउनु स्वभाविक हो । छलफल बहस पछि निष्कर्ष निस्कन्छ । त्यो निष्कर्ष नै व्यवहारिक हुन्छ । त्यो अन्तर विरोध मैत्रिपूर्ण हुन्छ । पार्टी भित्रको अन्तर विरोधलाई सहि वा वैज्ञानीक ढंगबाट लिने चलाउनु पर्दछ । त्यो पार्टीको विधान र अनुशासनको नियमहरू अनुसार चलाउनु पर्दछ । अन्यथा त्यसले शत्रुतापूर्ण र फुटको रूप लिने सम्भावना हुन्छ । अन्तरसंघर्षलाई त्यस रूपमा परिणत हुन नदिन पूरा प्रयत्न गर्नुपर्दछ । मित्र शक्तिहरूसँगको अन्तर संघर्षलाई एकता, संघर्ष र एकताको आधारमा हुन्छ । दुश्मन शक्तिहरूसँग संघर्ष, एकता र संघर्षको आधारमा हुन्छ ।•

# मोर्चा तथा जनवर्गीय संगठनका

## गतिविधिहरू

### ने.क.पा. (मसाल)को राष्ट्रिय भेला सम्पन्न

नेपाल कम्युनिष्ट पार्टी (मसाल)को राष्ट्रिय भेला सम्पन्न भएको छ। भेलाले संगठनात्मक र राजनैतिक प्रस्तावहरू पारित गर्दै देशका तात्कालिक समस्याहरू सम्बन्धी पार्टीको दृष्टिकोण र नीतिबारे महत्वपूर्ण निर्णयहरू लिएको छ।

का. निर्मलको अध्यक्षता, का. विश्वासको सञ्चालन, का. अविरामको स्वागत भाषणपछि त्यो भेलाको पार्टीका महामन्त्री का. मोहनविक्रम सिंहद्वारा उद्घाटन गरिएको थियो। उद्घाटनपछि का. प्रवाहद्वारा सञ्चालन गरिएको बन्दशेसनको अध्यक्षता का. शरद सिंह, का. आजाद र का. हरिजनले गर्नुभएको थियो।

भेलामा महामन्त्रीद्वारा तात्कालिक संगठनात्मक प्रस्ताव र तात्कालिक राजनीतिक प्रस्ताव तथा का. उमेशद्वारा वैधानिक साप्ताहिक सम्बन्धी प्रस्ताव प्रस्तुत गरिएको थियो। भेलामा कतिपय संगठनात्मक प्रश्नहरू बारे पनि विचार गरिएको थियो।

भेलामा सर्वप्रथम संगठनात्मक प्रस्ताव माथि छलफल गरियो। त्यसमा १३ वटा ग्रुपहरू बनाएर ग्रुप छलफल भएको थियो। ग्रुप छलफलबाट आएका धेरैजसो सुझावहरूलाई केन्द्रीय समितिले स्वीकार गरेपछि त्यो प्रस्ताव भेलाद्वारा सर्वसम्मतरूपले स्वीकृत भएको थियो। त्यो संगठनात्मक प्रस्तावमा संगठनात्मक विस्तार योजना, पार्टी सुदृढीकरण कार्यक्रम, पार्टी स्कूल, अनुशासन, आर्थिक समस्या, पेशेवर कार्यकर्ताहरूको संरक्षण, पार्टटाइमर कार्यकर्ताको विकास, पार्टीमा पदोन्नतिको प्रणाली, सैद्धान्तिक कार्य र पार्टी प्रकाशन, पार्टी समर्थक वा जनवर्गीय संगठनहरूका कार्यकर्ताहरूमा जुझारूपनको विकास र आत्म सुरक्षाका लागि आवश्यक तयारी, वैधानिक मोर्चा र जनवर्गीय मोर्चाहरूको संगठन आदि बारे कैयौं निर्णयहरू गरिएका छन्। त्यो प्रस्तावमा पार्टीमा विद्यमान उदारतावाद र निम्नपुँजीवादी दृष्टिकोणले पार्टीको संगठन, अनुशासन वा आन्दोलनमा गम्भीर प्रकारले क्षति पुऱ्याएको विश्लेषण गर्दै त्यस प्रकारका कमजोरीहरूलाई सैद्धान्तिक र संगठनात्मक दुवै प्रकारले हल गर्न प्रयत्न गर्ने निर्णय पनि गरिएको छ।

राजनीतिक प्रस्ताव बारे पनि १३ वटा ग्रुपहरूमा विस्तृत रूपले छलफलपछि ग्रुप छलफलबाट आएका कैयौं सुझावहरूलाई स्वीकार गरेपछि प्रस्तावको मूल ट्रेन्ड सर्वसम्मत रूपले पारित भएको थियो। त्यसरी सहमति हुन नसकेका कतिपय संशोधन प्रस्तावमा जनवादी तरिकाले बहुमतका आधारमा निर्णय गरिएको थियो। त्यो प्रस्तावमा देशका तात्कालिक समस्याहरू सम्बन्धी पार्टीको दृष्टिकोण र नीतिबारे कैयौं महत्वपूर्ण निर्णयहरू गरेको छ। अहिले देशमा राजनीतिले कुन दिशा र मोड लिने छ ? त्यो कुरा अनिश्चित भएको ठहर गर्दै त्यस प्रकारको अनिश्चयताको सीमाभित्र पनि देशका विभिन्न राजनीतिक प्रश्नहरूबारे पार्टीको नीति स्पष्ट गरिएको छ।

### श्रमिक महिला दिवस

काठमाडौं। समान ज्याला, मताधिकार र समान सहभागिताको लागि जोडदिँदै सन् १९१० मा कोपनहेगनमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनमा ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाउने निर्णय भएको सतवार्षिकीमा नेपाली महिलाहरूले पनि देशभर विभिन्न कार्यक्रमका साथ संघर्षकै रूपमा श्रमिक महिला दिवस मनाएका छन्।

"गणतन्त्रको सुदृढीकरण गरौं, राष्ट्रियताको रक्षा गरौं, संघीयताको खारेजी गरौं। नयाँ संविधानमा महिलाहरूका समानअधिकार सुनिश्चित गरौं" भन्ने मूल नाराका साथ अखिल नेपाल महिला संघले काठमाडौं लगायत देशैभरी विभिन्न कार्यक्रम गर्दै नारी दिवस मनाएको छ। अखिल नेपाल महिला संघकी अध्यक्ष सभासद् मीना पुनको प्रमुख आतिथ्यतामा अनेमसंघ काठमाडौंले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (८ मार्च) मनाएको छ। उक्त कार्यक्रममा नेतृ मीना पुनले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (८ मार्च) लाई केवल उत्सवको रूपमा मात्र सीमित नगरेर सर्वहारावर्गको नेतृत्वमा हुने शोषित, पीडित जनताको मुक्तिको आन्दोलनसँग जोडेर लैजानुपर्ने कुरामा जोड दिनु भएको थियो।

दाङको लालमटियामा पनि अनेमसंघले एक सभागरी नारी दिवस मनाएको छ।

### संघीयताका विरूद्ध राष्ट्रिय अधिवेशन सम्पन्न

संघीयताका विरूद्धको संघर्षले नयाँ उचाई प्राप्त गर्दै गैरहेको छ। नेपाल जस्तो मुलुक संघीयतामा गएमा देशमा जातीय, क्षेत्रीय द्वन्द्वहरू चर्किने र अन्ततः राष्ट्रिय विखण्डनको स्थिति आउने खतरा देखिइरहेका बेला संघीय प्रणाली खारेजीको लागि संघर्ष संचालन गर्न खुकुलो मोर्चाको गठन गरिएको छ। संघीयता विरूद्ध राष्ट्रिय अभियान नाम दिइएको उक्त मोर्चाको अध्यक्षमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर के.सी. चयन हुनुभएको छ। समिति पूर्व शिक्षा मन्त्री तथा वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रित, अर्थविद् डा.पुष्प कंडेल, वरिष्ठ पत्रकारहरू देवप्रकाश त्रिपाठी, शम्भु श्रेष्ठ, किशोर श्रेष्ठ र परशु घिमिरे लगायत सम्मिलित रहनुभएको ६५ सदस्यीय बनेको छ।

चैत्र ४ गते काठमाडौं प्रज्ञा प्रतिष्ठानको सभाहलमा सम्पन्न संघीयताका विरूद्ध राष्ट्रिय अधिवेशनले सो समिति गठन गरेको थियो। अधिवेशनले संघीयताका विरूद्धमा घोषणापत्र पनि जारी गरेको छ। केन्द्रीय कार्य समितिमा ६५ सदस्य रहने निर्णय पनि उक्त अधिवेशनले लिएको छ। कुल ६५ सदस्य मध्ये अधिवेशन हलबाट नै

३९ सदस्य निर्वाचित गरिएका थिए ।

अधिवेशनले पारित गरेको घोषणापत्रमा आवश्यक संशोधन पछि साथै जारी गरिएको छ । केन्द्रीय कार्यसमितिको छिट्टै बैठक बसेर संघर्षको ठोस कार्यक्रम बनाएर संघर्षको देशव्यापी कार्यक्रमको घोषणा गरिने छ । त्यसका कूल ६५ सदस्यहरू मध्ये राष्ट्रिय अधिवेशनमा निर्वाचित ३९ सदस्यहरू बाहेक बाँकी रहेका सदस्यहरूको पूर्ति भएपछि त्यसको पूर्ण बैठक बस्ने छ । त्यसले समितिका बाँकी पदाधिकारीहरू चुन्नुका साथै संघर्षको ठोस कार्यक्रमको घोषणा गर्नेछ ।

अधिवेशनलाई भिन्नभिन्न क्षेत्रमा क्रियाशील मुलुकका विभिन्न प्रबुद्ध व्यक्तिहरूले सम्बोधन पनि गर्नुभएको थियो । राष्ट्रिय जनमोर्चाका महासचिव डिलाराम आचार्यले आफूहरूलाई एउटै कुरा अखण्ड नेपाल चाहिएको विचार व्यक्त गर्नुभएको थियो ।

साहित्यकार मोदनाथ प्रश्रितले अधिवेशनलाई सम्बोधन गर्दै देशमा जातीयताको आगो सल्काउने काम माओवादीले गरिरहेको बताउनु भयो । प्रश्रितले भन्नुभयो- "इतिहास बुझेनौं भने हामीले देश जोगाउन सक्दैनौं ।" संघीयता नेपाली जनताको आवश्यकताले नभइ विदेशी स्वार्थमा नेपाल भित्रिएको जनाउँदै उहाँले अगाडि भन्नुभयो- "नेपाललाई विखण्डन गराई, तिब्बतमा टेकेर चीनलाई घेर्ने अमेरिकाको नीति छ । संघीयता आउनुमा साम्राज्यवादीहरूको स्वार्थले काम गरेको छ ।"

जलश्रोतविद् रत्नसंसार श्रेष्ठले जातीयताका आधारमा संघीयतामा जाँदा मुलुक युगोस्लाभिया बन्ने दावी गर्दै उहाँले भन्नुभयो-"युगोस्लाभिया अब इतिहासमा सीमित छ, हामीले त्यहाँबाट सिक्नुपर्छ ।" पत्रकार देवप्रकाश त्रिपाठीले नेपाल देशलाई सग्लो रूपमा कसरी जोगाउने भन्ने प्रश्न अहिले नेपालीहरूका अगाडि आएको जनाउँदै अगाडि भन्नुभयो- "देश त्यस्को हो जसले देशलाई माया गर्छ, हामी देशलाई माया गर्छौं यसर्थ यो देश हाम्रो हो ।" अधिवेशनमा पत्रकार शम्भु श्रेष्ठले वर्गसंघर्षलाई त्याग्दै जातीय राजनीतिमा उत्रिएर एकीकृत माओवादीले कम्युनिष्ट आन्दोलनलाई नष्ट गर्ने काम गरिरहेको बताउनुभयो । संघीयताकै कारण अहिले देश रहन्छ वा रहँदैन भन्ने प्रश्न उब्जिएको जनाउँदै उहाँले देश जोगाउने यस अभियानमा आफ्नो पूर्ण समर्थन रहेको बताउनु भएको थियो ।

नेपाली कांग्रेसका नेता विपिन कोइरालाले अधिवेशनलाई सम्बोधन गर्दै संघीयता विदेशीहरूको इसारामा आएको बताउनुभयो । त्यस्तै, कांग्रेसका युवा नेता लोकेश ढकालले आफू संघीयता विरूद्धको अभियानलाई 'सलाम' गर्न आएको बताउनुभयो ।

अधिवेशनलाई सम्बोधन गर्दै मानवअधिकारकर्मी सुदीप पाठकले संघीयताले जनतामा अधिकार जान्छ भन्ने कुरा भ्रम मात्र रहेको बताउनु भयो भने डा. रमेश ढुंगेलले संघीयताले नेपाल भित्रै नेपालीहरूलाई अप्रवासी बनाउने विचार व्यक्त गर्नुभयो । सम्बोधनको क्रममा क्षेत्री समाजका सहअध्यक्ष कुमारबहादुर थापा र ाष्ट्रिय जागरण अभियान चितवनका संयोजक शैलेन्द्र पिया, सहप्राध्यापक हिमलाल पराजुली र नेकाका युवा नेता विनकुमार विश्वकर्माले पनि अधिवेशनलाई सम्बोधन गर्नुभएको थियो ।

अधिवेशनको कार्यक्रमा संघीयता विरूद्ध राष्ट्रिय अधिवेशन तयारी समितिका सदस्यहरू सभासद् तथा राजमो उपाध्यक्ष रश्मिराज नेपाली, दुर्गा पौडेल र तराई मधेश जनवादी मोर्चाका अध्यक्ष बद्रे आलम सम्मिलित ३ सदस्यीय अध्यक्ष मण्डलले अगाडि बढाएको थियो । अध्यक्ष मण्डलको अनुमतिबाट अधिवेशनको संचालन, अधिवेशन तयारी समितिका सदस्य भैरव रेग्मीले गर्नुभएको थियो । उपस्थित सम्पूर्णलाई आयोजक समितिका तर्फबाट गोविन्दसिंह थापाले स्वागत गर्नुभएको थियो । संघीयता विरूद्ध राष्ट्रिय अभियानको केन्द्रीय कार्य समितिको प्यानल राजमो उपाध्यक्ष मनोज भट्टले प्रस्तुत गर्नुभएको थियो ।

## युवक संघको पाँचौं राष्ट्रिय सम्मेलन

काठमाडौं । अखिल नेपाल युवक संघको अध्यक्ष र महासचिवमा क्रमश: काशीनाथ पोखरेल र राजेन्द्र ढुंगाना निर्वाचित हुनुभएको छ । संघको २३ फागुन देखि २५ सम्म बुटवलमा सम्पन्न भएको ऐतिहासिक पाँचौं राष्ट्रिय सम्मेलनले काशीनाथ पोखरेलको नेतृत्वमा ३३ पूर्ण, ४ बैकल्पिक र ५ सल्लाहकार गरी ४२ सदस्यीय नयाँ केन्द्रीय समिति चयन गरेको छ । त्यस्तै १११ सदस्यीय राष्ट्रिय परिषद्को गठन पनि सम्मेलनले गरेको छ ।

सम्मेलनले कमल खनाल, जगदीश ढकाल र लक्ष्मणदेव पाण्डेलाई उपाध्यक्ष चयन गरेको छ । कोषाध्यक्षमा तिलक पुन रहनुभएको छ भने सचिवमा जितामित्र सुनार र विनोद खनाल निर्वाचित हुनुभएको छ ।

सम्मेलनले १११ सदस्यीय राष्ट्रिय परिषद्को पनि गठन गरेको छ । परिषद्का सदस्यहरूमा केन्द्रीय समितिका सम्पूर्ण पदाधिकारी सहित निम्न सदस्यहरू रहनुभएको छ । भने २५प्रतिशत अस्थायी सदस्यहरू परिषद् हुने समयमा केन्द्रीय समितिले चयन गर्नेछ ।

## संघीयताविरूद्धको जनमार्च

काठमाडौं । संघीयताका विरूद्धमा राष्ट्रिय जनमोर्चाले शुरू गरेको जनमार्च कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो । जनमार्चमा जनताले उत्साहजनक सहभागिता रहेको थियो ।

गुल्मीको जुहाङ खैरेनीबाट फागुन ५ गते उद्घाटित भई अघि बढेको गुल्मीको जनमार्च ९ गते शान्तिपुर र ७ गते पूर्तिघाटमा कार्यक्रम गरेको थियो । राजमो के.स. जीवन रानाले दिनुभएको जानकारी अनुसार जनमार्च टोलीले अब १३ गते, सिमलटारी, १५ गते पुर्कोट, १७ गते बस्तु र १९ गते तम्घासमा कार्यक्रम सम्पन्न भए । गुल्मीमा जनमार्चको समापन २२ फागुनमा रिडीमा भयो ।

रूपन्देहीमा फागुन ११ गते जनमार्च खडवा बनगाईको हिरापुरमा कार्यक्रम सम्पन्न गर्‍यो । भण्डारीका अनुसार मंगलबार मार्च टोलीले सूर्यपुरा-८ गुलरिया चौराह बजार भुजौली चोकमा कार्यक्रम सम्पन्न गरेको छ । रूपन्देहीमा मुर्गियाको पर्रोहा सामुदायिक भवनमा फागुन

५ गते जनमार्चको उद्घाटन राजमोका महासचिव डिलाराम आचार्याले गर्नुभएको थियो ।

फागुन १० गते नै जनमार्च टोलीले रूद्रपुरको गरगरे, भैसाहीबजार लगायतका स्थानमा कार्यक्रमहरू गरेको थियो । ९ फागुनमा टोलीले सालझण्डीको झिमझिमेमा र बजारमा सभा गरेको थियो । ८ गते जनमार्च टोलीले गजडीको बेलबारीमा विशाल सभा सम्पन्न गरेको थियो । त्यहाँको सभालाई पनि राजमो महासचिव डिलाराम आचार्यले सम्बोधन गर्नुभएको थियो । अनेकिसंघका अध्यक्ष गिरधारीलाल न्यौपानेले पनि सम्बोधन गर्नु भएको थियो । त्यस्तै जनमार्च टोलीले ७ गते दुधराक्षको बुद्धनगर, रामपुर, कलौनीमा, ६ गते गंगानगर, सुगौली, मुर्गियाचोक, रन्यौरा र करवलागाउँमा सभाहरू सम्पन्न गरेको थियो ।

नवलपरासीमा ११ फागुनमा जनमार्च टोली कावासोतीमा पुगेको थियो । नवलपरासीको सदरमुकाम परासी बजारमा जनमार्चको उद्घाटन फागुन ५ मा अनेकिसंघका केन्द्रीय सचिव भागिरथ भट्टराईले गर्नुभएको थियो । ६ फागुन देखि ११ गतेसम्म आउँदा जनमार्च टोलीले सुनवलको अछामबस्ती, गैंडाखाल, सुनवल बजार, प्रगतिटोल, नयाँ बेलहानी, बनकट्टी, बडेरा, भूमही, भूताहा, बर्दघाटबजार, भाकर, मोतिबस्ती, जिमिरे, भारचोक, दुम्किबास, तमासपुर, अरूणखोला, चोरमारा, कोलुवाको हवजमानचोक, डण्डाबजार, कावासोतीको सानो बजार र थाना लागायतका स्थानमा कार्यक्रम सम्पन्न गरिसकेको थियो ।

सुर्खेतमा ५ फागुनमा छिन्चु बजारमा उद्घाटित भई अगाडि बढेको सुर्खेतको जनमार्च टोलीले ६ गते रामघाट बजार र दशरथपुरा ७ गते लेकफर्सा, ८ गते गुमीको कृष्णनगर र शिवनगर, तहचौर, घुमखहरे, ९ गते मालारानीको गौरीबजार र खरिगैरा, १० गते बोटेचौर बजार, मेलकुना बजार र मैनतरामा सभाहरू सम्पन्न गरिसकेको छ । जनमार्च टोलीका सुर्खेतमा अब १३ गते लेकगाउँ, १४ गते बुड्डीचौरी, १५ गते बादीयचौर, १६ गते गुटु, १७ गते विजौरा, १८ गते कैलालीको सीमानासँग जोडिएको घातगाउँ, १९ गते तातापानी, २१ गते चेपाङ, २२ गते तरङ्गा, २३ गते पांग, २४ गते हरिहरपुरको रानीघाट र २५ गते उत्तरगंगामा कार्यक्रम सम्पन्न भएका थिए । सुर्खेतमा जनमार्चको समापन २६ फागुनमा सदरमुकाम विरेन्द्रनगरमा भयो ।

कैलालीको टिकापुरमा राजमो उपाध्यक्ष मनोज भट्टले उद्घाटन गरेपछि अघि बढेको जनमार्च टोलीले दुर्गौली, प्रतापुरबजार, लम्कीबजार, जोरनिया बजार, जोरहीपुर लगायतका स्थानमा कार्यक्रम सम्पन्न गरेको छ । कैलालीको सो जनमार्चका क्रममा भएका सभाहरूमा राजमोका नेताहरू तिलक परियार, नेकपा (मसाल) का क्षेत्रीय प्रवक्ता आरसि भट्ट लगायतले सम्बोधन गर्नुभएको थियो । जनमार्च टोलीले १२ फागुनमा सुख्खडमा कार्यक्रम गर्नेछ भने कैलालीको जनमार्च २० फागुनमा सदरमुकाम धनगढीमा विशाल आमसभा गरी समापन गरियो ।

फागुन २० गते लमहीमा विशाल आमसभा गरी जनमार्चको समापन गरिएको छ । राजमोका केन्द्रीय उपाध्यक्ष तथा सभासद् रश्मिराज नेपालीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त सभामा राजमोका केन्द्रीय सल्लाहकार सुरेस थापा, रक्तिम सांस्कृतिक अभियानका केन्द्रीय उपाध्यक्ष नारायण योगी, जनजाति सम्मेलनका उपाध्यक्ष हनुमान चौधरी र अनेमसंघकि केन्द्रीय सदस्य कमला जि.सी. लगायतका अतिथिहरूले पनि सम्बोधन गर्नुभएको थियो । सभा अघि विशाल जुलुशले लमही बजार परिक्रमा गरेको थियो । दाङमा जिल्लाका ४९ गाविस मध्ये ४४ गाविसमा र २ नगरपालिकामा जनमार्च टोली पुगेको थियो ।

८ वटा टोली बनाएर जनमार्च शुरू गरिएको बाग्लुङमा अन्य टोलीले फागुन १६ सम्ममा जनमार्च कार्यक्रम सम्पन्न गरिसकेका थिए भने दुई नम्बर टोलीले बुर्तिवाङमा फागुन १८ मा विशाल सभागरी जनमार्चको समापन गरेको थियो । बुर्तिवाङको सो सभालाई प्रमुख अतिथिको रूपमा अनेमसंघकी अध्यक्ष तथा सभासद् मीना पुनले सम्बोधन गर्नु भएको थियो । बाग्लुङमा जिल्लाका पूरै ५९ गाविसहरू र १नगरपालिकामा मार्च टोली पुगेको थियो ।

कपिलवस्तुमा पनि फागुन २० मा नै जनमार्चको कार्यक्रम समापन गरिएको थियो । चारनम्बर जीतपुरमा उक्त दिन एक सभा गरी जनमार्च कार्यक्रमको समापन गरिएको थियो । अखिल नेपाल किसान संघका अध्यक्ष गिरधारीलाल न्यौपाने प्रमुख अतिथि रहनु भएको सो समापन सभालाई राजमोका केन्द्रीय सदस्य इन्द्रमणि पौडेल, जातीय समता समाजका महासचिव रामबहादुर नेपाली लगायतका अतिथिहरूले पनि सम्बोधन गर्नुभएको थियो । सभा दधिराम आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो । कपिलवस्तुमा फागनु ५ गते कोपवाबाट शुरू गरिएको जनमार्च जिल्लाका अधिकांश गाविसहरूमा पुगेको थियो ।

यसैगरी स्याङ्जा, पाल्पा, कास्की, अर्घाखाँची, प्यूठान लगायतका अधिकांश जिल्लाहरूमा पनि जनमार्च कार्यक्रम भएका थिए ।

काठमाडौंमा राष्ट्रिय जनमोर्चाले संचालन गरेको जनमार्च काठमाडौंमा गाउँ-गाउँ, शिक्षक संस्था, विभिन्न कार्यालयहरू र बजारहरूमा पर्चा वितरण, जनभेटघाट र छलफल गर्दै अगाडि बढिरहेको छ ।

फागुन १७ गते कलंकीदेखि नैकावसम्म, फागुन १८ गते कलंकी एरियामा, फागुन १९ गते कलंकीदेखि पुरानो कालिमाटी सम्म, फागुन २० गते मनमैजु गाविसमा, फागुन २३ गते सीतापाइला एरियामा, फागुन २५गते चावहिल चोकदेखि जोरपाटीसम्म जनमार्च कार्यक्रम सम्पन्न गरिएको थियो । सयौं कार्यकर्ताहरूको पैदल मार्च र सभा सहित उक्त जनमार्चलाई समापन चैत्र ४ गते गरियो ।

ललितपुरमा फागुन २१ गते जनमार्च अन्तर्गत हरिसिद्धमा भेटघाट तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको अध्यक्षता राजमो अध्यक्ष दिपराम महर्जन र संचालन निलगोविन्द महर्जनले गर्नुभएको थियो । उक्त कार्यक्रममा राजमो केन्द्रीय उपाध्यक्ष मनोज भट्टले प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा अन्टुकका महासचिव नारायण सापकोटाको पनि उपस्थिति रहेको थियो ।

# समता समाजको राष्ट्रिय भेला

जातीय समता समाजको सातौं राष्ट्रिय भेला सम्पन्न भएको छ। भेलाले अध्यक्ष राजेश विश्वकर्मा, महासचिवमा रामबहादुर नेपालीलाई चयन गरेको छ। समितिको उपाध्यक्षमा केशमान वि.क. चयन हुनु भएको छ भने सचिव र कोषाध्यक्षमा क्रमश: सूर्य वि.क., प्रकाश परियार चयन हुनुभएको छ।

सातौं राष्ट्रिय भेलाको उद्घाटन जेठ १० गते पोखरा औद्योगिक क्षेत्रमा अवस्थित तमु समाजको सभाहलमा राजमोका अध्यक्ष तथा सभासद् चित्रबहादुर के.सी.ले गर्नुभएको थियो।

भेलाद्वारा पारित ९ बुँदे विशेष प्रस्तावमा संविधानसभाको म्याद थप्नुपर्ने र थपिएको समयमा संविधान बन्ने सुनिश्चित गरिनुपर्ने, संघीय प्रणाली खारेज गरिनुपर्ने, मेघालयमा नेपाली भाषिहरूमाथि खसिया जातिहरूले गरेको आक्रमणको विरोध लगायतका विषयहरू समेटिएका छन्। भेलाले पारित गरेको वार्षिक कार्ययोजना अन्तर्गत जेष्ठ-असारमा संगठन सुदृढीकरण अभियान, श्रावण-भाद्रमा प्रशिक्षण कार्यक्रम, असोज-कार्तिकमा समता जागरण अभियान, मंसीरमा आर्थिक अभियान र फागुन-चैत्रमा समता सांस्कृतिक अभियान रहेका छन्। सातौं राष्ट्रिय भेलाको औपचारिक समापनसभा मंगलबार गरिएको थियो ।

# नेपालीभाषिमाथि आक्रमण

भारतको मेघालयमा स्थानीय खसिया जातिले नेपाली भाषिमाथिको आक्रमणलाई तीब्र पारिरहेका छन्। खसियाहरूको नेपाली भाषीहरूलाई ज्यूँउदै आगो लगाएर अमानवीय ढंगबाट समेत हत्या गरिरहेका छन् भने आक्रमणका कारण विस्थापित हुने नेपालीहरूको संख्या पनि बढिरहेको छ। अहिलेसम्म हजारौं नेपाली भाषिहरू आसामबाट विस्थापित भैसकेका छन् भने मृत्यु भैसकेको छ। भारतको आसाममा नेपाली भाषीमाथिको सो अन्यायपूर्ण कार्वाहीको राष्ट्रिय जनमोर्चाले विरोध गरेको छ। राजमोले आसाम घटनाका मृतकहरूलाई क्षतिपूर्ति, विस्थापितलाई पुनर्स्थापित र नेपाली भाषिलाई सुरक्षाको अनुभूति दिलाउन पनि माग गरेको छ। राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर के.सी.ले जेठ १० मा एक विज्ञप्ति जारी गर्दै सो माग गर्नुभएको छ। अध्यक्ष के.सी.द्वारा जारी उक्त विज्ञप्तिमा भनिएको छ-“मेघालयमा खसीया जातिका मानिसहरू द्वारा नेपाली भाषी जनतामाथि भइरहेको अन्यायपूर्ण कार्यवाही प्रति राष्ट्रिय जनमोर्चाको गम्भीर ध्यान आकर्षित भएको छ। त्यस सिलसिलामा त्यहाँका नेपालीहरूमाथि कुटपिट, लुटपाट, आगजनी हुनुका साथै कैयौं नेपालीहरूको हत्या समेत भएको छ। त्यहाँबाट हजारौं संख्यामा नेपालीहरू विस्थापीत भएका छन। उनीहरूमाथि भएको त्यसप्रकारका अन्यायपूर्ण कार्यवाहीहरूको विरोध गर्दछौं, विस्थापितलाई पुनस्थापित, मृतकलाई क्षतिपूर्ति तथा नेपाली भाषिलाई सुरक्षाको अनुभूति दिलाउन हाम्रो पार्टीले नेपाल सरकार र दिल्ली स्थित नेपाली दुतावाससित पनि त्यो विषयलाई गंभीर रूपमा लिन तथा भारत सरकारसित सम्पर्क राखेर नेपालीहरू माथि भइरहेको त्यसप्रकारका अत्याचारहरूलाई रोक्न प्रभावशाली कदम उठाउन पहल गर्नका लागि अनुरोध गर्दछ।”

भारत खामपिङ्ग क्षेत्र मेघालय राज्यमा रहने कि आसाम राज्यमा भन्ने विवाद वर्षौ देखि रहँदै आएको छ। दुई प्रदेशबीचको विवादमा खसियाहरूले अनाहकमा नेपालीभाषीहरूलाई निसाना बनाउँदै आएका छन्। सीमा विवाद चर्किएपछि भारतको मेघालयमा खासी समुदायसँगको तनावमा १७ जना नेपाली भाषीले ज्यान गुमाएका छन् भने ४० हजार भन्दा बढी विस्थापित भएका छन्। सर्वसाधारणको बीचमा उत्पन्न भएको तनावमा आसाम प्रहरीको गोलीबाट ४ जना खासीको पनि ज्यान गएको छ। सो घटना पश्चात् त्यहाँ खासी समुदायले आक्रोशित भएर नेपालीभाषी माथि आक्रमण गरेका थिए। आक्रमणमा १७ नेपालीले ज्यान गुमाएको नेपालीले बताएका छन्। खासी समुदायका आक्रमणकारीले रातिराति आक्रमण गर्दा नेपालीभाषी ज्यान गएको हो। खासीहरूले नेपाली भाषीको घरगोठलाई समेत जलाई दिएका छन्। धेरै नेपालीभाषीको जलेर नै मृत्यु भएको छ। मेघालयमा स्थिति सामान्य बने पनि त्यहाँका विस्थापितहरू अझै घर फर्किन सकिरहेका छैनन्। मेघालय सरकाले खासी समुदायको आक्रमण नियन्त्रणमा आएको र स्थिति सामान्य भएको बताएको छ। यसैबीचमा नेपाली भाषीहरूको हत्या र विस्थापनको विषयमा बुझ्नको निम्ति परराष्ट्र मन्त्रालयले भारतस्थित नेपाली दुतावासलाई निर्देशन दिएको छ भने आक्रमणको भारतस्थित प्रवासी नेपालीहरूको साझा संगठन मूलप्रवाह अखिल भारत नेपाली एकता समाजले पनि विरोध गर्दै आइरहेको छ। मूलप्रवाहले हालैको उक्त घटनाको विरोध गर्दै नेपाली राजदुतावासलाई ज्ञापनपत्र पनि बुझाइसकेको छ

# शालिक निर्माण समिति

शहीद मित्रमणि आचार्यले शहादत प्राप्त गरेको स्थानमा उहाँको शालिक निर्माण गरिने भएको छ। शहीद आचार्यको शालिक निर्माणका लागि चितवनमा ‘शहीद मित्रमणि आचार्य शालिक निर्माण सहयोग समिति गठन गरिएको छ।

विभिन्न राजनैतिककर्मी, बुद्धिजीवी, प्राध्यापक र विद्यार्थीहरूको संयुक्त भेलाले सो समिति गठन गरेको थियो। शालिक निर्माण सहयोग समितिको संयोजकमा बाम बुद्धिजीवी भैरव रेग्मी चयन हुनुभएको छ।

मित्रमणि आचार्य २०१९ असार १३ गते प्यूठानको तीघ्रामा जन्मेका थिए। २०४२ वैशाख १८ गते चितवनको मेघौलीमा संगठनको काम सकेर फर्कने क्रममा पञ्चकांग्रेसी गुण्डाहरूले आचार्यको हत्या गरेका थिए। आचार्य तत्कालीन अनेरास्ववियु आठौं केन्द्रीय समितिको केन्द्रीय सदस्य तथा रामपुर क्याम्पसको स्ववियु सभापति थिए। सभापति रहेकै अवस्थामा हत्या गरिएका आचार्यको रामपुर क्याम्पस चितवनमा शालिक निर्माण गरिन लागिएको हो।•

# सङ्घीयताका विरुद्ध घोषणापत्र

(२०६६ चैत्र ४ गते सङ्घीयताका विरुद्ध राष्ट्रिय अभियानका तर्फबाट आयोजित सङ्घीयताका विरुद्ध राष्ट्रिय अधिवेशनमा प्रस्तुत र पारित)

२०६२-६३ को आन्दोलन पछि नेपालमा ऐतिहासिक महत्वका कैयौं ठूला उपलब्धिहरू भएका छन्, जसमा राजतन्त्रको अन्त, गणतन्त्रको स्थापना र संविधानसभाको चुनाव विशेषरुपले उल्लेखनीय छन् । गणतन्त्रको स्थापना भएपनि त्यसलाई सुदृढ र संस्थागत गर्ने काम बाँकी छ । देशको राष्ट्रियताका अगाडि गम्भीर सङ्कट उत्पन्न भएको छ । त्यो अवस्थामा र ाष्ट्रियताको रक्षा आजको ऐतिहासिक दायित्व बन्न गएको छ । सङ्घीयता आज सम्पूर्ण देश र जनताका लागि ठूलो खतर ा बनेको छ । सङ्घीयताको साथै जातीय राज्य, आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेश, बहुराष्ट्रिय राज्यहरू जस्ता घातक धारणा जोडिएर आएका छन् । तिनीहरूबाट देशमा जातीय र क्षेत्रीय द्वन्द्व बढ्ने, राष्ट्रिय विखण्डन हुने र अन्तमा नेपाल राष्ट्र र नेपाली जातिको पनि अन्त हुने गम्भीर खतरा उत्पन्न भएको छ । त्यसैले गणतन्त्रको सुदृढीकरण, राष्ट्रियताको र क्षाका साथै सङ्घीयताको विरुद्धको सङ्घर्ष आज राष्ट्रिय र ऐतिहासिक कर्त्तव्य बन्न गएको छ । त्यस प्रकारको ऐतिहासिक पृष्ठभूमिमा २०६६ साल चैत्र ४ गते सङ्घीयताका विरुद्ध राष्ट्रिय अभियानका तर्फबाट आयोजित सङ्घीयताका विरुद्ध राष्ट्रिय अधिवेशनले निम्नप्रकारको सङ्घीयताका विरुद्धको घोषणापत्र जारी गर्दछ ।

परिच्छेद - १

## आधारभूत मान्यताहरू

१. सङ्घीयता नेपालजस्तो सानो, पिछडिएको, आर्थिक दृष्टिले कमजोर तथा बहुजातीय देशका लागि उपयुक्त छैन र त्यसलाई सम्पूर्ण रूपले खारेज गरिनुपर्दछ ।

२. विद्यमान सामन्ती, केन्द्रिकृत र नोकरशाही व्यवस्थाका कारणले नै देशका मजदुर, किसान, जनजाति, दलित, महिला सहित सम्पूर्ण जनता र पिछडिएका क्षेत्रहरू समेत शोषण, उत्पीडन र भेदभावको शिकार हुँदै आएका छन् । त्यसकारण देशमा विद्यमान सामन्ती, केन्द्रिकृत र नोकरशाही व्यवस्थाको अन्त भएर प्रजातान्त्रिक विकेन्द्रीयता र स्थानीय स्वायत्त शासनमा आधारित एकात्मक शासन कायम गरिनु पर्दछ ।

३. जातीय राज्य, आत्मनिर्णयको अधिकार, एक मधेश–एक प्रदेशका अवधारणाहरू नेपालका लागि घातक छन् र तिनीहरूलाई अस्वीकार गरिनुपर्दछ ।

४. नेपाल विभिन्न जात, जाति, संस्कृति, धर्महरू मिलेर बनेको एउटा राष्ट्र हो । बहुराष्ट्रिय राज्यको अवधारणाले नेपालको वस्तुस्थितिसित मेल खान्न र त्यसलाई अस्वीकार गरिनु पर्दछ ।

५. संविधानमा स्थानीय स्वायत्त शासनलाई मौलिक अधिकारका रूपमा स्वीकार गरिनु पर्दछ । स्थानीय निकायहरूको काम संसदले बनाएका कानून अनुसार सञ्चालन हुनुपर्दछ र कानूनमा गरिएको व्यवस्थामा बाहेक स्थानीय निकायहरूमा हस्तक्षेप गर्ने सरकारलाई कुनै अधिकार हुनुहुन्न । स्थानीय निकाय र प्रशासनका बीचमा देखापर्ने कुनै विवादलाई अदालतद्वारा टुंगाउने व्यवस्था गरिनुपर्दछ ।

६. स्थानीय निकायहरूको कार्यक्षेत्रभित्र पर्ने विषयहरू संसदले बनाएको कानून अनुसार निर्धारित गरिनु पर्दछ र ती विषयहरूमा स्वायत्त रूपले काम गर्ने उनीहरूलाई पूरा अधिकार हुनुपर्दछ ।

७. मानव सूचकांकका आधारमा पिछडिएका जात, जाति, जनजातिको सूची तयार पारिनु पर्दछ र उनीहरूका हक र हितको विशेष संरक्षण गरिनु पर्दछ ।

८. पिछडिएका सूचीकृत जात, जाति, जनजातिका जनता अत्यधिक बहुसङ्ख्यामा वसोवास गर्ने गाउँ वा जिल्लाहरूमा अग्राधिकार सहितको जातीय स्वायत्त शासनको व्यवस्था गरिनु पर्दछ । तर त्यहाँ वसोवास गर्ने अन्य जात, जाति, जनजातिहरूको पनि समानुपातिक रूपमा हक र हितको संरक्षणको व्यवस्था गरिनु पर्दछ ।

९. तराईका जनता सामन्ती व्यवस्थाद्वारा शताब्दियौं देखि शोषण, उत्पीडन र भेदभावको शिकार हुँदै आएका छन् । त्यसकारण तराईका जनतामाथि भइरहेका सबै शोषण, उत्पीडन, भेदभाव र त्यसका लागि जिम्मेवार सामन्ती व्यवस्थाको अन्त गरिनु पर्दछ ।

१०. विदेशस्थित नेपाली नागरिकहरूलाई मताधिकार र संसदमा प्रतिनिधित्वको व्यवस्था गरिनु पर्दछ । व्यवस्थापिकाको तल्लो सदनमा समानुपातिक चुनाव गर्दा विदेशमा रहेका प्रवासी नेपाली नागरिकहरूका लागि पनि विदेशस्थित नेपाली नागरिकहरूको जनसंख्याको अनुपातमा बेग्ला-बेग्लै क्षेत्रहरूको विभाजन गरी समानुपातिक रूपमा प्रतिनिधिहरूको चुनाव गर्ने व्यवस्था गरिनु पर्दछ । तिनीहरूको सङ्ख्या र चुनावको प्रक्रिया कानूनमा तोकिए अनुसार हुनेछ । व्यवस्थापिकाको उच्च सदनमा पनि विभिन्न पिछडिएका जात-जाति, महिला, भाषा-भाषी समुदाय, धार्मिक एवं अल्पसङ्ख्यक समुदाय, मेहनतकश वर्ग, प्रबुद्ध वर्ग, व्यापारी, उद्योगपति, अपाङ्ग, पूर्व सांसद आदिका साथै प्रवासी नेपाली नागरिकहरूलाई पनि कानून अनुसार तोकिएको सङ्ख्यामा मनोनित गर्ने व्यवस्था गरिनु पर्दछ ।

११. जनजाति, दलित र महिलाहरूको हक, हितहरूको संरक्षणका लागि उनीहरूका विभिन्न आयोगहरूको गठन गरिनु पर्दछ। तिनीहरूको गठन र आवश्यकतानुसार स्थानीय स्तरका समितिहरूको गठन संसदले बनाएको कानूनहरू अनुसार हुनुपर्दछ।

१२. देशका विभिन्न जाति, जनजाति, आदिवासीहरूको इतिहास, संस्कृति र परम्परा समेतको अध्ययन र अनुसन्धान गरेर आदिवासी र जनजातिहरूको सूची तयार पारिनु पर्दछ।

१३. राष्ट्रिय महत्वका सबै प्राकृतिक स्रोत, साधनहरूमाथि केन्द्रिय सरकारको स्वामित्व र नियन्त्रण हुनुपर्दछ। तर स्थानीय महत्वका प्राकृतिक, स्रोत र साधनहरूको संरक्षण, उपयोग र व्यवस्था समेतको अधिकार स्थानीय जनतामा सुरक्षित हुनुपर्दछ। त्यसोगर्दा सूचीकृत पिछडिएका जातजातिहरूको स्थानीय प्राकृतिक स्रोत र साधनहरू माथिको अधिकारलाई सुरक्षित राख्न विशेष ध्यान दिनुपर्दछ। राष्ट्रिय र स्थानीय महत्वका प्राकृतिक स्रोत र साधनहरूको विभाजन कानूनमा व्यवस्था गरिए अनुसार हुनुपर्दछ।

१४. प्रशासकीय कार्यहरूको सञ्चालनको लागि विभिन्न जाति, जनजाति, संस्कृति वा भौगोलिक क्षेत्रहरूलाई मिलाएर प्रदेशहरूको निर्माण गरिनु पर्दछ।

१५. देशका हिमालय, पहाड वा तराईका पिछडिएका क्षेत्रहरूको विकास कार्यलाई विशेष प्राथमिकता दिइनु पर्दछ।

१६. कर्णालीको अत्यन्त पिछडिएको अवस्थामाथि ध्यान दिंदै त्यसको विकासका लागि विशेष प्रयत्न गरिनु पर्दछ।

परिच्छेद - २

## सङ्घीयताको राजनीतिक विश्लेषण

१. देशमा सङ्घीयतालाई असंवैधानिक तरिकाले लागू गर्ने प्रयत्न गरिंदै छ। देशमा सङ्घीयता र एकात्मक प्रणाली मध्ये कुन प्रणाली अपनाउने ? त्यो संविधानसभाले निर्णय गर्ने कुरा हो। तर संविधानसभाको चुनावभन्दा पहिले नै गठबन्धन सरकारले अन्तरिम संविधानमा संशोधन गरेर सङ्घीयता सामेल गर्नु वास्तवमा संविधानसभाको सर्वोच्च अधिकारलाई कुण्ठित गर्नु हो। सरकारको त्यस प्रकारको निर्णयको परिणामस्वरूप संविधानसभा देशको सर्वोच्च कानून बनाउने निकाय नबनेर अन्तरिम संसद वा अन्तरिम संसद मातहतको एउटा निकाय बन्न गएको छ। त्यो सम्पूर्ण प्रक्रिया गलत र असंवैधानिक हो।

२. सङ्घीयता नेपालजस्तो सानो, पिछडिएको, आर्थिक दृष्टिले कमजोर र बहुजातीय देशका लागि उपयुक्त नभएको मात्र होइन, गम्भीर रूपले घातक पनि छ र त्यसका कैयौं गम्भीर र दुरगामी दुष्परिणामहरू पनि हुनेछन्। त्यो प्रणालीबाट जातीय र क्षेत्रीय द्वन्द्व बढ्ने छ, राष्ट्रिय विखण्डनको अवस्थाको सिर्जना हुने खतरा उपस्थित हुनेछ र नेपालको अस्तित्व समेत समाप्त हुने सम्भावना हुनेछ।

३. अहिले सङ्घीयताका साथै जातीय राज्य, आत्मनिर्णयको अधिकार तथा एक मधेश-एक प्रदेशका अवधारणाहरू पनि जोडिएर आएका छन्। नेपालमा १०० भन्दा बढी जाति वा जनजातिहरू छन्। ती सवैका जातीय राज्यहरू बन्ने छैनन् र देशका बहुसङ्ख्यक जाति, जनजाति अन्य जाति, जनजातिहरूका राज्यहरूमा रहनु पर्नेछ।

४. जातीय राज्यहरूसित जोडिएको अग्राधिकारले जाति वा जनजातिहरूको हक र अधिकारलाई अरू गम्भीर प्रकारले कुण्ठित गर्नेछ। अग्राधिकारका कारणले जातीय राज्यहरूमा जुन जातिको राज्य कायम हुन्छ, त्यो बाहेक अन्य जाति/जनजातिहरूलाई प्रमुख राजनीतिक पदहरूमा निर्वाचित हुने वा चुनावमा उम्मेदवार बन्ने राजनीतिक अधिकारबाट समेत बञ्चित गर्नेछ। त्यसरी देशमा जातीय तानाशाही शासन कायम हुने खतरा हुनेछ। अहिले प्रस्तावित सबै जातीय राज्यहरूमा सम्बन्धित जाति/जनजाति अल्पसंख्यामा नै हुनेछन्। त्यो अवस्थामा देशमा कायम हुने जातीय तानाशाही शासन अल्पसङ्ख्यक जाति/जनजातिको तानाशाही शासन नै हुनेछ।

५. देशका विभिन्न प्रदेशहरूमा जुन जाति/जनजातिहरूका राज्यहरू कायम हुनेछन्, ती राज्यहरू समग्र रूपमा सम्बन्धित जाति/जनजातिहरूका पनि हितहरूका विरूद्ध हुनेछन्। कुनै राज्यमा उनीहरूको राज्य कायम भएमा वा जातीय अग्राधिकार कायम भएपनि त्यही प्रणाली अनुसार अन्य जाति/जनजातिहरूका राज्यहरू कायम भएका राज्यहरूमा उनीहरू त्यस प्रकारका अधिकारहरूबाट बञ्चित हुनेछन्। त्यसरी जातीय राज्य वा अग्राधिकारको प्रणाली अन्ततः देशका बहुसङ्ख्यक जाति/जनजातिहरूका राजनीतिक अधिकार वा हितहरूका विरूद्ध हुनेछ।

६. जातीय राज्यहरूको कारणले जुन असहज र जातीय विग्रहको अवस्था उत्पन्न हुनेछ, त्यो अवस्थामा थप जाति/जनजातिहरूले आफ्ना लागि बेग्लै राज्यहरूको माग गर्न थाल्नेछन्। अहिले पनि कैयौं जाति/जनजातिहरूले आफ्ना लागि थप र बेग्लै राज्यहरूको माग गरेर आन्दोलन गर्न थालेका छन्। त्यो प्रक्रिया लगातार अगाडि बढ्दै जानेछ र त्यसको परिणामस्वरूप सम्मिलित रूपमा देशमा असहज राजनीतिक अवस्था, जातीय विग्रह र राष्ट्रिय विखण्डनको अवस्था पैदा हुनेछ।

७. एक मधेश-एक प्रदेश अहिले देशको राष्ट्रियता र अखण्डताका लागि गम्भीर खतरा बनेको छ। त्यो अवधारणाका साथै उनीहरूले आत्मनिर्णयको अधिकारमा पनि जोड दिइरहेका छन्। त्यसरी एक मधेश-एक प्रदेश र आत्मनिर्णयको अधिकार दुवैले सम्मिलित रूपले तराईलाई नेपालबाट पृथक बनाउने दिशामा लैजाने खतरा छ। एक मधेश-एक प्रदेश नबनेमा एक नेपाल पनि रहन नदिने चेतावनी मधेशवादी

सङ्गठनहरूले दिएका छन् । त्यसरी एक मधेश-एक प्रदेश बनेमा वा नबनेमा दुवै अवस्थामा देशको राष्ट्रियता र अखण्डतामा गम्भीर आँच पुग्ने खतरा छ । अर्कातिर एक मधेश-एक प्रदेशका विरूद्ध थारू जातिको गम्भीर विरोध छ । त्यसरी एक मधेश-एक प्रदेशको प्रश्नले देशमा गम्भीर प्रकारको संकटको अवस्था सिर्जना गरेको छ । सम्पूर्ण देशभक्त नेपालीहरूको एकताले त्यो समस्यालाई समाधान गर्न सक्नेछ ।

८. संविधानका कतिपय प्रस्तावित प्रतिवेदनहरूमा देशलाई बहुराष्ट्रिय राज्यको रूपमा परिभाषित गरिएको छ । देशका विभिन्न जात, जाति, जनजाति र संस्कृति मिलेर बनेको नेपाल एउटा राष्ट्र र नेपाली जाति हो । बहुराष्ट्रिय राज्यको अवधारणाले नेपाल राष्ट्र र नेपाली जातिमा विखण्डन ल्याउने छ । त्यसका साथ जोडिएको आत्मनिर्णयको अधिकारले नेपाल कैयौं टुक्राहरूमा विभाजित हुने खतरा पनि रहने छ ।

९. नेपाली जनताले कहिल्यैं पनि सङ्घीयताका लागि माग वा सङ्घर्ष गरेका छैनन् । २००७, २०३६, २०४६ वा २०६२–६३ मा कहिल्यैं पनि सङ्घीयताका लागि आवाज उठेको वा सङ्घर्ष भएको छैन । वास्तवमा सङ्घीयता भारतीय विस्तारवाद, विभिन्न साम्राज्यवादी देशहरू र उनीहरू अन्तर्गतका एन.जी.ओ., आई.एन.जी.ओ.हरूको षडयन्त्र अनुसार नै नेपालमा सङ्घीयताको कुरा उठेको हो । विभिन्न राजनीतिक सङ्गठनहरूले भारतको घुसपैठ, प्रलोभन वा दवावमा परेर पनि त्यसलाई स्वीकार गरेका छन् र उनीहरूको प्रचारका कारणले पनि सङ्घीयताबारे जनतामा प्रसस्त भ्रम फैलिएको छ । कतिपय राजनीतिक सङ्गठन, सङ्घ–संस्था, जाति, जनजाति आदिले त्यो प्रणालीद्वारा आफ्नो हित हुनेछ भन्ने सच्चा विश्वास सहित इमान्दारितापूर्वक त्यसलाई अपनाएको सम्भावनालाई अस्वीकार गर्न सकिन्न । तर अन्तमा त्यो प्रणालीद्वारा सम्पूर्ण देश र जनता तथा स्वयं जनजातिहरूका हितमा पनि आघात नै पुग्नेछ ।

१०. देशका सबै जात, जाति, जनजातिका शोषित पीडित जनतामाथि शोषण, उत्पीडन र भेदभावका लागि विद्यमान सामन्ती व्यवस्था नै जिम्मेवार छ । सङ्घीय व्यवस्था कायम भएमा त्यसलाई (सङ्घीयतालाई) जातीय र क्षेत्रीय एकताका आधारमा नै स्थापित गर्ने प्रयत्न गरिने छ । त्यसको परिणाम स्वरूप सबै शोषित जनता जातीय र क्षेत्रीय आधारमा विभाजित हुनेछन् । त्यसले गर्दा सामन्ती व्यवस्थाका विरुद्धको शोषित, पीडित जनताको एकता, वर्ग–सङ्घर्ष वा किसान आन्दोलन कमजोर हुनेछ र त्यसबाट सामन्ती व्यवस्थालाई बल पुग्नेछ । त्यसरी अन्ततः सङ्घीयताले त्यो व्यवस्थालाई नै मद्दत पुग्नेछ, जो शताब्दियौं देखि सबै शोषित पीडित जनतामाथिको शोषण, उत्पीडन र भेदभावको कारण बन्दै आएको छ ।

११. सङ्घीयताका कारणले देशमा क्षेत्रीय वा जातीय स्तरका सङ्गठनहरूको भूमिका बढेर जानेछ र राष्ट्रिय स्तरका राजनीतिक सङ्गठनहरूको भूमिका कमजोर हुनेछ वा उनीहरूको अस्तित्व नै समाप्त हुने अवस्थाको सिर्जना हुनेछ ।

१२. नेपालजस्तो पिछडिएको र आर्थिक दृष्टिले कमजोर देशका लागि सङ्घीयताको कारणले बढ्ने खर्च धान्नु सम्भव हुनेछैन । सङ्घीयता अन्तर्गका एकाध राज्यहरूलाई छाडेर अधिकतर राज्यहरूका लागि आफ्ना बेग्ला–बेग्लै राज्य विधायिका, मन्त्रीमण्डल, प्रशासन आदिको खर्च चलाउनु पनि मुश्किल पर्नेछ । सङ्घीयताका कारणले केन्द्रीय सरकारको आयस्रोतमा पनि कमी आउनेछ र राज्यहरूका लागि पर्याप्त आर्थिक सहायता दिन मुश्किल पर्नेछ । त्यसरी सङ्घीयता अन्तर्गत सम्बन्धित राज्यहरू र सम्पूर्ण देशको विकास कुण्ठित हुनेछ ।

१३. अहिले संविधानसभामा राष्ट्रिय जनमोर्चा बाहेक अन्य सबै राजनीतिक सङ्गठनहरूले सङ्घीयतालाई स्वीकार गरेका छन् । त्यसले गर्दा अब देशमा सङ्घीयता अवस्यम्भावी छ भन्ने पनि गरिन्छ । तर प्रथम, सङ्घीयतालाई समर्थन गर्ने राजनीतिक शक्तिहरूका बीचमा त्यसको स्वरूपबारे नै गम्भीर प्रकारका मतभेदहरू छन् । तिनीहरूलाई समाधान गरेर सङ्घीयतालाई कायम गर्नु सजिलो हुनेछैन । द्वितीय, सङ्घीयतालाई समर्थन गर्ने राजनीतिक दलहरू मध्ये अधिकतरले जातीय राज्य, आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेश, बहुराष्ट्रिय राज्य आदिको विरोध गर्दछन् । सङ्घीयतालाई समर्थन गर्ने राजनीतिक शक्तिहरूका बीचमा भएका उक्त मतभेद वा अन्तरविरोधलाई उपयोग गर्दै सङ्घीयतालाई खारेज गर्ने हाम्रो पूरा प्रयत्न हुनुपर्दछ । सङ्घीयतालाई सम्पूर्ण रूपले खारेज गराउन सक्ने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न । तत्काल त्यसो गर्नु सम्भव भएन भने त्यससित जोडिएका जातीय राज्य, आत्मनिर्णयको अधिकार, एक मधेश, एक प्रदेश, बहुराष्ट्रिय राज्य आदि अवधारणाहरूलाई संविधानसभाद्वारा खारेज गर्न सफलता प्राप्त भएमा त्यो सङ्घीयताका विरुद्धको आन्दोलनको महत्वपूर्ण उपलब्धि हुनेछ । त्यस प्रकारको सीमित उपलब्धि हुन सकेपनि सङ्घीयताबाट पुग्ने क्षतिलाई काफी हदसम्म रोक्न सकिने छ । त्यसैले सङ्घीयता पूरै नै खारेज गराउने सङ्घर्षलाई दृढतापूर्वक अगाडि बढाउँदै सङ्घीयतालाई मानेर पनि त्यससित जोडिएका अन्य गलत अवधारणाहरू, जातीय राज्य, आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेश, बहुराष्ट्रिय राज्यको विरोध गर्दछन्, उनीहरूसित पनि परस्परमा तालमेल गरेर सङ्घर्ष गर्ने हाम्रो नीति हुनेछ ।

१४. सङ्घीयता कायम हुन सक्नेछ वा छैन ? त्यो कुराको फैसला आज देशमा त्यसका पक्षमा कति राजनीतिक सङ्गठन वा सङ्घ-संस्थाहरू छन्, संविधानसभामा त्यसका पक्षमा कति सभासद्हरू छन् वा त्यसका पक्षमा कति जनमत छ ? त्यो कुराले फैसला गर्नेछैन । तर त्यो कुराको अन्तिम फैसला

सङ्घीयताले देशको वस्तुस्थिति, ऐतिहासिक आवश्यकता र व्यापक जनहितसित मेल खान्छ वा खाँदैन ? त्यो कुराले गर्नेछ। सङ्घीयता हाम्रो देशको वस्तुस्थिति, ऐतिहासिक आवश्यकता र जनताका व्यापक हितमा छैन। त्यो अवस्थामा सङ्घीयतालाई अपनाइएमा त्यसले जातीय र क्षेत्रीय द्वन्द्व वा राष्ट्रिय विखण्डनको स्थितिको सिर्जना गर्नेछ। त्यसका दुष्परिणामहरूलाई रोक्न सङ्घीयतालाई खारेज गर्नुपर्दछ।

१५. विभिन्न राजनीतिक दलहरूले आपसमा सिद्धान्तहीन गठबन्धन गरेर सङ्घीयतालाई लागू गर्ने निर्णय गरे पनि वा सङ्घीयताको पक्षमा संविधान बनाउन र त्यसलाई लागू गर्न सफल भएपनि त्यो व्यवस्था अन्ततः देश र जनताका हितमा हुने छैन। त्यो अवस्थामा त्यसका असङ्गति र दुष्परिणामहरू अगाडि आउनुका साथै जनता त्यसका विरूद्ध देखापर्दैजानेछन् र सङ्घीयताका विरूद्ध उच्चस्तरको जनचेतना र आन्दोलन बढ्दै जानेछ। त्यो अवस्थामा जुन राजनीतिक सङ्गठन वा संस्थाहरूले भ्रमवस त्यसलाई समर्थन गरेका छन्, उनीहरूले पनि आफ्ना गलत सोंचाई र नीतिहरूबारे पुर्नविचार गरेर सङ्घीयतालाई खारेज गर्न अगाडि आउन थाल्नेछन्। जुन विदेशी शक्तिहरूले अहिले सङ्घीयतालाई समर्थन गरिरहेका छन्, उनीहरूले पनि त्यो प्रणालीका विरूद्ध जनमत र आन्दोलनले व्यापकरूप लिदैं गएमा उनीहरू (विदेशीहरू)को समर्थनमा पनि त्यसलाई (सङ्घीयतालाई) लामो समयसम्म अडाएर राख्न सक्ने छैनन्। यो प्रणालीबाट आफ्ना स्वार्थहरू पूरा नहुने देखेमा त्यसलाई समर्थन दिन बन्दगर्नेछन्। त्यो अवस्थामा यी सबै आन्तरिक र बाह्य कारणहरूको परिणामस्वरूप देशमा सङ्घीयतालाई खारेज गराउने कार्य तत्कालका लागि धेरै कठिनजस्तो देखिएता पनि त्यो असम्भव हुने छैन। सङ्घीयताका विरूद्धको विचार वस्तुस्थिति र यथार्थतामाथि आधारित भएकाले अन्तमा त्यसको विजय अवस्यम्भावी छ।

परिच्छेद - ३

## कार्यप्रणाली

१. सङ्घीयताका विरूद्ध राष्ट्रिय अभियान (संक्षिप्तमा संविराअ) एउटा खुकुलो प्रकारको मञ्च हुनेछ। त्यसको कार्यप्रणाली खुकुलो प्रकारको हुनेछ।
२. मञ्चको औपचारिक रूपले सदस्य बन्नु पर्ने कुनै नियम हुनेछैन। गणतन्त्रका पक्षमा र सङ्घीयताका विपक्षमा भएका कुनै पनि संस्था वा व्यक्तिलाई त्यसमा प्रवेश खुला हुनेछ।
३. मञ्चको कार्य सञ्चालनका लागि एउटा केन्द्रीय कार्यसमिति हुनेछ। त्यसको अध्यक्ष र कार्यसमितिका सदस्यहरूको चुनाव सङ्घीयताका विरूद्धको राष्ट्रिय अधिवेशनमा गरिने छ।
४. अधिवेशनमा कार्यसमितिका सदस्यहरूको सङ्ख्या तोकिने छ। अधिवेशनमा चुनिएका सदस्यहरूको सङ्ख्याभन्दा बढी नहुने गरी बाँकी रहेका सदस्यहरूको पूर्तिगर्ने अधिकार अध्यक्षलाई हुनेछ।
५. समितिले आवश्यकतानुसार सल्लाहकारहरू मनोनित गर्न सक्नेछ। तर तिनीहरूको संख्या कार्यसमितिका लागि तोकिएको कूल सङ्ख्याको एकतिहाईभन्दा बढी हुनेछैन।
६. मञ्चको कुनै विधान हुनेछैन। कार्यसमितिले आफ्नो कार्य सञ्चालनका लागि आवश्यकतानुसार नियमहरूको निर्माण गर्दै जानेछ।
७. विभिन्न स्तरमा मञ्चका शाखाहरू खुल्न सक्नेछन्। सङ्घीयताका विरूद्धको मूल स्प्रिटलाई कायम राखेर अन्य नामबाट पनि शाखाहरू खुल्न सक्नेछन्।
८. मञ्चले सङ्घीयताका विरूद्धको सङ्घर्षमा कार्यरत संलग्न अन्य केन्द्रीय वा स्थानीय स्तरका संस्थाहरूसित पनि तालमेल वा कार्यगत एकता गरेर काम गर्ने नीति अपनाउने छ।

परिच्छेद - ४

## आगामी कार्यक्रम

सङ्घीयताका विरूद्ध व्यापक जनमत तयार पार्न वा आन्दोलन सङ्गठित गर्न तललेखिएअनुसारको कार्यक्रम अपनाइने छ :

१. देशव्यापी रूपमा सङ्घीयता विरूद्ध राष्ट्रिय अभियानका शाखा र समितिहरूको गठन गर्ने।
२. देशव्यापी रूपमा सभा, कोणसभा, अन्तरक्रिया, विचार गोष्ठी आदिको आयोजना गर्ने।
३. पर्चा, पोष्टरिङ, वालपेन्टिङ गर्ने।
४. राजधानी सहित देशका विभिन्न भागहरूमा राजनीतिक नेता, बुद्धिजीवी, पत्रकार आदिसित समुहगत वा व्यक्तिगत भेटघाट, विचार विमर्श गर्ने।
५. सङ्घीयताका विरूद्ध मेची–महाकाली अभियान सञ्चालन गर्ने।
६. सङ्घीयताका विरूद्ध पुस्तक, पत्रिका आदि सामाग्रीहरू प्रकाशित गर्ने।
७. सङ्घीयताको सम्पूर्ण विरोध नगरे पनि जातीयता, आत्मनिर्णयको अधिकार, एक मधेश–एक प्रदेश, बहुराष्ट्रिय राज्य आदि अवधारणाहरू प्रति विरोध राख्ने संस्था वा व्यक्तिहरूसित समभ्रूदारी, तालमेल वा कार्यगत एकता गर्ने।
८. संविधानसभामा सङ्घीयता वा त्यससित जोडिएका अन्य गलत धारणाहरूलाई पारित हुन नदिन समर्थन जुटाउन पहल गर्ने र त्यसका लागि संविधानसभा बाहिर जनदवावको सिर्जना गर्न पनि प्रयत्न गर्ने।
९. वेवसाइटद्वारा सङ्घीयताका विरूद्ध व्यापक जनमत तयार पार्न प्रयत्न गर्ने।
१०. विदेशस्थित नेपालीहरूका बीचमा र अन्यत्र पनि व्यापक प्रचार गरेर सङ्घीयताका विरूद्ध समर्थन जुटाउन प्रयत्न गर्ने।

# नेपाल कम्युनिष्ट पार्टी (मसाल)का महामन्त्री का. मोहनविक्रम सिंहद्वारा जारी

## वक्तव्यहरु

**२०६६/१०/१२**

ने.क.पा. (मसाल) को यही २०६६ साल माघ ११ र १२ गते बसेको पी.वी.को बैठकले देशका कतिपय समस्याहरूबारे छलफल गरी निम्नलिखित निर्णयहरू गरेको छ ।

संविधानसभाद्वारा संविधानको निर्माणको अवधि समाप्त हुन केही महिना मात्र बाँकी छन् । तर संविधान निर्माण अझै अनिश्चयताको अवस्था छ । संविधानसभाको म्याद थप्ने कुरा पनि उठिरहेको छ । हाम्रो पार्टीले संविधानसभाको म्याद थप्ने कुराको विरोध गर्दै तोकिएको समयमा नै संविधानको निर्माण हुनुपर्ने आवश्यकतामा जोड दिन्छ । त्यसका लागि हाम्रो पार्टीले सबै प्रमुख दलहरू, मुख्यत: माओवादी, एमाले र ने.का.,का बीचको सहमति र सहकार्यमा जोड दिँदै आएको छ र अहिले पनि दिन्छ । संवैधानिक समिति वा त्यसका विभिन्न मस्यौदा प्रतिवेदनहरूमा उपसमितिहरूले संघीय प्रणाली, आत्मनिर्णयको अधिकार, बहुराष्ट्रिय राज्य, जातीय आधारमा प्रदेशहरूको विभाजन आदिका पक्षमा जुन सुझावहरू पठाएका छन्, तिनीहरूलाई हाम्रो पार्टीले गलत मान्दछ र संविधानसभाद्वारा तिनीहरूलाई अस्वीकार गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ ।

हाम्रो पार्टीले गणतन्त्रको सुदृढीकरण, राष्ट्रियताको रक्षा र संघीयताका विरूद्ध समेत संविधानसभा भित्र र बाहिर लगातार आफ्नो आन्दोलन अगाडि बढाउँदै आएको छ र भविष्यमा त्यसको आवश्यकतामा जोड दिन्छ । त्यस प्रकारको आन्दोलनको सिलसिलामा अहिलेसम्म प्रथम, दोस्रो र तेस्रो चरणका कार्यक्रमहरू सम्पन्न भइसकेका छन् र फागुनमा संघीयताका विरूद्ध जिल्ला केन्द्रित जनमार्चका कार्यक्रमको आयोजना गरिएको छ । त्यही सिलसिलामा संघीयताका विरूद्ध व्यापक जनमत तयार पार्न विभिन्न पक्षहरूसित देशव्यापी रूपमा सम्पर्क, भेटघाट, अन्तरक्रिया आदि र आगामी फागुन २९ गते संघीयताका विरूद्ध राष्ट्रिय अधिवेशन गर्ने निर्णयहरू गरिएका छन् ।

संघीयताका विरूद्ध क्षेत्रीयस्तरका बन्द र हडतालका कार्यक्रमहरूका सिलसिलामा काठमाडौं र उदयपुर समेत जिल्लाहरूमा शान्तिपूर्ण प्रदर्शनको कार्यक्रमहरूमा तथा सिन्धुपाल्चोकमा रक्तिम सांस्कृतिक अभियानको प्रशिक्षण कार्यक्रममा माओवादीहरूद्वारा गरिएको हिंसात्मक आक्रमणलाई हाम्रो पार्टीले गम्भीर रूपमा लिन्छ र तिनीहरूका विरूद्ध देशव्यापी रूपमा भण्डाफोर कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ ।

हाम्रो पार्टीले संविधानको निर्माणका लागि सहमति र सहकार्यको निर्माणमा जोड दिने सिलसिलामा तीन दलहरूका बीचमा बनेको उच्चस्तरीय संयन्त्रको पनि स्वागत गरेको थियो । त्यसलाई समर्थन गर्ने बेलामा गतकालमा झै त्यो सहमति टुट्ने वा त्यसको गलत उपयोग हुने सम्भावनातिर पनि सतर्क गराएका थियौं । अहिले त्यो संयन्त्रद्वारा संविधानको निर्माणका लागि सहमति बनाउनमा प्रयत्न गर्नेभन्दा पनि सरकारको फेरबदल तर्फ बढी ध्यान केन्द्रित गरेको र माओवादीहरूले पनि संयन्त्रको मुख्य कार्य उनीहरूको नेतृत्वमा सरकारको गठन गर्नु भएको र उनीहरूको नेतृत्वमा सरकार नबनेमा संविधानको निर्माण नहुने अभिव्यक्तिहरू दिएकाले त्यो संयन्त्रले सकारात्मक भूमिका खेल्नसक्ने सम्भावना कम देखिन्छ । त्यसकारण हामीले पुन: संविधानको निर्माणका दिशामा सही प्रकारले सहमति कायम गर्नुपर्ने आवश्यकतामा जोड दिन्छौं ।

आज देशको राष्ट्रियताका अगाडि गम्भीर संकट उपस्थित भएको छ । भारतीय विस्तारवादको हस्तक्षेप बढ्दै गइरहेको छ । त्यस सन्दर्भमा सीमा अतिक्रमण एकदम बढेर गएको छ । त्यस प्रकारको विदेशी हस्तक्षेप वा सीमा अतिक्रमण समेतलाई रोक्नका लागि सरकारले विशेष भूमिका खेल्नुपर्ने अवस्थामा पहिलेदेखिको भारतपरस्त नीतिमा निरन्तरता दिँदै सरकारले उक्त प्रश्नहरूमा कुनै भूमिका नखेलेको मात्र होइन जलसम्पदा समेतको प्रश्नहरूमा राष्ट्रिय हितहरूका विरूद्ध सम्झौताहरू गर्दै गईरहेको छ । त्यसकारण राष्ट्रियताको प्रश्नमा विशेष सतर्कता र आन्दोलन बढाएर लैजानुपर्ने आवश्यकता छ ।

अहिले माओवादीहरूले राष्ट्रिय स्वाधिनताको आन्दोलनको कुरा उठाएका छन् । तर त्यसका पछाडिको मुख्य उद्देश्य राष्ट्रियताको रक्षा नभएर सत्तामा पुग्नका लागि भारतलाई दवाव दिने नै भएको देखिन्छ । त्यसकारण राष्ट्रियताको दृष्टिले त्यो आन्दोलनको कुनै खास उपयोगिता छैन । त्यसकारण सही आधारमा राष्ट्रियताको पक्षमा आन्दोलन बढाएर लैजानुपर्ने आवश्यकतामा हाम्रो पार्टीले जोड दिन्छ ।

आज जनजीवनसित सम्बन्धित समस्याहरू पनि गम्भीर बन्दै गइरहेका छन् । शान्ति सुरक्षाको समस्या गम्भीर छ । दण्डहीनता वा महंगी बढेर गएका छन् । यी समस्याहरू बारे आवश्यक कारवाही गर्न सरकार असफल भएको छ । त्यसैले हाम्रो पार्टीले उक्त प्रश्नहरूबारे आवश्यक ध्यान दिन र आवाज उठाउन जनतासित अपील गर्दछ ।

प्यूठानको स्याउलीवाङमा भएको भिषण आगलागि र त्यसबाट त्यहाँ भएको क्षतिप्रति ने.क.पा.(मसाल)को पी.वी.को बैठकले गम्भीर दु:ख प्रकट गर्दछ । त्यहाँ आवश्यक राहत

पुऱ्याउनको लागि गरेको ढिलाईका लागि सरकारको आलोचना गर्दै त्यहाँ तुरून्त आवश्यक सहायता पुऱ्याउनको लागि सरकारसित माग गर्दछ ।

**२०६६/१०/२६**

ने.क.पा. (मसाल)को संगठनमा देखापरेका समस्या र कमजोरीहरूबारे विचार गर्न र अगाडिका लागि संगठन सम्बन्धी ठोस नीति निश्चित गर्नका लागि पार्टीको केन्द्रीय समितिको बैठक यही माघ २२-२४ गतेसम्म सम्पन्न भयो । त्यो बैठक मुख्य रूपले संगठनात्मक अवस्थाबारे छलफल गर्नका लागि नै भएको थियो । तैपनि त्यसले तात्कालिक राजनीतिक कार्यहरूबारे एउटा प्रस्ताव पारित गरेको छ । त्यो प्रस्तावको पूर्ण पाठ तललेखिए अनुसार छ :

देशको तात्कालिक परिस्थितिबारे यसभन्दा पहिले गत कार्तिकमा बसेको केन्द्रीय समितिको बैठक र यही माघमा बसेको पी.वी.को बैठकमा विस्तृतरूपले विचार गरिएको छ । ती बैठकहरू पछि देशको राजनीतिक परिस्थितिमा कुनै खास परिवर्तन भएको छैन । अहिले हुन थालिरहेको बैठक मुख्यरूपले संगठनात्मक समस्याबारे नै हुन थालिरहेकोले हामी यो बैठकमा देशको राजनीतिक परिस्थितिको विस्तृत विश्लेषण पट्टि लाग्दैनौं । तैपनि तात्कालिक एकाध समसामयिक राजनीतिक कार्यहरूबारे केही विचार र निर्णयहरू गर्नुपर्ने आवश्यकता छ । गत पौष महिनामा बन्दका कार्यक्रमहरूका सिलसिलामा माओवादीहरूले राजधानी सहित कतिपय जिल्लाहरूमा हाम्रा कार्यकर्ता वा प्रदर्शनकारीहरूमाथि र सिन्धुपाल्चोकमा रक्तिमको प्रशिक्षण कार्यक्रममा हिंसात्मक आक्रमण गरेका छन् । त्यस प्रकारको आक्रमण हाम्रो पार्टीले गम्भीर रूपमा लिन्छ ।

उपरोक्त परिस्थितिमा हामीले तत्काल निम्नलिखित राजनीतिक कार्यहरूमा जोड दिन्छौं :

१. पूर्व निर्धारित फागुन ५ देखि २० गते सम्मको संघीयताका विरूद्धको जनमार्च कार्यक्रम सफल पार्ने ।

२. त्यो जनमार्चको कार्यक्रमका साथै माओवादीहरूका विरूद्धको भण्डाफोरको कार्यक्रमलाई देशव्यापी रूपमा सञ्चालन गर्ने ।

उक्त समस्याहरूका साथै हाम्रो पार्टीले जनमार्चको कार्यक्रमका सिलसिलामा तललेखिएका कतिपय समस्याहरू बारे पनि आवाज उठाउनुपर्ने आवश्यकतामा जोड दिन्छ :

देशमा आज संविधान बनाउने प्रश्नमा अनिश्चयता र अन्यौलको स्थिति उत्पन्न भएको छ । त्यसकारण हाम्रो पार्टीले समयमा नै संविधानको निर्माण हुनुपर्दछ र त्यसका लागि समय थप्ने कुराको विरोध गर्नुपर्दछ ।

देशमा दण्डहीनता अत्यधिक रूपमा बढेर गएको छ । त्यस सिलसिलामा सिन्धुपाल्चोकमा राष्ट्रिय जनमोर्चाका जिल्ला सदस्य का. हुतनाथ न्यौपानेको अज्ञान व्यक्तिहरूद्वारा हत्या उल्लेखनीय छ । हाम्रो पार्टीले का. न्यौपानेको हत्याका विरूद्ध देशव्यापीरूपमा विरोध सभा र शोकसभाहरू समेतको आयोजना गर्ने निर्णय गरेको छ । त्यसका साथै उहाँको हत्यामा संलग्न व्यक्तिहरूको छानविन गर्न र अपराधिहरूलाई सजाय दिनका लागि सरकार र सम्बन्धित जिल्लाको प्रशासनसित पनि हाम्रो पार्टीले माग गर्दछ ।

बैठकमा तात्कालिक संगठनात्मक कार्यहरू सम्बन्धी एउटा प्रस्ताव पनि प्रस्तुत भएको थियो । त्यो प्रस्तावमा विस्तृत छलफल पछि पार्टी संगठन सम्बन्धी कैयौं महत्वपूर्ण निर्णयहरू भए । केन्द्रीय कमिटीद्वारा पारित त्यो प्रस्तावमा भनिएको छ : "केन्द्रीय नेतृत्वको कार्यप्रणालीमा सुधारका साथै पार्टीको सम्पूर्ण संगठनात्मक अवस्थामा सुधारका लागि प्रयत्न गर्नुपर्ने आवश्यकता छ ।" त्यसका लागि केन्द्रीय समितिले पार्टीको संगठनात्मक अवस्था बारे विस्तृत रूपले विचार गर्नका लागि छिटै राष्ट्रिय भेला आयोजना गर्ने समेत निर्णय गरेको छ । त्यो भेलामा तात्कालिक राजनीतिक परिस्थिति बारे एउटा राजनीतिक प्रस्ताव प्रस्तुत भएपनि त्यो भेलाको मुख्य एजेण्डा पार्टीको संगठनात्मक अवस्थाबारे विचार गर्नु नै हुनेछ । त्यो राष्ट्रिय भेलाले पार्टीको वर्तमान संगठनात्मक अवस्था बारे विस्तृत रूपले छलफल गरेर सही संगठनात्मक नीति निर्धारित गर्नेछ र त्यसबाट पार्टीको सम्पूर्ण संगठनात्मक अवस्थामा सुधार गर्न र त्यसरी देशको राजनीतिमा शसक्त भूमिका खेल्नका लागि महत्वपूर्ण योगदान दिनेछ भन्ने हामीले आशा र विश्वास गर्दछौं ।

**२०६६/१२/०३**

ने.क.पा. (मसाल)ले देशका कतिपय तात्कालिक राजनीतिक प्रश्नहरूबारे आफ्नो दृष्टिकोण स्पष्ट गर्नका लागि यो वक्तव्य जारी गर्दैछ ।

१. ने.क.पा. (मसाल)ले यही चैत्र ४ गते काठमाडौं प्रज्ञाभवनमा संघीयताका विरूद्ध राष्ट्रिय अभियानद्वारा आयोजित "संघीयताका विरूद्ध राष्ट्रिय अधिवेशन"को सफलताको शुभ-कामना गर्दछ । अहिले संघीयताका विरूद्धको जनमत कुनै खास राजनीतिक पक्षको संगठनको परिधिभन्दा धेरै बाहिरसम्म व्यापक भएको छ । उक्त राष्ट्रिय अधिवेशनले संघीयताका विरूद्धको देशव्यापी जनमतलाई संगठित रूप दिएर संघीयताका विरूद्धको आन्दोलनलाई सशक्त रूप दिन महत्वपूर्ण योगदान दिनेछ भन्ने हामीलाई विश्वास छ ।

२. संविधान तोकिएको समयभित्र नै हुनुपर्दछ भन्ने हाम्रो मत छ । संविधानसभाको अवधि थप्ने वा संक्षिप्त र अधुरो संविधानको निर्मण गर्ने जस्तो कुरालाई हामीले गलत ठान्दछौं र विरोध गर्दछौं ।

३. नेपालमा अनमिनलाई ल्याउने बारेमा प्रारम्भ देखि नै हाम्रो विरोध थियो । त्यसको म्याद थप्दै जाने कुरामा पनि हाम्रो विरोध रहँदै आएको छ । अनमिनद्वारा देशको शान्ति प्रक्रियामा कुनै मद्दत पुग्ने छैन र त्यसद्वारा वास्तवमा शान्ति प्रक्रियामा बाधा नै पुग्नेछ । त्यसकारण त्यसलाई छिटै देशबाट बाहिर पठाउनु पर्दछ भन्ने हाम्रो दृढ मत छ ।

४. माओवादी छापामारहरूलाई समुहगत रूपमा नेपाली सेनामा सामेल गर्ने कार्यलाई हाम्रो पार्टीले प्रारम्भ देखि नै विरोध गर्दै आएको छ । माओवादीहरूमा देखापरेको सामाजिक फासिवादी

र सैन्यवादी प्रकारको प्रवृत्तिको पृष्ठभूमिमा उनीहरूका छापामारहरूलाई नेपाली सेनामा समूहगत रूपमा सामेल गर्दा नेपालमा सामाजिक फासिवादी शासन कायम हुने खतरा हुनेछ । त्यो बाहेक माओवादी छापामारहरूलाई समूहगत रूपमा नेपाली सेनामा सामेल गरेपछि अन्य कतिपय सशस्त्र गुटहरूका लडाकूहरूलाई पनि समूहगत रूपमा नेपाली सेनामा सामेल गर्नुपर्नेछ । त्यसरी ठूलो संख्यामा अवांन्छित तत्व, अपराधी वा विदेशी एजेण्टहरूलाई पनि नेपाली सेनामा प्रवेशका लागि ढोका खुल्ने छ र त्यसबाट देशको राष्ट्रियता र अखण्डतामा गम्भीर खतरा पैदा हुनेछ । त्यसैले हामीले सबै राजनीतिक संगठनहरूसित माओवादी छापामारहरूलाई नेपाली सेनामा समूहगत रूपमा प्रवेश गर्ने नीतिको सट्टा उनीहरूलाई पुनर्स्थापना वा व्यवस्थापन गर्ने नीति अपनाउन अपील गर्दछौं । सेना सम्बन्धी त्यस प्रकारको व्यवस्था पनि संविधानको निर्माणभन्दा पहिले नै गरिनु पर्दछ । त्यो कार्यलाई पछिका लागि स्थगित राखेमा त्यसबाट नयाँ समस्या र जटिलता पैदा हुनेछन् ।

५. सरकारका विरूद्ध अविश्वासको प्रस्ताव ल्याउन माओवादीहरूले गरिरहेको प्रयत्न प्रति हाम्रो पार्टीको ध्यान आकर्षित भएको छ । त्यस प्रकारको गतिविधिले संविधानको निर्माणको कार्यलाई ढीलो गर्नेछ र त्यो कार्यमा बाधा पुराउनेछ । त्यसैले हाम्रो पार्टीले सबै राजनीतिक पक्षहरूसित संविधानको निर्माणमा नै मुख्य रूपले ध्यान केन्द्रित गर्नका लागि अपील गर्दछौं । किनभने तोकिएको समयभित्र संविधान नबनेमा त्यसबाट सर्वप्रथम गणतन्त्रलाई सुदृढ र संस्थागत गर्ने कार्यमा बाधा पुग्ने र त्यसका साथै अन्य कैयौं गलत र अवांन्छित प्रकारका परिणामहरू हुने सम्भावना रहने छ ।

**२०६६/१२/०६**

नेपाली काँग्रेसका सभापति र भू.पू. प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको निधन प्रति ने.क.पा. (मसाल)ले गम्भीर दु:ख र शोक प्रकट गर्दछ । निरंकुश राणाशासन र पञ्चायती तानाशाही व्यवस्थाका विरूद्धको संघर्षमा महत्वपूर्ण भूमिका खेलेका कोइरालाको प्रतिगमनका विरूद्धको २०६२-६३को आन्दोलनमा ऐतिहासिक भूमिका रह्यो । वास्तवमा उहाँले लिएको दृढ अडानका कारणले त्यो आन्दोलनलाई सफल हुन महत्वपूर्ण योगदान दिएको थियो । त्यो आन्दोलनको सफलतापछि संविधानसभाको चुनाव र गणतन्त्रको स्थापनामा पनि उहाँको सकारात्मक योगदान रह्यो । अहिले संविधानको निर्माण र शान्ति प्रक्रियालाई सफल पार्न उहाँले लगातार सहमति र सहकार्यमा जोड दिँदै आउनु भएको थियो । त्यस प्रकारको पृष्ठभूमिमा उहाँको निधनले देश र प्रजातान्त्रिक आन्दोलनलाई पनि धेरै नै क्षति पुगेको छ ।

उहाँसितका हाम्रा गम्भीर प्रकारका सैद्धान्तिक र राजनीतिक मतभेदहरूका बाबजुद उहाँले आफ्नो जीवनकालमा खेलेको सकारात्मक भूमिका र प्रजातान्त्रिक आन्दोलनमा पुर्‍याएको योगदानको उच्च मूल्यांकन गर्दै उहाँप्रति हामीले श्रद्धाञ्जली प्रकट गर्दछौं । त्यसका साथै हामीले उहाँका शोक सन्तप्त परिवारजन तथा उहाँले नेतृत्व गरेको ने.का.का सबै नेता र कार्यकर्ताहरूप्रति समवेदना प्रकट गर्न चाहन्छौं ।

अन्तमा आज देशमा गणतन्त्रको सुदृढीकरण, संविधानको निर्माण र शान्ति प्रक्रियालाई सफल पार्न समेत सबै राजनीतिक शक्ति, सामाजिक संघ-संस्था र आम जनता समेतसित आपसमा व्यापक एकता कायम गरेर अगाडि बढ्नका लागि अपील गर्दछौं र त्यही नै कोइराला प्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ ।

**२०६६/१२/१४**

बर्दियाको राष्ट्रिय निकुञ्जमा सेनाद्वारा दुईजना दलित महिला र एक बालिकामाथि गरिएको दुर्व्यवहार र हत्याको ने.क.पा. (मसाल) ले तीव्र शब्दमा भर्त्सना गर्दछ र उक्त विषयमा निष्पक्ष तथा उच्चस्तरीय छानवीन गरी दोषिहरूलाई सजाय दिनुपर्ने माग गर्दछ । त्यसै गरेर जनकपुरमा आपसमा प्रेम विवाह गरेका हिन्दू दुलाह र मुस्लिम दुलहीहरू आफ्नो सुरक्षाका लागि भारतबाट नेपालमा आएका थिए । उनीहरू मध्ये मुस्लिम नवबधुलाई प्रहरीले सुरक्षाका लागि चौकिमा राखेर गरेको सामूहिक बलात्कारको घटना पनि अत्यन्त गम्भीर कुरा हो । त्यसले नेपालको प्रतिष्ठामा नै ठूलो आँच पुगेको छ । सेना वा प्रहरीद्वारा गरिने सामूहिक त्यस प्रकारका अपराधजन्य कार्यहरूलाई रोक्न तथा अपराधीहरूलाई अपराध अनुसार तुरून्त सजाय दिन प्रभावशाली कदम उठाउन हामीले सरकारसित माग गर्दछौं ।

पूर्व राजा ज्ञानेन्द्रको "राजतन्त्रको इतिहास समाप्त भइसकेको छ जस्तो लाग्दैन" भन्ने हालैको अभिव्यक्तिलाई हाम्रो पार्टीले अत्यन्त गम्भीर रूपमा लिन्छ । त्यस प्रकारको अभिव्यक्तिका पछाडि देशमा राजतन्त्रलाई विउताउने उद्देश्य वा षडयन्त्रले काम गरेको कुरा बुझ्न गाह्रो पर्दैन । हाम्रो पार्टीले सुरूदेखि नै राजतन्त्रको पुनर्स्थापनाको दिशामा भइरहेका प्रयत्नहरूको चर्चा गर्दै त्यस प्रकारको खतराका विरूद्ध उच्चप्रकारको सतर्कता अपनाउनुपर्ने आवश्यकतामा जोड दिँदै आएको छ । देशमा संविधानको निर्माणको दिशामा देखापरेको अनिश्चयता र अन्यौलको स्थिति, प्रमुख वा सत्तारूढ राजनीतिक दलहरूका गलत प्रकारका नीति र कार्यप्रणाली, त्यो कारणले गणतन्त्रको सुदृढीकरण र नयाँ संविधानको निर्माणमा पुगिरहेको बाधा तथा जनतामा विद्यमान व्यवस्थाप्रति नै असन्तोष र अविश्वास बढ्दै जाने सम्भावना आदि समेतका कारणहरूले प्रतिगामी शक्तिहरूलाई राजतन्त्रको पुनर्स्थापनामा बल पुग्ने सम्भावनाको गम्भीरतालाई अस्वीकार गर्न सकिन्न । खास गरेर देशका प्रमुख राजनीतिक दलहरूको राजासित खुला वा छद्म प्रकारको गठबन्धनको इतिहासको पृष्ठभूमिमा अहिले गणतन्त्रको पक्षमा भएका कतिपय राजनीतिक दलहरूलाई राजावादी शक्तिहरूले आफ्नो स्वार्थहरूका पक्षमा उपयोग गर्नसक्ने र त्यसरी गणतन्त्रलाई धक्का पुग्नेतिर पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ । उक्त सबै कुराहरूमाथि ध्यान दिँदै पूर्वराजाले प्रकट गरेको अभिव्यक्तिलाई हल्का रूपमा लिनु गल्ति हुनेछ । एकातिर, नयाँ संविधान निर्माण र गणतन्त्रको सुदृढीकरणको दिशामा ठोस र प्रभावशाली कारवाही गरेर र, अर्कातिर, सबै प्रकारका

प्रतिगामी सोंचाई वा गतिविधिहरूलाई दृढतापूर्वक सामना गरेर तथा उक्त प्रश्नहरूमा जनतामा व्यापक चेतना पैदा गरेर नै हामीले राजावादी खतरालाई रोक्न सक्ने छौं र रोक्नु पर्दछ ।

संविधानको निर्माणको प्रश्नमा भईरहेको ढीलाईप्रति हाम्रो पार्टीले गम्भीर चिन्ता प्रकट गर्दछ । त्यस सन्दर्भमा खास गरेर माओवादीहरूको उनीहरूको नेतृत्वमा सरकार नबन्दासम्म संविधानको निर्माणमा सहयोग नगर्ने वा बाधा पार्ने सोंचाई र त्यसका लागि उनीहरूले बारम्बार जनविद्रोहको जुन कुरा गरिरहेका छन्, त्यसलाई हाम्रो पार्टीले अत्यन्त गम्भीर रूपमा लिन्छ । त्यस प्रकारको सोंचाईले २०६२-६३ को आन्दोलन, गणतन्त्रको सुदृढीकरण वा संविधानको निर्माण भन्दा आफ्नो सत्तालिप्सालाई माथि राख्ने उनीहरूको दृष्टिकोणलाई बताउँछ । हामीले माओवादी सहित सबै प्रमुख राजनीतिक शक्तिहरूसित पुन: आपसमा सहमति र सहकार्यको वातावरण बनाएर निर्धारित समयमा संविधानको निर्माणको कार्य पूरा गर्नका लागि अपील गर्दछौं ।

अन्तमा भारतका शिर्षस्थ र वयोवृद्ध कम्युनिष्ट नेता का. कानुसन्यालको मृत्युबाट हाम्रो पार्टीलाई धेरै नै दु:ख लागेको छ । जुन प्रकारको परिस्थितिमा उहाँको मृत्यु भयो, त्यो झन् बढी दु:खको कुरा हो । सञ्चार माध्यमद्वारा उहाँको मृत्युबारे जुन समाचारहरू आएका छन्, तिनीहरूबारे बढि छानवीनको आवश्यकता छ । हाम्रो पार्टीले उहाँका शोक सन्तप्त परिवार तथा संगठनका सबै नेता र कार्यकर्ताहरूप्रति समवेदना प्रकट गर्दै उहाँप्रति श्रद्धाञ्जली प्रकट गर्न चाहन्छ ।

### २०६६/१२/१७

माधव नेपालले नेतृत्व गरेको गठबन्धन सरकारले पासपोर्ट (एम.आर.पी.) को छपाईको कार्य भारतलाई दिने निर्णय गरेको छ र त्यसबारे भारतीय पक्षसित सम्झौता पनि भइसकेको छ । सरकारको त्यो कार्यलाई हाम्रो पार्टीले गम्भीर रूपमा लिन्छ । अख्तियारले टेण्डर खोलेर प्रतिस्पर्धाका आधारमा त्यसबारे निर्णय गर्ने निर्देशन दिएको थियो । तर अख्तियारको त्यो निर्देशनलाई खुला रूपले उल्लंघन गरेर भारतलाई एम.आर.पी.को छपाई दिने निर्णय अत्यन्त आपत्तिजनक कुरा हो र हाम्रो पार्टीले मन्त्रीमण्डलको त्यस प्रकारको निर्णयको कडा शब्दमा विरोध गर्दछ ।

कास्कीमा अखिल नेपाल युवक संघको शान्तिपूर्ण घोषणा सभामा माओवादीहरूले गरेको हिंसात्मक आक्रमणको हाम्रो पार्टीले तीब्र शब्दमा भर्त्सना गर्दछ र त्यस प्रकारको कारवाहीहरूलाई रोक्न कडा चेतावनी दिन्छ । उनीहरूले संघीयताको विरोध गरेको भनेर त्यहाँ शान्तिपूर्ण कार्यक्रममा आक्रमण गरेका थिए । संघीयताले देशलाई जातीय र क्षेत्रीय द्वन्द्व र राष्ट्रिय विखण्डनको दिशामा लैजाने कुरा निश्चित छ । त्यसकारण त्यसका विरूद्ध संघर्ष गर्नु सबै देशभक्त नेपालीहरूको कर्त्तव्य हुन्छ र संघीयताको विरूद्धको आन्दोलनलाई अरू उच्च र व्यापक रूपमा बढाएर लैजानुपर्ने आवश्यकता छ । हामीले यहाँ दृढ शब्दमा यो कुरा पनि स्पष्ट गर्न चाहन्छौं कि त्यस प्रकारको हिंसात्मक आक्रमणले हाम्रो त्यो आन्दोलनलाई दवाउन वा रोक्न सक्ने छैन । त्यसका साथै कुनै शान्तिपूर्ण आन्दोलनमा हिंसात्मक आक्रमण गरेर माओवादीहरूले आफ्नो अराजकतावादी र सामाजिक फासिवादी प्रकारको कार्यशैलीको परिचय दिएका छन् । हाम्रो पार्टीले उनीहरूको त्यस प्रकारको सामाजिक फासिवादी प्रकारको कारवाहीका विरूद्ध देशव्यापी रूपमा आवाज उठाउनुपर्ने आवश्यकतामा जोड दिन्छ ।

अहिले माओवादीहरूका तीन हजार लडाकूहरूलाई नेपाली सेनामा सामेल गर्ने कुराको चर्चा भइरहेको छ । हाम्रो पार्टीले सानो वा ठूलो जुनसुकै संख्यामा भएपनि त्यसरी समुहगत रूपमा माओवादी छापामारहरूलाई नेपाली सेनामा सामेल गर्ने कार्यलाई गलत मान्दछ । प्रथमत: माओवादीहरूको सामाजिक फासिवादी कार्यशैली अहिलेपनि उनीहरूले देशव्यापी रूपमा त्यस प्रकारको कार्यशैली बढाइरहेको कुरामाथि ध्यान दिंदा उनीहरूलाई त्यसरी नेपाली सेनामा सामेल गर्दा देशमा नव-अधिनायकवादी र सामाजिक फासिवादी प्रकारको खतरा बढ्ने सम्भावना रहने छ । त्यसका साथै त्यसरी कुनै पक्षका लडाकूहरूलाई समुहगत रूपमा नेपाली सेनामा सामेल गर्ने प्रक्रिया प्रारम्भ भयो भने देशका अन्य सशस्त्र गुटहरूका लडाकूहरूलाई पनि समुहगत रूपमा नेपाली सेनामा सामेल गर्नका लागि बाटो खुल्ने छ वा वाध्यता हुनेछ । त्यसबाट देशको राष्ट्रियतामा झन् गम्भीर आँच पुग्नेछ । त्यसैले हामीले माओवादी छापामारहरूलाई आवश्यकतानुसार पुनर्स्थापना वा व्यवस्थापन गर्ने कुरामा जोड दिंदै नेपाली सेनामा सामेल गर्ने कार्यलाई दृढतापूर्वक विरोध गर्दछ र अन्य पक्षधहरूसित पनि त्यो प्रश्नबारे गम्भीरतापूर्वक विचार गर्न अपील गर्दछौं ।

माओवादीहरूले उनीहरूको नेतृत्वमा सरकार नबनेमा संविधान बन्न नदिने कुरामा लगातार जोड दिइरहेका छन् र उनीहरूको समर्थन बिना संविधान नबन्ने भएकाले अन्य कतिपय राजनीतिक पक्षहरूले उनीहरूको (माओवादीहरूको) त्यस प्रकारको सोंचाई प्रति सम्झौतावादी वा समन्वयवादी बाटो पनि अपनाउने कुरा गर्न थालेका छन् । तर आफ्ना पक्षमा सहमति वा बहुमत नभएपनि उनीहरूको नै नेतृत्वमा सरकार बन्नु पर्दछ भन्ने उनीहरूको दावी सामाजिक फासिवादी प्रकारको सोंचाई हो र उनीहरूको त्यो नीतिलाई प्रश्रय दिएमा देशमा नव-अधिनायकवादी शासन कायम हुने खतरा हुनेछ । गतकालमा उनीहरूले जुनसुकै अवस्थामा भएपनि आफ्नो नेतृत्वमा सरकार बन्नुपर्ने कुरामा जोड दिंदै अन्यथा 'विद्रोह'को बाटो समात्ने कुरा गर्दै आएका छन् । अहिले उनीहरूको पक्षमा सहमति वा बहुमत नभएपनि उनीहरूलाई सरकार बन्नका लागि ढोका खोलेपछि भविष्यमा पनि लगातार जुनसुकै अवस्थामा पनि, उनीहरूको पक्षमा सहमति वा बहुमत नभएपनि आफ्नो नेतृत्वमा सरकार बन्नका लागि जोड दिइरहने छन् वा उनीहरूको कुरालाई अन्य पक्षहरूले स्वीकार नगरेमा देशमा अशान्ति मच्चाउने वा 'विद्रोह'को बाटो समात्ने कुरा गर्नेछन् । त्यसरी अहिले उनीहरूको गलत दावीका अगाडि आत्मसमर्पण गर्नुको अर्थ उनीहरूको सामाजिक फासिवादी प्रकारको सोंचाईलाई अनिश्चित भविष्यसम्म लगातार कायम राख्नका लागि मद्दत गर्नु नै हुनेछ । संविधानसभामा माओवादीहरूको संख्यात्मक स्थिति वा उनीहरूको समर्थन बिना संविधानको निर्माण हुन नसक्ने भएको हुनाले संविधानको निर्माणको पक्षमा उनीहरूसित सहमति कायम गर्न वा पारस्पारिक समझदारी अनुसार उनीहरूलाई सरकारमा सामेल गर्न पनि प्रयत्न गर्नुपर्दछ ।

तर संविधान वा प्रजातान्त्रिक मूल्य र मान्यताहरूको विपरित उनीहरूका गलत दवावका अगाडि समन्वय वा सम्झौता गर्ने नीति अपनाउनु अत्यन्त घातक कुरा हुनेछ र त्यसका कैयौं दुरगामी दुष्परिणामहरू हुनेछन् ।

**२०६७/०१/१८**

सर्वप्रथम ने.क.पा.(मसाल)ले मे दिवसको उपलक्ष्यमा सम्पूर्ण विश्व र नेपालका पनि सबै शोषित, उत्पीडित र मेहनतकश जनताको अभिनन्दन गर्दै मे दिवसको उज्ज्वल र गौरवपूर्ण परम्परालाई अरू उच्च र क्रान्तिकारी रूपमा अगाडि बढाउने आवश्यकतामा जोड दिन्छ ।

मे दिवसको अवसरमा हामीले नेपालको अहिलेको स्थिति प्रति पनि सम्पूर्ण जनताको ध्यान आकर्षित गर्न चाहन्छौं । हाम्रो देश अहिले इतिहासको नै अत्यन्त गम्भीर मोडमा आएर उभिएको छ । एकातिर, २०६२-६३ को आन्दोलन पछि राजतन्त्रको अन्त भएर देशमा गणतन्त्र कायम भएको छ र त्यसलाई सुदृढ गर्ने गम्भीर जिम्मेवारी हाम्रो काँधमा आएको छ भने, अर्कातिर, गणतन्त्र समाप्त भएर देश पुन: प्रतिगमन वा अस्तव्यस्तता वा अराजकताको स्थितिमा जाने गम्भीर खतरा पनि हाम्रा अगाडि देखापरेको छ । आज देशको राष्ट्रियताका अगाडि पनि गम्भीर खतरा उपस्थित भएको छ । संघीयता, जातिवाद वा क्षेत्रीयतावादका कारणले देशमा जातीय र क्षेत्रीय द्वन्द्व बढ्ने वा राष्ट्रिय विखण्डन हुने खतराहरू पनि हाम्रा अगाडि देखापरेका छन् । त्यस प्रकारको स्थितिमा हाम्रो पार्टीले गणतन्त्रको सुदृढीकरण, राष्ट्रियताको रक्षा र संघीयताको विरोधमा संघर्षलाई लगातार, दृढतापूर्वक र सम्झौताहीन प्रकारले अगाडि बढाउनुपर्ने आवश्यकतामा जोड दिन्छ ।

नेपालमा करिब ६ दशकको लामो संघर्षपछि संविधानसभाको चुनाव सम्पन्न भयो र त्यसले राजतन्त्रलाई समाप्त गर्ने ऐतिहासिक कार्य पूरा गरेको छ । अब त्यसका अगाडि नयाँ संविधानको निर्माणको जिम्मेवारी छ । तर निर्धारित समय पूरा भइसक्ने बेला हुँदासम्म पनि संविधान बन्न सकेको छैन र १४ जेष्ठसम्म संविधान बन्ने कुरामा गम्भीर प्रकारको आशंका उत्पन्न भएको छ । देशका प्रमुख राजनीतिक शक्तिहरू, मुख्यत: माओवादी, एमाले र ने.का., का बीचमा सहमति र सहकार्य हुन नसकेकाले नै त्यो कार्यमा बाँधा पुगेको छ र हामीले पुन: त्यस प्रकारको सहमति र सहकार्य गरेर आज देशका अगाडि भएका जिम्मेवारी पूरा गर्न सम्बन्धित पक्षहरूसित अपील गर्दछौं ।

संविधानको निर्माणको कार्यमा आफ्नो नेतृत्वमा सरकार नबनेसम्म संविधान बन्न नदिने माओवादीहरूको अडानका कारणले संविधानको निर्माणमा सबैभन्दा बढी बाधा पुगेको कुरा स्पष्ट छ । संविधानको निर्माणका लागि दुईतिहाई बहुमत चाहिने भएकाले माओवादीको समर्थन बिना संविधान बन्न नसक्ने स्थिति छ । त्यसकारण हामीले माओवादीहरूसित संविधानको निर्माणमा बाँधा पुऱ्याउने उनीहरूको अहिलेको अडानमा पुर्नविचार गरी परस्परमा सहमति र सहकार्य गरेर संविधानको निर्माणप्रति सकारात्मक दृष्टिकोण अपनाउन अपील गर्दछौं ।

मे देवसको उपलक्ष्यमा माओवादीहरूले राजधानीमा र देशव्यापी रूपमा आन्दोलनको सञ्चालन गरेका छन् । तर त्यो आन्दोलनको चरित्रले वास्तवमा मे दिवसको उज्ज्वल र क्रान्तिकारी चरित्रसित मेल खाँदैन । त्यो आन्दोलनको उद्देश्य खालि एउटै छ - प्रचण्डको नेतृत्वमा सरकारको निर्माण । कुनै सरकारको गठन वा विघटन संविधानसभा वा व्यवस्थापिका संसद्द्वारा गरिने कार्य हो । विद्यमान अन्तरिम विधान वा देशमा कायम भएको व्यवस्था माओवादीहरू सहित स्वयं आन्दोलन पक्षधर शक्तिहरूको सहमतिमा नै बनेका हुन् । त्यो अवस्थामा संविधानसभाभन्दा बाहिरबाट आन्दोलनका बलमा कुनै सरकारलाई अपदस्थ गर्ने वा जोरजर्वजस्तीपूर्वक र दवावका बलमा कुनै सरकारको गठन गर्ने प्रयत्न वास्तवमा संविधानसभाको अधिकार र कार्यक्षेत्रको आक्रमण नै हो । त्यस प्रकारको कार्यविधिले संविधानसभाको भूमिकालाई समाप्त पार्नेछ र देश एक वा अर्को प्रकारको अधिनायकवादतिर जाने सम्भावना रहने छ । माओवादीहरूले अपनाएको त्यस प्रकारको तरिका सामाजिक फासिवादी तरिका हो । माओवादीहरूले फैलाएका डर, त्रास, आतंक वा उनीहरूको दवावमा आएर गरिने कुनै पनि प्रकारको आत्म समर्पणले उनीहरूको (माओवादीहरूको) सामाजिक फासिवादी प्रकारको प्रणालीलाई नै बल पुऱ्याउने छ र त्यसरी देशका समस्याहरूको समाधान होइन, देशमा अरू जटिल र गम्भीर प्रकारको संकटको स्थितिको सृजना गर्नेछ । त्यसैले हामीले माओवादीहरूसित संविधानसभा भित्रबाट र संवैधानिक तरिकाले नै सरकारबारे भएका आफ्ना मागहरूलाई पूरा गराउन प्रयत्न गर्दै जोरजवजस्तीका बलमा सरकारलाई अपदस्थ गर्ने वा आफ्नो सरकार गठन गर्न प्रयत्न गर्नेजस्ता सबै प्रयत्नहरूलाई बन्द गर्नका लागि अनुरोध गर्दछौं ।

आन्दोलनका क्रममा माओवादीहरूले अपनाएको कार्यविधिबाट देशको शान्ति र सुरक्षामा गम्भीर आँच पुग्ने खतरा उत्पन्न भएको छ । हामीले आशा प्रकट गर्दछौं, सरकारले धैर्य र संतुलित प्रकारले काम गरेर देशको शान्ति र सुव्यवस्थालाई खलबलिन नदिन आवश्यक र प्रभावशाली कदम उठाउने छ ।

**२०६७/०१/२५**

नेपाल कम्युनिष्ट पार्टी (मसाल) ले एकीकृत ने.क.पा. (माओवादी)द्वारा अनिश्चितकालिन आम हडताल स्थगित गरेको कार्यलाई स्वागत गर्दछ । त्यस सन्दर्भमा जनताले देशव्यापीरूपमा उठाएको आवाज र भूमिकालाई पनि हाम्रो पार्टीले अभिनन्दन गर्दछ ।

हाम्रो लगातार यो मत रहँदै आएको छ कि अहिलेको देशको जटिल राजनीतिक समस्याको समाधान, शान्ति, गणतन्त्रको सुदृढीकरण र संविधानको निर्माणका लागि समेत प्रमुख राजनीतिक दलहरूका बीचको सहमति र सहकार्य निर्णयात्मक महत्वको कुरा हो । तर त्यो सहमति लोकतान्त्रिक मूल्य, मान्यता र संविधानद्वारा निर्धारित विधि अन्तर्गत नै हुनु पर्दछ । आपसमा भएको विवादहरूलाई त्यसरी नै टुंगाएर सहमति कायम गर्ने प्रयत्न गर्नुपर्दछ । सरकार सम्बन्धी विवादहरूलाई पनि त्यसरी नै टुंगाउने

प्रयत्न गर्नुपर्दछ । सहमति कायम गर्ने नाममा लोकतान्त्रिक वा संवैधानिक विधिको अतिक्रमण गरियो भने त्यसबाट २०६२-६३ को उपलब्धिहरू र गणतन्त्र समेत समाप्त हुने, अराजकताको अवस्था उत्पन्न हुने, देशमा एक वा अर्को प्रकारको अधिनायकवादी प्रणाली कायम हुने खतरा हुनेछ । हामीले सत्तामा वा सत्ता बाहिर भएका सबै प्रमुख राजनीतिक शक्तिहरूसित परस्परमा सहमति कायम गरेर २०६२-६३का आन्दोलनका उपलब्धीको रक्षा, गणतन्त्रको सुदृढीकरण शान्ति र संविधानको निर्माणका कार्यहरूलाई सफल पार्न अपील गर्दछौं ।

---

**२०६७/०१/२८**

देशका कतिपय तात्कालिक समस्याहरू बारे ने.क.पा. (मसाल) को दृष्टिकोण स्पष्ट गर्नका लागि यो वक्तव्य जारी गरिएको छ ।

माओवादीहरूले अनिश्चितकालिन आमहडताल फिर्ता लिएको कार्यलाई हाम्रो पार्टीले पहिले नै स्वागत गरिसकेको छ । अहिले उनीहरूले सडक आन्दोलन पनि जेष्ठ ११ गतेसम्मका लागि स्थगित गरेका छन् । तर उनीहरूको नेतृत्वमा सरकार नबनेसम्म संविधानको निर्माण समेत कुनै पनि विषयमा सहयोग नगर्ने उनीहरूको सोंचाई अहिले पनि कायम छ र त्यसका लागि उनीहरूले पुन: उच्चस्तरको आन्दोलन सञ्चालन गर्ने कुरा पनि गरिरहेका छन् ।

भविष्यमा विद्यमान व्यवस्थामा आमूल परिवर्तनका लागि उच्चस्तरको क्रान्तिकारी आन्दोलनमा जोड दिनुपर्ने नीतिको औचित्यता स्पष्ट छ । तर तत्कालको ऐतिहासिक र वस्तुगत अवस्थामा विद्यमान व्यवस्था, संविधान वा प्रणाली अन्तर्गत रहेर संविधानको निर्माण र गणतन्त्रको सुदृढीकरणमा जोड दिनु आजका तात्कालिक राष्ट्रिय आवश्यकताहरू हुन् । स्वयं उनीहरूले पनि उक्त विषयहरूमा प्रतिवद्धता प्रकट गरिसकेका छन् । त्यसकारण इमान्दारिता र नैतिकताको कुरा यो नै हुन्छ कि उनीहरूले प्रजातान्त्रिक र संवैधानिक विधिबाट सरकारमा पुग्ने अधिकारलाई कायम राख्दै असंवैधानिक विधिद्वारा वा जोरजबर्जस्ती तरिकाले सत्ता कब्जा गर्ने नीतिबारे पुर्नविचार गर्नुपर्ने आवश्यकता छ ।

जेष्ठ १४ गते संविधानको निर्माणको प्रश्नमा गम्भीर आशंका उत्पन्न भएको छ । हाम्रो पार्टीले सुरू देखि नै तोकिएको समयभित्र संविधानको निर्माण हुनुपर्ने कुरामा जोड दिँदै आएको छ । यदि तोकिएको समयमा संविधान बन्न सक्दैन भने त्यसका लागि समय कम भएर होइन, तर सत्तारूढ वा प्रमुख राजनीतिक दलहरूले समयको सदुपयोग गरेर सही कार्यप्रणाली अपनाउन नसक्दा नै त्यस्तो हुन गएको कुरा स्पष्ट छ । यस सन्दर्भमा हाम्रो यो पनि स्पष्ट र निश्चित मत छ कि आफ्नो नेतृत्वमा सरकार नबन्दासम्म संविधान बन्न नदिने माओवादीहरूको नीतिका कारणले नै संविधानको निर्माणको कार्यमा सबैभन्दा बढी बाधा पुग्न गएको हो । अहिले संविधानको निर्माणका लागि संविधानसभाको अवधि बढाउने कुरा उठिरहेको छ । तर जुन कारण र परिस्थितिका कारणले संविधानको निर्माणमा बाधा पुग्न गयो, त्यो अवस्था कायम रहँदासम्म जतिपल्ट अवधि बढाए पनि संविधानको निर्माण हुन सक्नेछैन । त्यसकारण संविधानको निर्माणको सन्दर्भमा यो पक्षमाथि गम्भीरतापूर्वक विचार गर्न हामीले सम्बन्धित सबै राजनीतिक शक्तिहरू र आम जनतासित पनि अपील गर्दछौं ।

देशको अवस्थामा सुधार, संविधानको निर्माण वा गणतन्त्रको सुदृढीकरणका लागि समेत हाम्रो पार्टीले सामान्यत: संविधानसभा र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरूका बीचमा र मुख्यत: माओवादी, एमाले र ने.का.का बीचमा सहमति र सहकार्यमा जोड दिँदै आएको छ र अहिले पनि हामीले त्यो कुरामा जोड दिन्छौं । अहिले राष्ट्रिय सहमति र त्यसका आधारमा संयुक्त सरकारको कुरा उठिरहेको छ । तर त्यस प्रकारको सहमतिको निर्माण पनि संविधानद्वारा निर्धारित विधिको सीमाभित्र नै हुनुपर्दछ । तर आफ्नो नेतृत्वमा सरकार बाहेक अन्य कुनै कुरामा सहमत नहुने माओवादीहरूको नीति नै मुख्य रूपमा बाधा बनेको छ । त्यो सीमा बाहिर कुनै पक्षले अपनाउने जोरजबर्जस्तीको नीतिसित सम्झौता गर्ने नीति अपनाइयो भने त्यसबाट ०६२-६३को आन्दोलनका उपलब्धि र देशमा कायम भएको बहुदलीय व्यवस्था पनि सम्पूर्ण रूपमा समाप्त हुने तथा देशमा गम्भीर प्रकारको अराजकताको स्थिति पैदा हुने वा एक वा अर्को प्रकारको तानाशाही शासन कायम हुने खतरा हुनेछ ।

माओवादीहरूले यो कुरामा जोड दिइरहेका छन् कि देशमा राष्ट्रिय सहमति कायम गर्नका लागि वर्तमान सरकार नै बाधा बनेर उभिएको छ । यसकारण राष्ट्रिय सहमति कायम गर्नका लागि सर्वप्रथम प्रधानमन्त्री माधव नेपालले राजिनामा दिनुपर्दछ र वर्तमान सरकारको विघटन हुनुपर्दछ । उनीहरूले त्यसलाई नै राष्ट्रिय सहमतिका लागि प्रस्थानविन्दु बताएका छन् । तर उनीहरूले अहिलेसम्म जुन प्रकारका नीतिहरू अपनाउँदै आएका छन्, त्यसबाट यो कुरा बुझ्न गाह्रो पर्दैन कि उनीहरूले आफ्नो नेतृत्वको सरकारको निर्माणका लागि नै वर्तमान सरकारको राजिनामा वा विघटनको माग गरिरहेका छन् । आफ्नो नेतृत्वमा सरकार बाहेक अन्य कुनै विकल्प वा सहमतिलाई अस्वीकार गर्ने उनीहरूको दृष्टिकोण राष्ट्रिय सहमति वा संविधानको निर्माणमा बनेको गत्यावरोधको मुख्य कारण हो । त्यस कारण उनीहरूको त्यो दृष्टिकोणमा परिवर्तन र संवैधानिक विधि अनुसार नै आफ्नो नेतृत्वमा सरकार बनाउन प्रयत्न गर्ने, त्यसमा सफलता नमिले अन्य पक्षको नेतृत्वमा पनि सरकारमा सामेल हुन तयार हुने वा प्रतिपक्षमा बसेर भएपनि संविधानको निर्माण र गणतन्त्रको सुदृढीकरणमा सहयोग गर्ने सकारात्मक दृष्टिकोण नअपनाउँदासम्म अहिले देशमा कायम भएको गत्यावरोधको स्थितिको अन्तको सम्भावना देखिन्न । त्यसैले उनीहरूको दृष्टिकोणमा त्यस प्रकारको परिवर्तन नै राष्ट्रिय सहमतिका लागि प्रस्थान विन्दु हुनुपर्दछ भन्ने हाम्रो पार्टीको स्पष्ट र दृढ मत छ ।

माओवादीहरू सशस्त्र संघर्षको बाटो छाडेर बहुदलीय व्यवस्था र शान्तिपूर्ण आन्दोलनको पक्षमा आएका छन् । त्यो अवस्थामा उनीहरूले आफ्नो कार्यप्रणालीलाई पनि त्यही अनुरूप सच्चाउनुपर्ने आवश्यकता छ । त्यसको विपरित, शान्तिपूर्ण

आन्दोलन र बहुदलीय व्यवस्थाको पक्षमा आइसकेपछि पनि उनीहरूले पहिलेको जस्तो उग्र"वामन्थी" प्रकारको कार्यप्रणालीलाई कायम राख्दछन् वा विद्रोहद्वारा सत्ता कब्जा गर्ने जस्ता कुरा गर्दछन् भने त्यसबाट विद्यमान बहुदलीय व्यवस्था, गणतन्त्र, संविधानसभा, संविधानको निर्माण वा राष्ट्रिय सहमतिमा समेत बाधा पुग्नेछ। त्यसकारण उनीहरूले लोकतान्त्रिक मूल्य र मान्यताका पक्षमा प्रकट गरेको आफ्नो प्रतिवद्धता अनुसार आफूलाई ढाल्ने प्रयत्न गर्नुपर्दछ र त्यस अनुसार आफ्नो नेतृत्वमा सरकारको निर्माणका लागि प्रयत्न गर्दागर्दै पनि त्यसका लागि सफलता प्राप्त नभएमा अन्य पक्षको नेतृत्वमा सरकारमा सामेल हुने वा प्रतिपक्षमा नै रहेर संविधानको निर्माण र गणतन्त्रको सुदृढीकरण समेतको कार्यमा सहयोग गर्ने प्रजातान्त्रिक स्पिरिट देखाउनु पर्दछ। त्यसरी नै देश अग्रगमनको दिशामा अगाडि बढ्न सक्नेछ।

---

**२०६७/०२/०१**

संविधानको निर्माणको सन्दर्भमा देखापरेका समस्या र जटिलताहरू बारे ने.क.पा. (मसाल)को दृष्टिकोण स्पष्ट गर्नका लागि यो वक्तव्य जारी गरिएको छ।

अहिले देश अत्यन्त ठूलो संकटको मुखमा उभिएको देखिन्छ। जेष्ठ १४ गतेसम्म संविधान बन्ने सम्भावना समाप्तप्राय भएको छ। जेष्ठ १४ गते संविधान नबने देशमा कुन प्रकारको अवस्था उत्पन्न हुनेछ ? त्यो अत्यन्त गम्भीर प्रश्न हाम्रा अगाडि छ। जेष्ठ १४ गते संविधान नभएपछि संविधानसभाको अवधि बढाउने कुरा पनि उठिरहेको छ। तर त्यस सन्दर्भमा सर्वप्रथम यो कुरा स्पष्ट हुनु आवश्यक छ : अवधि किन बढाउने ? जुन कारण र परिस्थितिका कारणले दुईवर्षसम्म संविधाको निर्माण हुन सकेन, तिनै कारण र परिस्थितिको पुनरावृत्ति हुने हो भने संविधानसभाको अवधि बढाए पनि संविधानको निर्माण हुन सक्नेछैन। त्यो अवस्थामा थपिएको अवधिमा संविधान बन्ने कुरा सुनिश्चित भएपछि नै संविधानको म्याद थपिनु पर्दछ। अन्यथा अहिले भइरहेका खेल दोहराउनका लागि नै संविधानसभाको म्याद थप्नुको कुनै सकारात्मक परिणाम हुनेछैन। तोकिएको समयमा संविधान पनि नबन्ने, संविधान बन्ने सुनिश्चित गरिकन अवधि पनि नथपिने - त्यसले २०६२-६३ को उपलब्धि र गणतन्त्र समेतमाथि गम्भीर आँच पुग्नेछ। त्यो अवस्थामा संविधानसभा र गणतन्त्र पक्षधर शक्तिहरूले कुन प्रकारको नीति लिएर अगाडि बढ्ने ? त्यसबारे गम्भीरतापूर्वक विचार गर्नुपर्ने आवश्यकता छ।

जुन कारण वा परिस्थितिमा तोकिएको अवधिमा संविधानको निर्माण हुन सकेन, त्यसका लागि सबै राजनीतिक शक्तिहरूलाई समान रूपले दोषी ठहराउनु सही र न्यायसंगत कुरा होइन। तथ्यहरूमाथि वस्तुगत रूपले विचार गरेर नै त्यस सम्बन्धी सही निष्कर्षमा पुग्नु उचित हुनेछ। त्यसरी विचारगर्दा तोकिएको समयमा संविधान बन्न नसक्नुमा मुख्य रूपले माओवादी समूह नै जिम्मेवार भएको कुरा प्रष्ट छ। खास गरेर त्यसले लोकतान्त्रिक मूल्य र मान्यता वा संविधानको स्वेच्छाचारी प्रकारले उल्लंघन गर्ने नीति र कार्यविधिका कारणले नै तोकिएको समयमा संविधानको निर्माण हुन सकेन र पुन: त्यसको अवधि थपिने वा थपिएको अवधिमा संविधान बन्ने पनि सम्भावना कमै देखिन्छ। उनीहरूले उनीहरूको नेतृत्वमा सरकार नबन्दासम्म संविधान बन्न नदिने कुरा गर्दै आएका थिए भने अहिले पुन: उनीहरूको नेतृत्वमा सरकार नबन्दासम्म संविधानको निर्माणका लागि अवधि बढाउन पनि नदिने कुरा गर्दैछन्।

दुईतिहाईको समर्थन नभइकन संविधान बन्न सक्दैन भने माओवादीहरूको समेत समर्थन प्राप्त नभएमा संविधानमा संसोधन गरेर अवधि बढाउन पनि मिल्दैन। त्यो अवस्थामा संविधानको निर्माणका लागि संविधानसभाको अवधि बढाउनुभन्दा पहिले त्यसका लागि संविधानमा संशोधन गर्नका लागि वा अवधि बढाइसकेपछि पनि माओवादीहरूको समर्थन प्राप्त हुन्छ वा हुन्न ? त्यो कुरा स्पष्ट र निश्चित हुनुपर्दछ। अन्यथा, प्रथम, संविधानको निर्माणका लागि अवधि बढाउनु नै सम्भव हुने छैन। द्वितीय, त्यसका लागि अवधि बढाइए पनि संविधानको निर्माण सम्भव हुनेछैन। त्यो अवस्थामा संविधानको निर्माणका लागि माओवादीहरूको समर्थन सुनिश्चित नभइकन संविधानको म्याद बढाउने कुराले कुनै अर्थ राख्दैन।

अहिले माओवादीहरूले चारैतिरबाट ढोका बन्द गरेर आफ्नो नेतृत्वमा सरकार नबन्दासम्म संविधानको निर्माणमा बाधा पुर्‍याउने काम गरिरहेका छन्। त्यसरी संविधानको निर्माणमा मुख्यत: उनीहरूका कारणले नै बाधा पुगेको कुरा दिनको उज्यालो झैं प्रष्ट छ। त्यसरी उनीहरूले देशलाई कहाँ लैजान खोज्दैछन् र त्यसरी कुन उद्देश्य पूरा गर्न खोज्दैछन् ? त्यसबारे संविधानसभा र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरूको ध्यान जानुपर्ने आवश्यकता छ। अहिले त्यसबारे पर्याप्त ध्यान दिन नसकेमा वा उनीहरूका (माओवादीहरूका) गलत नीति र कारवाहीहरूबाट सम्भावित दुष्परिणामहरूलाई रोक्न समयमा नै आवश्यक कदमहरू उठाउन नसकेमा भविष्यमा विकसित परिस्थितिअनुसार पुन: नयाँ प्रकारले त्यस प्रकारका दुष्परिणामहरूको सामना गर्नु आवश्यक हुनेछ।

माओवादीहरूले संविधानको निर्माण, संविधानको निर्माणका लागि अवधिमा वृद्धि, शान्ति वा देशका सबै समस्याहरूको समाधानका लागि एमालेको नेतृत्वको वर्तमान सरकार अवरोध भएको घोषित गरेर सर्वप्रथम त्यसको राजिनामाको माग गरिरहेका छन्। यो पनि लुकेको कुरा होइन कि वर्तमान सरकारको राजीनामाको माग उनीहरूले प्रचण्डको नेतृत्वमा सरकारको निर्माणका लागि गरिरहेका छन्। संविधानले निर्धारित गरेको विधिभन्दा बाहिरबाट माओवादीहरूको जोरजबर्जस्तीको दबाबमा आएर कुनै सरकारको विघटन वा गठन नीति अपनाउँदा त्यसबाट देशमा लोकतान्त्रिक र संवैधानिक प्रक्रिया भंग हुने र देशमा गम्भीर प्रकारको अराजकता वा एक वा अर्को प्रकारको तानाशाही शासन कायम हुने खतरा हुनेछ। वास्तवमा अहिले माओवादीहरूले लोकतान्त्रिक र संवैधानिक तरिका नअपनाएकोले अहिले राष्ट्रिय सहमतिको वातावरण तयार हुन सकेको छैन। उनीहरूले आफ्नो त्यो कार्यपद्धतिमा सुधार नगर्दासम्म वर्तमान सरकारले राजिनामा दिए पनि वर्तमान अवस्थामा सुधार हुनेछैन र परिस्थिति अरू बिग्रेर जानेछ।

वास्तवमा अहिलेको मुख्य प्रश्न वर्तमान सरकारले राजिनामा दिने कि नदिने भन्ने होइन। मुख्य प्रश्न माओवादीले सरकार

सम्बन्धि विवाद समेत सबै प्रश्नहरूमा लोकतान्त्रिक र संवैधानिक तरिका अपनाउने कि नअपनाउने भन्ने हो। वर्तमान सरकारको विघटन वा त्यसको ठाउँमा अर्को सरकारको गठन पनि संवैधानिक विधि र सदनबाट नै हुनुपर्दछ। त्यसका साथै कुनै पक्षले आफ्नो नेतृत्वमा सरकार नबनेका कारणले संविधानको निर्माणमा बाधा पुर्‍याउँछ भने त्यो गम्भीर प्रकारको गैर-जिम्मेवार तरिका हो। त्यसैले हाम्रो पार्टीले संविधानको निर्माण र गणतन्त्रलाई सुदृढ गर्ने कार्यहरू समेतका लागि राष्ट्रिय सहमति र सहकार्यमा पूरा जोड दिँदै लोकतान्त्रिक मूल्य, मान्यता वा संविधानद्वारा निर्धारित विधिमा आँच पुग्ने प्रकारका कुनै कार्यविधि नअपनाउन सत्तामा भएका वा प्रतिपक्षमा भएका सबै राजनीतिक शक्तिहरूसित अपील गर्दछ।

लोकतान्त्रिक र संवैधानिक विधि अन्तर्गत रहेर सहमति कायम हुन सकेन वा संविधानको निर्माण हुन सकेन भने देशमा कुन प्रकारको स्थिति पैदा हुनेछ ? अहिले नै भविष्यवाणी गर्नु सम्भव छैन। तर त्यस प्रकारको स्थिति जस्तोसुकै भएपनि त्यसको स्वरूप वा प्रकृति अवान्छित र अत्यन्त घातक हुने कुरा प्रष्ट छ। अहिले नै संविधानसभा र गणतन्त्र पक्षधर शक्तिहरूले त्यस प्रकारको अवान्छित प्रकारको स्थितिलाई रोक्नका लागि गम्भीरतापूर्वक विचार गरेर ठोस कदम नउठाएमा भविष्यमा हामीले पुन: लामो र कडा संघर्ष वा बलिदानको बाटोबाट गएर नै देशलाई पुन: अग्रगमनको दिशामा लैजानु सम्भव हुनेछ।

बैशाख १७ गते बाग्लुङ्गको बुर्तिवाङ्गमा माओवादीहरूले हमला गरेर अ.ने.रा.स्व.वि.यु (छैठौं)सित सम्बन्धित दुईजना विद्यार्थीहरू पुरन घर्ति र दीपक घर्तिलाई गम्भीर रूपले घाइते बनाएका छन्। उनीहरू मध्ये एकजनाको टाउकोमा गम्भीर चोट लागेको छ भने अर्काको किड्नीमा नै क्षती पुगेको छ। त्यस प्रकारको हिंसात्मक कारवाहीका सिलसिलामा गिरफ्तार भएका अपराधिहरूलाई स्थानीय माओवादी नेतृत्वले प्रहरीलाई दवाव दिएर छुटाएर लगेको छ। हामीले माओवादीहरूको त्यस प्रकारको कारवाहीको तीव्र शब्दमा भर्त्सना गर्दै अपराधिहरूलाई कारवाही नगरिकन छोडिदिएको स्थानीय प्रशासन र गृहमन्त्रालयको पनि तीव्र आलोचना गर्दछौं। हाम्रो पार्टीले दोषिहरूमाथि तुरून्तै कारवाही तथा घाइतेहरूको समुचित उपचारको व्यवस्था गर्नका लागि सरकारसित माग गर्दछ।

---

**२०६७/०२/१६**

ने.क.पा. (मसाल)को आजै बसेको पी.वी.को बैठकले संविधानसभाको अवधि थपिएको समेत बारे गरेको निर्णय बारे प्रकाश हाल्न निम्नलिखित वक्तव्य जारी गरिएको छ।

संविधानसभाले अन्तिम समयमा संविधानको निर्माणका लागि एक वर्षका लागि आफ्नो अवधि बढाउने निर्णय गरेको छ। ने.क.पा. (मसाल)ले त्यो निर्णयलाई स्वागत गर्दछ र थपिएको अवधिभित्र संविधानको निर्माण निश्चित हुनुपर्ने आवश्यकतामा जोड दिन्छ।

संविधानसभाको अवधिलाई बढाउने निर्णयलाई हाम्रो पार्टीले आलोचना र विरोध सहित स्वागत गरेको छ। सर्वप्रथमता तोकिएको समयमा संविधान नबनेकोमा हाम्रो गम्भीर प्रकारको आपत्ति छ। जुन परिस्थितिले तोकिएको समयभित्र संविधानको निर्माण भएन, ती कारण वा परिस्थिति कायम रहेमा थपिएको अवधिमा पनि संविधानको निर्माण नहुने सम्भावना रहने छ। त्यसकारण उक्त प्रश्नहरूमा गम्भीर हुन हाम्रो पार्टीले सम्बन्धित सवै पक्षहरूसित अपील गर्दछ। अन्यथा थपिएको एकवर्ष भित्र पनि संविधान नबन्ने सम्भावना रहने छ।

शान्ति प्रक्रिया र संविधान निर्माणमा सहमतिका आधारमा राष्ट्रिय सहमतिको सरकार गठनको सहमति प्रति पनि हाम्रो पार्टीको ध्यान आकर्षित भएको छ। प्रथमता प्रजातान्त्रिक र संवैधानिक विधिभन्दा बाहिर जोरजवर्जस्ती र दवावका आधारमा सरकारको गठन र विघटनको प्रक्रियालाई हाम्रो पार्टीले गलत मान्दछ। त्यस प्रकारको प्रक्रिया अपनाइयो भने देश संवैधानिक क्रमभंगता, राजनीतिक अस्थिरता र अराजकता तथा एक वा अर्को प्रकारको अधिनायकवादतिर जाने सम्भावना रहने छ। त्यस प्रकारको स्थितिमा जातिवादी र क्षेत्रीयतावादी गतिविधिहरू बढेर जाने तथा पृथकतावादी गतिविधि बढेर देशको राष्ट्रियता, सार्वभौमिकता वा अखण्डतामा गम्भीर आँच पुग्ने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न। त्यसैले देशमा त्यस्तो अवस्था उत्पन्न हुन नदिन सम्बन्धित सबै पक्षहरूले उच्च प्रकारको सतर्कता अपनाउनुपर्ने आवश्यकतामा हाम्रो पार्टीले विशेष जोड दिन्छ।

हाम्रो यो स्पष्ट मत रहँदै आएको छ कि शान्ति प्रक्रिया र संविधान निर्माणलाई सफल पार्न संविधानसभा र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरू, मुख्यत: माओवादी, एमाले र ने.का.को बीचमा सहमति आवश्यक छ। त्यसका लागि सर्वप्रथम तीन बुँदे सहमतिमा उल्लेख गरिए अनुसार, देशका अगाडि भएका जिम्मेवारी र कार्यहरू यथाशीघ्र पूरा गर्न सहमति कायम हुनुपर्ने आवश्यकता छ। त्यस प्रकारको सहमतिले राष्ट्रिय सरकारको गठनका लागि पूर्वाधार तयार पार्नेछ। तर सहमतिको राष्ट्रिय सरकारका नाममा माओवादी पक्षले आफ्नो नेतृत्वमा सरकार बाहेक अन्य कुनै सहमतिका लागि तयार नहुने वा संविधानको निर्माण हुन नदिने जुन नीति अपनाउँदै आएको छ, अब त्यो नीतिलाई दोहराएर शान्ति प्रक्रिया र संविधानको निर्माणमा बाधा पुराउने छैनन् भन्ने हामीले आशा गर्दछौं। उनीहरूले आफ्नो नेतृत्वमा सरकार बाहेक अन्य कुनै राष्ट्रिय सरकारको गठनलाई स्वीकार नगर्ने नीति अपनाए भने वास्तवमा त्यो सहमति नभएर आफ्नो शर्त अन्य पक्षहरूमाथि लाद्ने जोरजबर्जस्तीको नीति हुनेछ र त्यस प्रकारको नीतिले शान्ति प्रक्रिया र संविधानको निर्माणमा समेत बाधा पुराउने छ।

संविधानको निर्माणमा जोड दिने बेलामा संघीयता वा त्यससित जोडिएका जातीय राज्य, आत्मनिर्णयको अधिकार, पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेश, बहुराष्ट्रिय राज्य आदिका विरूद्ध संविधानसभा भित्र वा बाहिर पनि आफ्नो पहलकदमी वा अन्य पक्षहरूसित मिलेर

बाँकी १७ पेजमा

# नेपाल कम्युनिष्ट पार्टी (मसाल)

केन्द्रीय कार्यालय
Website : www.ncpmashal.org, www.cpnmashal.org
Email : ncpmashal@gmail.com

## वक्तव्य

नेपाल कम्युनिष्ट पार्टी (मसाल) को राष्ट्रिय भेला हालै सम्पन्न भयो । का. निर्मलको अध्यक्षता, का. विश्वासको सञ्चालन, का. अविरामको स्वागत भाषणपछि त्यो भेलाको पार्टीका महामन्त्री का. मोहनविक्रम सिंहद्वारा उद्घाटन गरिएको थियो । उद्घाटनपछि का. प्रवाहद्वारा सञ्चालन गरिएको बन्दशेसनको अध्यक्षता का. शदर सिंह, का. आजाद र का. हरिजनले गर्नुभएको थियो ।

भेलामा महामन्त्रीद्वारा तात्कालिक संगठनात्मक प्रस्ताव र तात्कालिक राजनीतिक प्रस्ताव तथा का. उमेशद्वारा वैधानिक साप्ताहिक सम्बन्धी प्रस्ताव प्रस्तुत गरिएको थियो । भेलामा कतिपय संगठनात्मक प्रश्नहरू बारे पनि विचार गरिएको थियो ।

भेलामा सर्वप्रथम संगठनात्मक प्रस्ताव माथि छलफल गरियो । त्यसमा १३ वटा ग्रुपहरू बनाएर ग्रुप छलफल भएको थियो । ग्रुप छलफलबाट आएका धेरैजसो सुझावहरूलाई केन्द्रीय समितिले स्वीकार गरेपछि त्यो प्रस्ताव भेलाद्वारा सर्वसम्मतरूपले स्वीकृत भएको थियो । त्यो संगठनात्मक प्रस्तावमा संगठनात्मक विस्तार योजना, पार्टी सुदृढीकरण कार्यक्रम, पार्टी स्कूल, अनुशासन, आर्थिक समस्या, पेशेवर कार्यकर्ताहरूको संरक्षण, पार्टटाइमर कार्यकर्ताको विकास, पार्टीमा पदोन्नतिको प्रणाली, सैद्धान्तिक कार्य र पार्टी प्रकाशन, पार्टी समर्थक वा जनवर्गीय संगठनहरूका कार्यकर्ताहरूमा जुझारूपनको विकास र आत्म सुरक्षाका लागि आवश्यक तयारी, वैधानिक मोर्चा र जनवर्गीय मोर्चाहरूको संगठन आदि बारे कैयौं निर्णयहरू गरिएका छन् । त्यो प्रस्तावमा पार्टीमा विद्यमान उदारतावाद र निम्नपुँजीवादी दृष्टिकोणले पार्टीको संगठन, अनुशासन वा आन्दोलनमा गम्भीर प्रकारले क्षति पुर्‍याएको विश्लेषण गर्दै त्यस प्रकारका कमजोरीहरूलाई सैद्धान्तिक र संगठनात्मक दुवै प्रकारले हल गर्न प्रयत्न गर्ने निर्णय पनि गरिएको छ ।

राजनीतिक प्रस्ताव बारे पनि १३ वटा ग्रुपहरूमा विस्तृत रूपले छलफलपछि ग्रुप छलफलबाट आएका कैयौं सुझावहरूलाई स्वीकार गरेपछि प्रस्तावको मूल ट्रेन्ड सर्वसम्मत रूपले पारित भएको थियो । त्यसरी सहमति हुन नसकेका कतिपय संशोधन प्रस्तावमा जनवादी तरिकाले बहुमतका आधारमा निर्णय गरिएको थियो । त्यो प्रस्तावमा देशका तात्कालिक समस्याहरू सम्बन्धी पार्टीको दृष्टिकोण र नीतिबारे कैयौं महत्वपूर्ण निर्णयहरू गरेको छ । अहिले देशमा राजनीतिले कुन दिशा र मोड लिने छ ? त्यो कुरा अनिश्चित भएको ठहर गर्दै त्यस प्रकारको अनिश्चयताको सीमाभित्र पनि देशका विभिन्न राजनीतिक प्रश्नहरूबारे पार्टीको नीति स्पष्ट गरिएको छ ।

हाम्रो पार्टीले अझै पनि २०६७ जेष्ठ १४ भित्र संविधान बन्नुपर्ने आवश्यकतामा जोड दिन्छ । तर त्यसबारे गम्भीर प्रकारको आशंका उत्पन्न भएको छ । जेष्ठ १४ गतेसम्म संविधान नबनेमा देशका प्रमुख राजनीतिक दलहरूको गैर-जिम्मेवार नीतिका कारणले नै त्यस्तो हुनेछ र त्यसका लागि मुख्य रूपले माओवादी नै जिम्मेवार भएको भेलाले ठहर गरेको छ ।

माओवादीहरूको नेतृत्वमा सरकार नबनेमा संविधान बन्न नदिने नीतिले संविधानको निर्माणमा बाधा पुर्‍याएको छ । एकातिर, जेष्ठ १४ गते संविधान बन्न नदिने, त्यो बेलासम्म संविधान नबने सडकबाट संविधान बनाउने, 'जनविद्रोह' गर्ने वा उनीहरूको नेतृत्वमा सरकार नबने संविधान बनाउन म्याद थप्न पनि नदिने जस्ता नीति अपनाएर उनीहरूले देशमा गम्भीर प्रकारको गत्यावरोध र राजनीतिक संकटको स्थितिको सृजना गर्दैछन् । त्यस प्रकारको नीतिबाट देशमा गम्भीर प्रकारको राजनीतिक अस्थिरता र अराजकताको स्थितिको सृजना हुने कुरा प्रष्ट छ । उनीहरूको त्यस प्रकारको नीतिबाट प्रतिगमन वा विभिन्न देशी र विदेशी शक्तिहरूलाई नै फाइदा पुग्नेछ । जुनसुकै कारण वा परिस्थितिमा भएपनि जेष्ठ १४ गतेसम्म संविधान नबनेमा वा संविधान बनाउने अवधिलाई बढाउने कुनै निर्णय गरिएमा त्यसका विरूद्ध हाम्रो पार्टीले देशव्यापी रूपमा आन्दोलन गर्ने निर्णय पनि भेलाले गरेको छ । देशमा घटनाक्रमको कुनरूपमा विकास हुनेछ ? त्यसबारे अहिले नै भविष्यवाणी गर्नु सम्भव छैन । देशको राजनीतिक स्थितिमा हुने परिवर्तन वा घटनाक्रम अनुसार पार्टीले आगामी नीति र कार्यक्रम निश्चित गर्दै जानेछ ।

शान्ति प्रक्रिया, संविधानको निर्माण, दण्डहीनताको अवस्थाको अन्त र शान्ति सुरक्षाको स्थापना गर्नका लागि सरकार असफल भएको छ । तर त्यसका लागि स्वयं सरकार होइन, माओवादीहरू नै बढी जिम्मेवार छन् । माओवादीहरू सरकारमा नभएपनि संविधानसभा भित्र र बाहिरको उनीहरूको स्थिति र उनीहरूसित भएको सैन्य शक्ति समेतका कारणले उनीहरूको सहयोग बिना शान्ति प्रक्रिया, संविधानको निर्माण वा दण्डहीनताको अन्त नहुने भएकाले सरकारको असफलताका पछाडि मूल रूपमा माओवादीहरूको गलत नीति वा कार्यप्रणालीले नै काम गरेको कुरा प्रष्ट छ । तर उक्त प्रश्नहरू बाहेक कतिपय प्रश्नहरूमा सरकारले कैयौं गलत नीतिहरू अपनाएको छ र त्यसका लागि सरकार नै जिम्मेवार भएको कुरा प्रष्ट छ । राष्ट्रिय सम्पत्तिलाई दलीय आधारमा दुरूपयोग, भ्रष्टाचार, बर्दिया काण्डमा सेनालाई बचाउने नीति, पञ्चेश्वर परियोजना, पासपोर्ट सम्बन्धी नीति आदि सरकारका गलत नीतिहरूका नै परिणाम हुन् । हाम्रो पार्टीले सरकारका त्यस प्रकारका नीति र कार्यहरूको लगातार

-- बाँकी पछाडि कभर भित्र

विरोध गर्दै आएको छ । वर्तमान सरकारमा भएका एमाले वा ने.का.का गलत नीति र कार्यप्रणालीले पनि देशमा काफी नोक्सान पुगेको छ । उनीहरूले माओवादीहरूप्रति अपनाउँदै आएका सम्झौतापरस्त र दब्बू नीति, उनीहरूको ढुलमूल, अवसरवादी र सम्झौतापरस्त नीतिहरूको लामो पृष्ठभूमि र चरित्र, सरकारमा गएपछि पनि उनीहरूले अपनाएका गलत नीतिहरूबाट पनि देशलाई सही दिशामा अगाडि बढ्नका लागि बाधा पुर्‍याउँदै आएको छ र हाम्रो पार्टीले उनीहरूका त्यस प्रकारका नीतिहरूको बारम्बार आलोचना गर्दै आएको छ । तर उक्त सबै कुराहरूका बाबजुद जुन कारणले हाम्रो पार्टीले एमालेको नेतृत्वमा बनेको सरकारलाई समर्थन गरेको थियो, ती कारणहरू अझै विद्यमान छन् । अहिलेको सरकारको अन्तपछि त्योभन्दा उपयुक्त सरकारको विकल्प अगाडि छैन । अहिले सरकारको विघटन भएमा माओवादीहरूको नेतृत्वमा सरकार बन्ने र जेष्ठ १४ भन्दा पहिले उनीहरूको नेतृत्वमा सरकार बनेमा उनीहरूले तुरुन्तै संविधानको निर्माणका लागि म्याद थप्ने, त्यसपछि लगातार त्यो अवधि बढाउँदै जाने र देशमा अधिनायकवादी प्रकारको प्रणाली कायम हुने नै बढी सम्भावना छ । उनीहरूको अहिलेसम्मको कार्यविधि र उनीहरूले अपनाएका नीतिहरूमाथि ध्यान दिंदा उनीहरूको नेतृत्वमा सरकार बनेमा त्यसबाट संविधानको निर्माणमा बाधा पुग्ने वा बनेपनि अधिनायकवादी प्रकारको संविधान बन्ने, देशमा संघीय शासनप्रणाली मात्र होइन, त्यस अन्तर्गत जातीय राज्य, आत्मनिर्णयको अधिकार वा बहुराष्ट्रिय राज्य जस्ता अवधारणाहरूलाई बल पुग्ने नै बढी सम्भावना छ । त्यसैले माओवादीहरूको वर्तमान नीति र कार्यप्रणालीमा सुधार नहुँदासम्म उनीहरूको नेतृत्वमा सरकारको गठन देश र जनताका हितमा नहुने कुरा प्रष्ट छ । त्यसैले वर्तमान सरकारको उपयुक्त विकल्प अगाडि नआउँदासम्म वर्तमान सरकारको विघटन भएमा त्यसबाट देशको राजनीतिमा सकारात्मक परिणाम नहुने नै बढी सम्भावना देखिन्छ । त्यसैले राष्ट्रिय भेलाले अहिलेको अवस्थामा वर्तमान सरकारलाई दिएको समर्थन कायम राख्ने निर्णय गरेको छ ।

माओवादीहरूको नीति र भूमिकाबाट देशलाई गम्भीर प्रकारको क्षति पुगिरहेको छ । उनीहरूको आफ्नो नेतृत्वमा सरकार नबनेमा संविधान बन्न नदिने, त्यसरी संविधानको निर्माण र गणतन्त्रको सुदृढीकरणमा पुर्‍याइरहेको बाधा, योजनावद्ध प्रकारले देशमा संवैधानिक संकटको स्थिति पैदा गर्न गरिरहेको प्रयत्न, संघीयता र त्यस अन्तर्गत जातीय राज्य, पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकार, बहुराष्ट्रिय राज्य आदिमा दिइरहेको जोड, राज्यको पुनर्संरचनाका सन्दर्भमा स्वतन्त्र न्यायपालिका र प्रतिपक्षको व्यवस्था समेतको विरोध गरेर राज्यलाई अधिनायकवादी स्वरूप दिने प्रयत्न, संघीयताको विरोध गर्ने शक्तिहरू माथि हिंसात्मक आक्रमणको नीति, सामाजिक फासिवादी प्रकारको कार्यशैली, स्थानीय निकायहरूको चुनावको विरोध, राजावादीहरूसितको मेलमिलापको नीति, हाम्रो पार्टीका समर्थक वा नजिकका मोर्चा र जनवर्गीय संगठनहरूका कार्यकर्ताहरू माथिको हिंसात्मक आक्रमणको नीति आदि कारणले माओवादीका विरूद्धको भण्डाफोर र संघर्षमा नै बढी जोड दिनु आजको राजनीतिक आवश्यकता भएको छ । देशमा जातिवादी नीति र गतिविधिहरूले पनि गम्भीर रूप धारणा गरेका छन् र तिनीहरूले पृथकतावादी रूप ग्रहण गर्दै गइरहेका छन् । तिनीहरूलाई प्रोत्साहित वा पथप्रदर्शन गर्ने काम पनि माओवादीहरूले गरिरहेका छन् । त्यो हाम्रो मित्रशक्ति भएपनि देशको राजनीतिमा त्यसले जुन प्रकारको घातक नीति अपनाएको छ र हाम्रो पार्टीमाथि शत्रुतापूर्ण व्यवहार गरिरहेको छ, त्यो अवस्थामा त्यसका विरुद्धको त्यस प्रकारको भण्डाफोर र संघर्षमा जोड दिनु हाम्रो वाध्यता भएको छ । तैपनि जुन हदसम्म त्यसको नीति र व्यवहारमा सुधार हुँदै गएमा, त्यसप्रति कार्यगत एकताको नीति अपनाउने हाम्रो प्रयत्न हुनेछ र हुनुपर्दछ ।

माओवादीहरूका विरूद्ध भण्डाफोर र संघर्षमा जोड दिने बेलामा भेलामा पारित प्रस्तावमा यो कुरा पनि प्रष्ट गरिएको छ कि तात्कालिक रूपमा माओवादीहरूबाट नै देशलाई सबैभन्दा बढी क्षति पुगिरहेको भएपनि त्योभन्दा महत्वपूर्ण पक्ष यो हो कि मधेशवादी र राजावादी शक्तिहरूका कारणले देशलाई बढी क्षति पुग्ने सम्भावना छ । मधेशवादीहरूका कारणले देशको अखण्डतामा गभीर आँच पुग्ने सम्भावना छ र राजावादीहरूका कारणले गणतन्त्र समाप्त हुने खतरा छ । त्यसैले त्यस प्रकारको पृष्ठभूमिमा, एकातिर, माओवादीहरूका विरूद्धको भण्डाफोर र संघर्षको नीतिलाई कायम राख्दै, अर्कातिर, उपरोक्त दुवै पक्षहरू, मधेशवादी र राजावादी शक्तिहरू, का विरूद्ध माओवादी समेत सबै देशभक्त र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरूको व्यापक एकता आवश्यक छ र त्यसरी देशको राष्ट्रियता, गणतन्त्रको रक्षा गर्नु सम्भव हुनेछ ।

भेलामा पारित राजनीतिक प्रस्तावमा तुरून्त स्थानीय निकायहरूको चुनाव, हिन्दू राज्यको अवधारणा र त्यसलाई हतियार बनाएर राजतन्त्रको पुनर्स्थापनाको प्रयत्नको विरोध, माओवादी लडाकूहरूलाई सीमित संख्यामा पनि नेपाली सेनामा सामेल गर्ने नीतिको विरोध, उनीहरूको व्यवस्थापन वा पुनर्स्थापनामा जोड, अनमिनको भूमिकाको विरोध गर्दै त्यसलाई छिटै देशबाट बाहिर पठाउनुपर्ने माग, नेपालको अस्थिर र तरल राजनीतिक स्थितिलाई आफ्ना स्वार्थहरूको पक्षमा उपयोग गर्न भारतीय विस्तारवाद, यूरोपेली युनियन र अमेरिकी साम्राज्यवादले गरिरहेका प्रयत्नहरूको विरोध आदि कुराहरूको उल्लेख गरिएको छ ।

राजनीतिक प्रस्तावमा संविधान सभा र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरू मुख्यत: माओवादी, एमाले र ने.का.का बीचको सहमति र सहकार्यद्वारा नै देशको तात्कालिक समस्याहरूको समाधान सम्भव छ भन्ने विश्वास प्रकट गरिएको छ । त्यस्तो सहमति र सहकार्य बन्न नसकेर देशमा संविधानको निर्माणमा बाधा पुग्ने समेत देशमा जुनसुकै प्रकारको अवाञ्छित स्थिति पैदा भएपनि त्यसको दृढतापूर्वक सामना गर्न तयार हुनुपर्ने आवश्यकतामा राजनीतिक प्रस्तावमा जोड दिएको छ । अन्तमा त्यो प्रस्तावमा यो विश्वास प्रकट गरिएको छ कि देशका विभिन्न राजनीतिक शक्तिहरूको गलत प्रकारको भूमिका वा विदेशी शक्तिहरूका षडयन्त्रकारी कारवाहीहरूका कारणले देशमा जुनसुकै प्रकारको कठिन, प्रतिकूल वा अराजकताको अवस्था उत्पन्न भएपनि अन्तमा जनताको नै विजय हुने छ र देश अग्रगमनको दिशामा अगाडि बढ्ने छ ।

मिति : २०६७ बैशाख १२ गते

मोहनविक्रम सिंह

*महामन्त्री*